विधाकेन्द्रित साहित्यिक पत्रिका

# वैजयन्ती



लघुकथा-अङ्क-६

९२

ISSN 2362-1117
Vaijayanti Nrs. 100.00

प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रियस्तरको (क) वर्गमा वर्गीकृत

# वैजयन्ती

वर्ष १७ अङ्क २ पूर्णाङ्क ९२ विधाकेन्द्रित साहित्यिक पत्रिका २०८१ असार-साउन

**संस्थापक**
वसन्तकुमार शर्म्मा 'नेपाल'

**संरक्षक**
राधादेवी शर्मा

**निर्देशक**
विनयकुमार शर्मा नेपाल

**प्रधान सम्पादक**
डा. रमेश शुभेच्छु

**सम्पादक**
यादव भट्टराई

**सहयोगी**
कमला नेपाल, भाभा शर्मा, आभा शर्मा, मातृका आचार्य, विभव नेपाल

**आवरण चित्र**
कुन्ती कोइराला

**प्रकाशक**
**शब्दार्थ प्रकाशन**
**चाबेल, काठमाडौँ**

**Shabdartha Prakashan**
Chabahil Ganeshthan, Kathmandu, Nepal
977-01-4497351 / 9841-496103
email : shabdarthaprakashan@gmail.com
nepal.vk@hotmail.com / nepal120@yahoo.com
web : http://nepalipublisher.com / http://shabdarthaprakashan.com

सूचना - वैजयन्तीमा प्रकाशित रचनाको सम्पूर्ण जिम्मेवार स्वयम् लेखक नै हुनेछन्।

# सम्पादकीय

● वैजयन्ती सधैं कुनै नयाँ विधाका रचना लिएर आउँछ। यस पटक लघुकथाहरू लिएर आएको छ। छोटो भईकन पनि कथाले भन्ने कथा भन्न सक्ने कथा लघुकथा हो। सैद्धान्तिक सन्दर्भमा उता पश्चिमी अङ्ग्रेजी साहित्यको अभ्यासलाई सम्झनु पर्छ। उनीहरूकामा सन् १८८० र १८९० को दशकमा आधुनिक लघुकथाको उदय भयो। उनीहरूले भन्ने गरेको लघुकथा हाम्रो कथा हो। उनीहरूले कथालाई सर्ट स्टोरी र कथा अभ्यासकै क्रममा मिनी स्टोरी, माइक्रो स्टोरी सर्ट सर्ट स्टोरीको विकास तिनैसर्ट स्टोरीका अभ्यासकै क्रममा गर्दै गए। त्यही विकासको प्रभावस्वरूप उनीहरूकामा सर्ट सर्ट स्टोरीको विकास भयो। पूर्वीय लोकपरम्परा र संस्कृत साहित्य परम्परामा रहेका वाक्धारा वा नीतिपरक, उपदेशपरक, धार्मिक कथाहरूमा पनि लघुआकारको कथा परम्परा देखिन्छ।

● सर्वेक्षणात्मक दृष्टिले हेर्दा आधुनिकतावाद र लघुकथा बीचको सम्बन्ध गाढा छ र यो आधुनिक साहित्य परम्परा र त्यसमा पनि अत्याधुनिक व्यस्त जीवनशैलीको माग स्वरूप लघुकथाको जन्म भएको हो भन्नु सान्दर्भिक हुन्छ। यस उपविधालाई आध्यानकै रूपमा चिन्नु र चिनाउनुपर्छ तर यसको आरम्भ र अन्त्य ज्यादै प्रभावकारी रहनुपर्ने अपेक्षा रहन्छ।

● विधागत कोणबाट भन्नुपर्दा कविता, आख्यान, नाटक, निबन्ध आदि साहित्यका विधा हुन्। यी विधाका थुप्रै प्रविधाहरू विकसित भइसकेका र हुने क्रममा छन्। त्यसै क्रममा लघुकथाको जन्म भएको छ र आजका मानिसका हात हातमा मोबाइल हुने छोटो समयमा केही साहित्य पढ्ने प्रयोजनलाई सघउने गरी लघुकथाको विकास भएको देखिन्छ। लघु विधाहरू समयको माग रहेछ। हिजो हवाइ पत्रिकामा प्रकाशन गर्न गजल र मुक्तकको माग हुन्थ्यो आज पत्रपत्रिकामा र अनलाइनमा थोरै समयमा सम्पादन गर्न सकिने र पाठकले पनि सीमित समयमा पढ्ने भएकाले लघुकथाको माग बढिरहेको छ। अब लघुकथाले प्रयोगबाट आख्यानको प्रविधाका आधारमा स्वीकृति पाइसकेको छ।

● वैजयन्तीलाई माया गरेर आफ्ना रचना उपलब्ध गराउनुहुने सम्पूर्ण स्रष्टाहरूमा वैजयन्ती परिवार हार्दिक आभार प्रकट गर्दछ। यसका साथै आगामी समयमा पनि सम्पूर्ण लेखक साहित्यकार एवं पाठकहरूबाट स्नेह, सद्भाव र सहयोग प्राप्त हुनेछ भन्नेमा हामी विश्वस्त छौँ।

● शब्दार्थ प्रकाशनको वेब साइडमा वैजयन्तीका सबै अङ्क '**डाउनलोड**' गर्न मिल्नेगरी राखिएका छन्।

अन्तर्वार्ता-१, हाइकु-१, पूर्वस्मृति-१, गीत-१, चाड/पर्व/संस्कृति-३, लघुउपन्यास-२, नाटक/एकाङ्की-३, विदेशयात्रा-३, मुक्तक-५, गजल-५, लघुकथा-५, स्वदेशयात्रा-४, राष्ट्रिय-व्यक्तित्व-५, कथा-८, संस्मरण-८, गद्यकविता-७, निबन्ध-८ समीक्षा-८, छन्दकविता-१३ ओटा अङ्कहरू निकालिसकेको

साहित्यिक पत्रिका **वैजयन्ती**को
९२ औं अङ्क **निबन्ध-अङ्क ९** हुनेछ।

# यस अङ्कमा


| क्रम | लघुकथा | पृष्ठ |
|---|---|---|
| १ बधशाला | अन्जु शर्मा थपलिया | ५ |
| २. कसको लागि ? | डा. अमर कार्की | ६ |
| ३. आत्महत्या | अमर त्यागी | ७ |
| ४. टेबुलमुन्तिर... | आत्माराम खरेल | ८ |
| ५. बाध्यता | इन्दिरा गौतम | ९ |
| ६. आदर | इन्द्रकुमार श्रेष्ठ सरित | १० |
| ७. सम्मान | उपेन्द्रप्रसाद खनाल | ११ |
| ८. यस्ता पनि सन्तान | उर्मिला पन्त पाण्डेय | १२ |
| ९. रेस्ट रुम | प्रा.डा. कपिल लामिछाने | १३ |
| १०. हाम्रो तिहार नि ! | कर्ण दयाल 'सोराडी' | १४ |
| ११. हुस्सू | कल्याण पन्त | १५ |
| १२. आशीर्वाद | किशन पौडेल | १६ |
| १३. गुड्डी | कुमुदप्रसाद शर्मा प्याकुरेल | १७ |
| १४. रङ्गीन संसार | डा. कुसुमाकर शर्मा गौतम | १८ |
| १५. धोका | कृष्ण बजगाईं | १९ |
| १६. एक एम्ब्यासडर | खेमराज पोखरेल | २० |
| १७. व्यापारिक कला | गङ्गा आचार्य सापकोटा | ५ |
| १८. प्रथम कविता | डा. घनश्याम न्यौपाने 'परिश्रमी' | २१ |
| १९. अदभूत आविष्कार | चूडामणि नेपाल 'अकिञ्चन' | २२ |
| २०. भ्रम | छविलाल खड्का | २३ |
| २१. समयको माग | जनार्दन दाहाल | २४ |
| २२. लोदर | जेबी खत्री | २५ |
| २३. बाबुआमाको माया | डिल्लीराज अर्याल | २३ |
| २४. गणतन्त्र | तुलसी पण्डित | २६ |
| २५. जीर्णोद्धार | तेजप्रकाश श्रेष्ठ | २७ |
| २६. जात | त्रिलोचन ढकाल | २८ |
| २७. सम्पत्ति | दिव्य गिरी | २९ |
| २८. बालहठ | देवराज कार्की 'मिलन' | ३० |
| २९. गर्भाधान | ध्रुवराज थापा 'पुरुष' | ३१ |
| ३०. पुरस्कार | नन्दलाल आचार्य | ३३ |
| ३१. ढुङ्गा | नर पल्लव | ३४ |
| ३२. राहत | नवराज रिजाल | ३५ |
| ३३. नन्दीराज्य | नवराज शर्मा | ३६ |
| ३४. सुपोषणको पुरस्कार ! | नारायण नेपाल | ३७ |
| ३५. देवता | निर्मला बराल | ३२ |
| ३६. मौका | नेत्रबहादुर श्रेष्ठ | ३८ |
| ३७. फेरिएको मुक्ति | पीपी कोइराला | ३८ |
| ३८. असल छोरी ज्वाइँ | पुष्कर अथक रेग्मी | ९ |
| ३९. अभ्यास | प्रकाशप्रसाद उपाध्याय | ३९ |
| ४०. अन्तर | प्रदीप सापकोटा | ४० |

| | | |
|---|---|---|
| ४१. श्रद्धाले जोडिएको हात | प्रमोद नेपाल | ४१ |
| ४२. समानता | बाँस्कोटा धनञ्जय | ४२ |
| ४३. जवाफ | बाबुराम न्यौपाने 'उत्स' | ४३ |
| ४४. समाजसेवाको ढोँग | बी.पी. सेढाई | ४४ |
| ४५. कर्म | भाभा शर्मा | ४६ |
| ४६. बाबुछोरा | मधुसूदनप्रसाद धिमिरे | ४८ |
| ४७. छाया र सारथी | महेश प्रसाई | ४५ |
| ४८. हत्कडी | मुना धिताल अर्याल | ४७ |
| ४९. परम्परागत बिहे | मुरारीराज मिश्र | ४९ |
| ५०. न्याय | म्यामराज राई | ५० |
| ५१. मास्क | रचना शर्मा | ७ |
| ५२. मनभोगको स्वाद | रञ्जु खनाल | ५१ |
| ५३. विभिषिका | रञ्जुश्री पराजुली | ५२ |
| ५४. एकादेशको कथा | रत्न प्रजापति | ५३ |
| ५५. हेलमेट खोई ? | रमेश प्रभात | ५४ |
| ५६. सहकारी अङ्कल | डा. रमेश शुभेच्छु | ५५ |
| ५७. नारा | राजु क्षत्री 'अपुरो' | ५७ |
| ५८. खनाल थरघरको दौरा | राजेन्द्रकुमार आचार्य | ५८ |
| ५९. कोरोनाको जय | रामकुमार पण्डित | ५९ |
| ६०. जुठेकी छोरी | रामकुमार श्रेष्ठ 'फुच्चे' | ५७ |
| ६१. हँस्यौली | रासा | ६० |
| ६२. एकलाख रुपियाँ | रेवतीरमण सापकोटा | ६१ |
| ६३. पिरलो | रोशन पराजुली | ६२ |
| ६४. आशा | लक्ष्मण अर्याल | ६३ |
| ६५. पर्यामैत्री मेयर | लक्ष्मण थापा | ६३ |
| ६६. आत्मसमर्पण | लक्ष्मी रिजाल | ६४ |
| ६७. विश्वासघात | लक्ष्मी श्रेष्ठ 'रेशमी' | ६५ |
| ६८. त्रिशक्ति | लता के. सी. | ६६ |
| ६९. अर्तीराम | ललिता 'दोषी' | ६७ |
| ७०. साहित्यको विकास | लीलाराज दाहाल | ६८ |
| ७१. बलिको बोको | वसन्त अनुभव | ६९ |
| ७२. दृष्टिदोष | विकल त्यागी | ७० |
| ७३. परिवर्तनको चस्का | विनयकुमार शर्मा नेपाल | ७१ |
| ७४. लोकतन्त्र | विनोद नेपाल | ५६ |
| ७५. मेयर | डा. विश्वदीप अधिकारी | ७३ |
| ७६. रित्तो भाग्य | विश्वराज अधिकारी | ६९ |
| ७७. चस्मा | शान्ति नेउपाने | ७४ |
| ७८. शोभा | शुक्रराज कुँवर | ७५ |
| ७९. सम्मान | डा. श्यामप्रसाद न्यौपाने | ७६ |
| ८०. खुसी | सुनिता निरौला पौडेल | ७७ |
| ८१. टाटु युग | सुन्दर खड्का | ७८ |
| ८२. मोहजाल | सुशीला देउजा | ७९ |
| ८३. वैतरणी | स्वस्तिका सिम्खडा | ८० |

**पुछारको पातो : लघुकथामा मानकको धर्को – लक्ष्मण अर्याल** **८१**



## बधशाला

अन्जु शर्मा थपलिया

'ऐय्या ! मरे नि....! कपुत सन्तान जन्मनुभन्दा कोख बाँझो भएको जाती। नजिकैबाट नमीठो चिच्याहट बाहिर आयो।

म हतारिँदै त्यतातिर दौडेँ। केही फेटा गुथेका मान्छेहरू झगडा गर्दै थिए।

एउटा भन्थ्यो– 'हाम्रो समान सहभागिता हो। मलाई रक्ति खोइ ?'

अर्को भन्दै थियो– 'मलाई फिला खोइ ?'

हात हालाहालको स्थिति थियो। म हेरिरहेको थिएँ।

आकाशवाणी भयो। काटिएको मासु भन्दै थियो- 'मलाई दुःख नदेओ। म तिमीहरूलाई श्राप दिन्छु। तिमीहरूले पनि यही ठाउँमा काटिनु परोस्।'

खलखल पसिनाले जीउ लफक्कै भिजेछ। घडी हेरेँ रातको बाह्रमात्र बजेको रहेछ। मैले चारैतिर हेरेँ। उफ् ! म त सिंहदरबारको बधशालामा पो रहेछु।

रातो पुल, काठमाडौं।

–_–



## व्यापारिक कला

गङ्गा आचार्य सापकोटा

तरकारी बेच्न उसलाई भ्याइनभ्याई थियो। अरू पसलमा मूल्य के कति छ बुझ्दै नबुझी ग्राहकहरू उसकै पसलमा ओइरो लाग्थे। तरकारी जोखेपछि अलिकति हरियो खुर्सानी र धनियाँ उसले सित्तैँमा दिन्थ्यो। ग्राहकहरू मख्ख पर्दै फर्किन्थे।

यो दृश्य देखिरहेकी व्यापारीकी छोरीले एकदिन सोधी- 'यति महँगो खुर्सानी, धनियाँ सित्तैमा दिँदा घाटा लाग्दैन बाबा ?'

ऊ मुसुक्क हाँस्दै छोरीको कानमा खुसुक्क फुस्फुसायो- 'त्यसको मूल्य अरू तरकारीबाट असुल्छु नि त !'

–_–



# कसको लागि ?

**डा. अमर कार्की**

आज हजुरबाको बर्थ डे हो नि ।'

'यो बूढेसकालमा के बर्थडे सर्थडे, खुरुक्क स्कूल जाने त्याँ । 'यस्तै गलफती गरिरहेका थिए रामचन्द्रका बाबुछोरा भान्सामा । भात पस्कँदै रामचन्द्रकी श्रीमतीले भनी- 'बाको चरेसको थाल साह्रै थोत्रो भो एउटा नयाँ किनेर ल्याउनु है अफिसबाट फर्कंदा ।' रामचन्द्र केही बोलेन । भात निल्न गाह्रो भएछ क्यारे बूढाले किक्क किक्क गर्दै भने- 'बुहारी साह्रै खस्रो भो । एक पित्को घिउ हालिदेऊ त ।'

'घिउ त छैन बा, चरु बनाउँदा सकियो । अलिकति लाखबत्ती बाल्न जोगाएर राखेकी छु । पानीसँग निल्नु न ।' बुहारीको मनसाय बुझेर उनी दुई चार गाँस सकेको निलेर बाहिर गए । भात खाएर रामचन्द्र अफिसतिर हिँड्न लागेको थियो । बाहिर घाम तापिरहेका बूढाले भने- 'ए बाबु मेरो खाट त साह्रै चुइँचुइँ गर्न थालेको छ । फेर्न पर्लाजस्तो छ अनि यो काठको मेच पनि नातिले ठोकठाक पारेर मर्मत गरिदिएको थियो अब त नटिक्ने नै भयो । साह्रै नै मक्किएछ ।'

'म हेर्छु बा ।' भन्दै रामचन्द्र हिँड्यो । भोलिपल्ट ससुराको माया लागेर होला बुहारीले पल्लोघरे माइली दिदीसँग एक कचौरा घिउ पैँचो मागी- 'कहाँ बहिनी चोख्यान हाल्न मात्र ठिक्क छ । तिम्रा ससुरालाई खुवाउन पुग्ने त छैन ।' छिमेकी दिदीले घिउ दिन इन्कार गरिन् । दिन, हप्ता हुँदै महिना बित्यो । न नयाँ थाल आयो, न खाट, न मेच नै आयो । बूढाले ऐय्या आत्था गर्दै केही वर्ष त्यसैमा गुजारे र यो संसारबाट बिदा लिए ।

आज बाबुको तेह्रौं दिनको कार्य सम्पन्न हुँदै थियो । बाबुको नाममा दान गर्न रामचन्द्रले नयाँ खाट, नयाँ मेच, भाँडाकुडा र लुगा फाटासहित सबै जोडेको थियो । रामचन्द्र पिण्ड बटार्दै थिए, श्रीमतीले जोगाएर राखेको घिउको डब्बा नै अघिल्तिर ल्याएर राखिदिएकी थिई । पल्लाघरे माइली दिदी कराइन्- 'के लोभ गरेको हो त्यस्तो, हेर पिण्ड खस्रो भाको ! पख म मेरो घरबाट घिउ ल्याउँछु ।' यति भनेर उनी जुरुक्क उठिन् र घरतिर लागिन् । बिहानैदेखिको क्रियाकलाप नियालिरहेको रामचन्द्रका छोराले सोध्यो- 'यी सबै नयाँ सामानहरू कसको लागि बा ?'

रामचन्द्रले गर्वसाथ भन्यो- 'तेरो हजुरबाको लागि ।'

ललितपुर, हाल फ्लोरिडा, अमेरिका ।

--



## आत्महत्या

**अमर त्यागी**

जीवनमा मैले अनेक असफलता भोगेँ, अनेक प्रताडना भोगेँ, अनेक घृणा भोगेँ, अनेक अवहेलना भोगेँ, अनेक बेवास्ता भोगेँ । एक्लोपन भोगेँ, विरक्ति भोगेँ, अन्तमा भोगाइबाट यति मर्माहत भएँ कि मलाई यसरी पलपल मरेर बाँच्नुभन्दा एकैचोटि मर्नु नै निको लाग्यो । अब मैले आत्महत्या गर्ने निर्णय गरेँ ।

आत्महत्या गर्न विषको बोतल खोलेर पिउनै लाग्दा एक्कासि मैले आफ्ना अपूरा चाहनाहरू सम्झेँ, कर्महरू सम्झेँ, कर्तव्यहरू सम्झेँ, जिम्मेवारीहरू सम्झेँ, योजनाहरू सम्झेँ । एक्कासि आफूलाई नामर्द लाग्यो र आफैप्रति झनन्न रिस पनि उठ्यो । अब मैले आत्महत्या गर्ने निर्णय त्यागिदिएँ ।

त्यसपछि मैले असफलता, प्रताडना, घृणा, अवहेलना, बेवास्ता, एक्लोपन र विरक्ति सबैलाई चटक्कै बिर्सिदिएँ । आफ्ना चाहना, कर्म, कर्तव्य, जिम्मेवारी र योजनाहरूमा एकाग्र भएर लागेँ, लागिरहेँ । विघ्नहरूसँग जुधेँ, जुधिरहेँ । अहिले सफलता, सद्भाव, प्रेम, हार्दिकता, अपनत्व सबै मेरा साथमा छन् र आत्महत्याले धोका पाएर आफैले आत्महत्या गरिसकेको छ ।

–_–



## मास्क

**रचना शर्मा**

'अफिस जान ढीलो भएन र ? खाना पस्किसकेँ !' प्रेमबहादुर मोबाइलमै झुन्डिरहेको देखेर श्रीमतीले कड्किँदै भनिन् ।

छिटोछिटो खाना खाए झुन्ड्याएको मास्क लगाउँदै प्रेमबहादुर सिँढीबाट ओर्लिए । त्यसपछि हतारमा मोटरसाइकल स्टार्ट गर्दै ऐनामा अनुहार हेरे । मास्कमा लत्पतिएको लिपिस्टिक रहेछ र श्रीमतीलाई त्यहीबाट चिच्चाए- 'गीता.. ! मैले त हतारमा तिम्रो मास्क पो ल्याएँछु । टेबलतिर होला मेरो मास्क । ल्याइदेऊ त !'

'त्यो नीलो मास्क हजुरकै हो । मेरो गुलाबी रङको यहीँ छ यी हेर्नुस् त !' श्रीमतीले बरन्डाबाट मास्क देखाउँदै भनिन् ।

अनायास हिजो अफिस छुट्टी भएपछि भेट्न आएकी दिलमायालाई सम्झेर उनी झसङ्ग भए । त्यसपछि उनले आत्तिँदै मास्क फर्काएर लगाए र अफिसतिर हुइँकिए ।

–_–



# टेबुलमुन्तिरका देउता

**आत्माराम खरेल**

ऊ टेबुलमुन्तिरका देउता पुजिरहेको छ । देख्नेहरू कानेखुसी गरिरहेका छन् । एउटाले अलिक दबेको स्वरमा भन्यो- 'देउता त टेबुलमाथि पो राख्नुपर्थ्यो, के सनक चल्या हो कुन्नि ... !' पुजक आफ्नो सुरमा पूजा गर्छन्, भेटी चढाउँछन्, ढोग्छन्, आशीर्वाद माग्छन् र उठ्छन् ।

भीडबाट जिज्ञासा आउँछ- 'देउता त टेबुलमुनि पो राख्नुभएछ ?'

पुजक मुस्कुराउँदै भन्छन्- 'यो कलियुगमा देउताले वास गर्ने माथि-माथिका ठाउँ त विकासे गतिविधिले ओगटिसकेका छन् ।'

दर्शक- 'देउता राख्ने खोपाजत्रो ठाउँ पनि फेला परेन ?'

पुजकले हाँस्दै भने- 'फेला परेर मात्र हुन्न नि ! आजकल तथास्तु भन्दै आशीर्वाद दिने देउता कि- 'अन्डर टेबुल'मा हुन्छन् कि 'अन्डरवर्ल्ड'मा हुन्छन् ।'

काठमाडौं ।

--



# असल छोरी ज्वाइँ

**पुष्कर अथक रेग्मी**

अञ्जुको माइती सम्भ्रान्त परिवारका थिए । दाजुभाइ छुट्टी भिन्न भई अलग-अलग बसेपछि आमालाई राम्रो रेखदेख गर्ने कोही भएन । अञ्जुले आमालाई आफ्नै नयाँ घरमा ल्याएर राखिन् । अञ्जु समाजसेवी महिला नेतृ हुन, उनका श्रीमान् अमरले कलेज पढाउँछन् ।

छोरी साक्षात् देवी हुन्, ज्वाइँ आँखामा राखे पनि नबिझाउने भगवान् रहेछन् भनी सबैले उनीहरूको तारिफ गर्छन् । अञ्जु र अमर असल छोरी ज्वाइँ हुन् भनी छिमेकीहरूले उदाहरण दिन्छन् तर एकदिन गाउँबाटआएका कुरौटे काकाले प्याच्चै भने- 'उनीहरू असल छोरी ज्वाइँ त हुन् तर असल छोरा बुहारी भने होइनन् ।'

'किन ?' एक छिमेकीले जिज्ञासा राखे ।

'अमरको आफ्नै आमा वृद्धाश्रममा बसेकी छन् ।'

कुरौटे काकाको कुरा सुनी छिमेकीहरू वाल्ल परे !

पाल्पा ।

--



# बाध्यता

**इन्दिरा गौतम**

एकाबिहानै महाजन बाको घरमा हल्लीखल्ली सुनियो । एकछिन चुपचाप घरबाट सुनें तर हल्ला झन् झन् बढ्दै गयो ।' माथिल्लाघरे तल्लाघरे सबै भेला भइसकेका छन् । कस्तो कानमा तेल हालेर बस्न सकेका !' बूढी पाकघरबाट च्याँठिइन् ।

'कुरा नबुझी कता कुद्ने ?' मैले बिस्तारै भनें ।

'भर अभर पर्‍यो होला । करेसो जोडिएर बसेपछि दुःख पर्दा पनि पान सुपारी दिनुपर्छ र ?' उनी झन् झन् रुखो बोलिन् ।

मैले जवाफ फर्काउन नपाउँदै हातका कामहरू जिउका तिउँ छोडेर बिजुली गतिमा तलतिर झरिन् । म जाउँ-नजाउँ गर्दै लोते पाराले आफ्नै घरभित्रै पसें । ढीलो जाँदा छिमेकीको नातामा प्रश्न चिन्ह खडा होला छिटो पुगे कहिलेकाहीँ पुलिसलाई कैफियत पनि दिनुपर्ला । जमानत बस्नु पर्छ । अघिल्लो वर्ष विनाबित्थाको छिमेकीको झगडामा दुई दिन थुनामा परेको थिएँ । त्यत्तिकैमा उनी कुद्दै घरतिर आइन् । मेरो हंसले ठाउँ छोड्यो । मनमा अनेकौं कुरा खेले ।

'के भयो ? घटना घट्यो कि क्या हो छिटो भन त ?' हतारमा बोलें ।

उनले मलाई तान्दै भित्र लगिन् । ओच्छ्यानमा सुत्न लगाएर सिरक ओढाएर बाहिर हेरिन् । मलाई उकुसमुकुस भएर आयो- 'अरे बाबा के गरेको यस्तो ?'

कसैले नसुन्ने गरी भनिन् 'महाजन बाको भोटाङे कुकुर मरेछ ।'

'मर्‍यो त मरोस्, म किन बेला न कुबेला सुत्नु ?'

'अस्ति मलाई टोक्न झम्टिँदा उल्टै मलाई नै कुरा सुनाएका थिए- 'कस्तो थाङ्ने-माङ्नेजस्तै भएर आएकी भनेर ? अहिले मरेपछि पुर्ने मान्छे चाहियो रे ! बूढा हिजोदेखि ज्वरो आएर सारै भएर सुतेका छन् भनेर ढाँटिदिएँ । उनले हाँक लगाएर भनिन् ।

उनको काखीमुनि च्यातिएको चोलीले मलाई गिज्याइरहेको थियो । हिजो अस्ति नदेखेको जस्तो गर्थे, चिथ्रा-चिथ्रा परेको गुन्युले भुइँ छोएको थियो । पुसको ठिहीमा फुटेका आफ्नै कुर्कुच्चाले चस्स घोच्यो अनि सिरक फ्याँक्दै भनें- 'दुई घण्टाको मजदुरीमा एक दिनको ज्याला त पाक्ने रै'छ । खै ! कोदालो कता छ ?'

ओदालगुडी, असम

--



# आदर

**इन्द्रकुमार श्रेष्ठ सरित्**

राजेन्द्रमान चञ्चल अस्पताल भर्ना भएको खबर थाहा पाउनेबित्तिकै मधुकर सहज दौडेरै अस्पताल पुग्यो । प्रेसर बढेर चञ्चल ढलेपछि छिमेकीले अस्पताल पुऱ्याएका रहेछन् । दुई दिनसम्म मधुकरले चञ्चलको सेवासुश्रुषा गऱ्यो र डिस्चार्ज भएपछि घर लिएर आयो । दुई तीन दिनसम्म बिहान बेलुका उसले घरबाट खाना पनि पुऱ्याइदियो ।

स्वाभिमानी स्वभावका पुराना लेखक चञ्चलप्रति मधुकरको मनमा श्रद्धाभाव थियो । दुवैजना साहित्यकार र छिमेकी पनि भएको नाताले एकअर्काप्रति दुवैको आत्मीयता थियो । छोराछोरी विदेशमा रमाइरहेकाले नेपालमा एक्लो चञ्चललाई मधुकरले आदर गर्ने मात्र होइन उनलाई सघाउपघाउ पनि गर्थ्यो । प्रकाशनका लागि रचना पुऱ्याइदिने, साँझ बिहान केही आवश्यक पऱ्यो भने सघाउने कार्यमा ऊ अघि नै हुन्थ्यो । मधुकरले पनि नेपाली साहित्यमा दुई दशकजति बिताइसकेको थियो भने कथा र कविताका गरेर उसका आधा दर्जनजति कृति प्रकाशित भइसकेका थिए ।

'दाइ अहिले हजुरलाई कस्तो छ ?' चिया पिउँदै मधुकरले सोध्यो– 'दाइ एउटा राम्रो कविता दिनुहोस्, समर्पण पत्रिकाले कविता विशेषाङ्क निकाल्दै रहेछ । म लगेर दिन्छु ।'

'हुन्छ नि, मधुकरजी । तपाईं नभए मलाई कसले सहयोग गर्थ्यो होला र ?' चञ्चलले एउटा कविता ल्याएर दिए । मधुकर जाने बित्तिकै चञ्चललाई नेपाली साहित्य संस्थाका अध्यक्ष त्रिलोकरामको फोन आयो ।

'नमस्कार त्रिलोकरामजी, स्रष्टाहरूलाई पुरस्कृत गर्नका लागि मेरो राय माग्नुभएकोमा धन्यवाद । तपाईंले नाम लिनुभएको सबै स्रष्टाहरूको नामप्रति मेरो पूर्ण समर्थन छ तर मधुकर सहजको नाममा चाहिँ मेरो चित्त बुझेन है । ऊ अहिले बालखा नै छ । बरु उसको सट्टामा मेरो नाम पो पारित गर्ने हो कि ? त्रिलोकराजजी..........हि.......हि........ है त त्रिलोकराम जी, नमस्कार ।'

काठमाडौं ।

–_–



## सम्मान

**उपेन्द्रप्रसाद खनाल**

ऐनबहादुर पढाइमा कमजोर भए तापनि छलकपट गर्नमा भने सानै उमेरदेखि नै माहिर थियो । ऊ ठूलाबडाहरूलाई हात लिन सिपालु र पार्टीका नेताको हनुमान भनेर पनि समाजमा चिनिन्थ्यो । यता घरको हरेक अवस्था कमजोर रहेको उसको छिमेकी बालसखा गणेश पढाइ-लेखाइमा तेज र मिहिनेती थियो । ऊ कलेजको पढाइपश्चात् सेवा आयोग उतीर्ण गरी सरकारी जागिरे बनेको थियो । जागिरमा स्वच्छता र इमानदारीको पर्याय बनेको गणेशलाई, कसैलाई दुःख नदिई छिटो काम गरिदिएवापत टेबुल मुनिबाट उपहारको प्रस्ताव पटकपटक नआएको कहाँ हो र ? तर यस्ता कुरासँग ऊ सधैं टाढा रहन पनपराउँथ्यो ।

ऐनबहादुरका बाबु-आमा आफ्नो छोराले धेरै नपढे पनि समाजमा धेरैजसोले चिनेको र काठमाडौंमा घर-जग्गा, गाडीलगायतका सम्पत्ति जोडन सफल भएकोमा गाउँमा छाती फुलाउँदै हिँड्थे । गणेशका बाबुआमा भने आफ्नो छोरा ठुलै ओहदावाल सरकारी कर्मचारी भएर पनि कहिल्यै उन्नति गर्न नसकेको र उसले सधैं डेरामै गुजारा गरेको देख्दा खिन्न र असन्तुष्ट देखिन्थे ।

एकदिन बिहानै पत्रिकामा समाचार निस्कियो 'सरकारी किर्ते र गैरकानुनी काम गरी अकुत सम्पत्ति आर्जन गरेको आरोपमा ऐनबहादुर अख्तियारद्वारा पक्राउ ।' त्यसै पत्रिकाको मुखपृष्ठमा अर्को समाचार थियो 'इमानदारीपूर्वक रास्ट्रसेवा गरेवापत पाँचलाखको निजामती पुरस्कार तथा राष्ट्रसेवा पदक सम्मानद्वारा उपसचिव गणेश राष्ट्रपतिबाट सम्मानित ।

मनमैजु, काठमाडौं ।

--

**अब हाम्रो पालो**
निबन्ध, गीत, स्वअन्तर्वार्ता आदि अङ्क ।

# यस्ता पनि सन्तान

**उर्मिला पन्त पाण्डेय**

यो संसाार पनि गज्जबको लाग्छ । मानिस जन्मन्छन् आआफ्नो सामाजिक र पारिवारिक संस्कारअनुसार हुर्कन्छन् र पारिवारिक बन्धनमा बाँधिन्छन् । बिहेवारीपछि आफ्नो भन्दा सन्तानको मायामा भुलेर तिनकै स्यहारसुसार गर्दै मायामा अल्झेर आमाबाबुले आफ्नो सबै सुखदुःख बिर्सेर सन्तालाई सुख सुविधा दिएर रातको निन्द्रा र दिनको भोकको परवाह नगरी बढाउँछन् तर ...तिनै सन्तानले आफू सक्षम भएपछि आमाबाबुलाई बोझ सम्झेर आआफ्नो बाटो लाग्ने कुनै कुनै अबुझ सन्तान पनि हुँदा रहेछन् । आफू त सधैं अजम्बरी नै हुन्छु कि भन्ने अभिमानी ।

यस्तै किसिमका एक परिवारको सत्य घटनामा सुनेको र देखेकोमा मलाई अहिले पनि सम्झना आउँछ । एक मध्यम हुनेखाने परिवारका दम्पतीले आफ्ना छोरा छोरीलाई कुनै भेदभाव नगरी शिक्षा दीक्षा दिने धेरै प्रयास गरेर पढाए लेखाए । आफ्नो भएको जायजेथा सबै सके । आफ्ना छोराछोरी सक्षम भएपछि सुखको दिन आउने आशामा, तर सबै छोराछोरी उत्तिकै त सक्षम हुन सकेनन् । कुनै एक दुई छोराछोरी मात्र सफल बन्न सके तर पनि सबैले आआफ्नो गुजारा गर्दै रहे । आमाबाबुको लागि भने ती सन्तान नभएकै बराबरीका भए ।

छोरी त दान गरेर दिने जात विवाहपश्चात् आफ्नै संसारमा भए तापनि आमाबाबुलाई आफ्नै घरमा आश्रय दिएर सक्दो सेवा गरिन् तर....सक्षम भनाउँदा छोराले पनि उनीहरूलाई पटक्कै हेरेन र आखिर बूढाबूढीलाई ससुरालीले पाल्नु पर्नेसम्मको अवस्था आयो ।

एक दिन बाटोमा हिंड्दै जाँदा छाडा गाईले हानेर लडेकी आमाको हात भाँच्चिएको अवस्था थियो तैपनि विधिको विधान सहनै पर्ने रहेछ त्यसै समयमा बूढाको देहान्त भयो । जसोतसो लोकलाजले बाबुको काज किरियामा आमालगायत सबै छोराहरू एकै स्थानमा बसेका थिए । त्यस्तो दुःखद पलमा पनि एउटा मूर्ख छोराले आफूलाई त अजम्बरी ठानेर हो कि खै के सम्झेर हो प्वाक्क भन्यो- 'ओहो ! किरिया बस्न त साह्रै गारो पो हुँदो रै'छ है ! बरु आमाबुवा एकै पटक गएको भए सजिलो हुन्थ्यो होला ।'

ज्ञानेश्वर, काठमाडौं ।

-_-



# रेस्ट रुम

**प्रा.डा. कपिल लामिछाने**

रात्रि बस घचक्क रोकियो । बसभित्रको बत्ती बल्यो । सहचालकले भन्यो- 'ल पाँच मिनेट ।' केही यात्रुहरू उठ्दै आँखा मिच्दै बसबाट ओर्ले । पिसाबले च्यापेकाले म पनि ओर्लें ।

बस राजमार्ग छेउको ठूलो होटेलको अगाडि रोकिएको रहेछ । झलल्ल बत्ती बलेको थियो । एक छेउमा 'रेस्ट रुम' लेखेको देखें र त्यतै लागें । लहरै पाँचवटा ढोका अर्थात् शौचालय थिए । बाहिर महिला पुरुष केही लेखिएको थिएन । मानिसहरू ढोकादेखि थोरै टाढै लाम लागेका रहेछन् ।

अलमल गर्दै म पनि लाइनमा अलिक पछि नै उभिएँ । मलाई बढी अत्याएको थियो ।

'म पहिला जान्छु ।' लाइनमै बसेकी एक महिला लाइनको अझ अगाडि पुगिन् । अर्को लाइनकी एक महिलाले पनि त्यसै गरिन् ।

'भएन ?' एकजना महिला कराइन् । भित्रबाट कुनै आवाज आएन ।

मैले यताउति हेरें । कतै यसो छेउ लागेर काम चलाउने ठाउँ देखिनँ । मलाई पनि अत्याइरहेको थियो ।'पाँच मिनेट' सकिन लाग्यो ।

लाइनमा उभिएकाहरू- 'मलाई अत्यायो' भन्दै लाइनको अगाडि गए । उभिने क्रम हरेक लाइनमा भइरह्यो ।

पछाडिकीले अगाडिकीलाई भनी- 'ए ! ढोकामा नक गर् न ।'

'आबुई !' अगाडिकी महिला बोलिन् ।

भित्र कुनै चाइँचुइँ, धारा खोलेको आवाज या अन्य कुनै आवाज आइरहेको जस्तो लागेन । मलाई झन् जोडले अत्याइरहेको थियो । म लाइनसाइन छाडेर एउटा ढोकैमा पुगें । कान थापें । अहँ, कुनै चालचुल थिएन । ढोकामा टकटक पारें । केही सुनिएन । अरू सबैको ध्यान मतिरै थियो ।

मैले बिस्तारै ढोका घचेटें । ढोका खुल्यो ।

'ए कोही रैन'छ, छ्या !' मैले भनें ।

सबै हाँसे र ढोका खोलेर भित्र पसें ।

भैरहवा ।

-_-



# हाम्रो तिहार नि !

**कर्ण दयाल 'सोराडी'**

'विगतका वर्षहरूमा त तिहारको बेला अरू केही नभए पनि आफ्नै घरमा तीतो मीठो खान पाइन्थ्यो। त्यो पनि यस वर्षको बाढी पहिरोले बगाएर लग्यो। अब अर्काको घरमा अरूलाई अप्ठयारो गरेर कतिसम्म बस्ने ? स्यानीका बा ! केही उपाय खोज,' हरमललाई उसकी बूढीले भनिन्।

'यस्तो विपतमा कसले हेर्छ ? कसलाई गएर सहयोग माग्ने। फोटा खिचेर लगेकै छन् सबैले। कागज पत्र बनएकै छन्। केही दिन यस्तै काटौं।' हरमलले जवाफ फर्कायो।

उनकी बूढीले फेरि भनिन्- 'त्यसै दिन काटेर कति बस्ने ? पाल टाँगेर भए पनि आफ्नै आँगनमा तिहार बनाउन पाए हुन्थ्यो। अस्तिसम्म कोही हामी पालिकाबाट आएका भन्थे, कोही हामी रेडक्रस र कोही हामी विपत व्यवस्थापनवाला हौं भन्थे तर हेरेर मात्र गए। त्यसपछाडि कोही फर्केनन्। एक चोटि तिनीहरू कहाँ गएर भन्नु पऱ्यो स्यानीका बा हजुरले। केही राहत सहयोग पाइन्छ कि ?'

हरमललाई बूढीको सल्लाह ठिकै लाग्यो। उनी सबै कार्यालयहरूमा गए तर कुनै पनि कार्यालयमा न हाकिम भेटे न त लेखापाल। उनीहरू तिहार मनाउन घर गइसकेका भन्ने जानकारी पाएपछि हरमल घरतिर फर्के।

कहीं कतैबाट राहत सहयोग पाएको जस्तो नदेखेपछि उनकी बूढीले निरास भएर आफ्नो बूढालाई सोधिन्- 'कहीं कसैबाट पनि सहयोग भएन ?'

हरमलले भने- 'अहँ भएन। हाकिम लेखापाल सबै तिहार मनाउन घर गएका छन्। हामीलाई तिहार सकिएपछि आउनु भनेको छ।'

आँखाभरि आँसु भरेर हरमल कि बूढीले भनिन्- 'उनीहरू त तिहार मनाउन घर गए अनि हाम्रो तिहार नि !'

मेलौली-७ बैतडी।

-.-



# हुस्सू

**कल्याण पन्त**

उनले दराजभित्र हेरे, ओछ्यानमा हेरे, वल्लोपल्लो कोठातिर हेरे तर कतै पनि घडी फेला परेन । हरिकृष्णले पटक पटक टेबलको घर्रा खोले । खोज्दा खोज्दा आजित भएपछि श्रीमती र छोरालाई हराएको ठाउँ देखाउँदै भने- 'नुहाउँदा यहीँ राखेको थिएँ, अहिले छैन ।'

उनलाई मिटिङमा जान हतार भइरहेको थियो । उनी यत्तिकै त्यतैतिर लागे ।' तीन वर्षदेखि व्याट्री पनि नफेरेको, असाध्यै राम्रो थियो, अहिले बुच्चै देखियो ।' उनी नीलडाम परेको नाडी हेरेर चुकचुकाए ।

उनले बिहान केदार, बुद्धि, हर्कलाल आफ्नो कोठामा आएको याद गरे । उनीहरू पनि त्यही मिटिङमा आउँदै थिए । हरिकृष्णको मनमा नानाभाँति कुरो खेल्दै थियो, अचानक उनीहरूसितै झ्वास्स भेट भो । यता केदारको हातमा त्यस्तै घडी देखियो ।

अनायास हरिकृष्णको ढुकढुकी बढ्न थाल्यो ।'लुछी हालूँ कि नकराइकन बसौं !' उनी असमञ्जसमा परे । उनले बुद्धि, हर्कलाललाई समेत चोरैचोर देख्न थाले र मिटिङभर केदारकै देब्रे हात झलझली सम्झिरहे ।

घाम नडुब्दै उनी तनावमै घर पुगे । हत्तपत्तमा नै श्रीमतीलाई केही भन्न खोज्दै थिए, अर्धाङ्गिनीले हातमा तेर्स्याउँदै भनिन्- 'यी लिनुस् घडी, ढोकाको कापमा रहेछ ।'

-_-

http://nepalipublisher.com/downloads-vajyanti\dayitwa

**हाम्रो वेबसाइटमा वैजयन्तीका सबै अङ्क**

**डाउनलोड गर्न सक्नुहुन्छ है ।**



# आशीर्वाद

**किशन पौडेल**

उसलाई शिखरमा पुग्नु थियो । उसले एउटा आशालाग्दो चाकरीको भऱ्याङ देख्यो । निहुरिँदै भन्यो- 'प्रभु ! मलाई अवसरको ढोका खोलिदिनुस् ।'

'तथास्तु, चढ् माथि ।'

उसलाई मालिकको आशीर्वाद प्राप्त भो । विवेकमा लगाम लगाएर एक खुट्किलो उक्लियो ।

उसले माथि फर्केर हेऱ्यो त्यहाँ गुलियो अङ्गुरको झुप्पा देख्यो र लालचको लामो हात फैलाउँदै भन्यो- 'हजुर, मलाई त्यहाँ पुग्नु छ ।'

'समाऊ हात ।'

कृपादृष्टि प्राप्त भो । चाप्लुसीको डोरी समायो र माथि चढ्यो ।

उसले जिन्दगीको रङ्गीन सपना देख्न थाल्यो धेरै माथि उड्ने लालसाले महत्त्वाकाङ्क्षाको पखेटा फिँजाउँदै भन्यो- 'स्वामी मलाई शिखरमा नै पुऱ्याइदिनुस् ।

'अवश्य ।'

मीठो आश्वासन प्राप्त भो । निष्ठालाई कुल्चिँदै ऊ माथि पुग्यो । त्यहाँ ऊ जस्तै अवसरवादीहरू नैतिकताको सौदाबाजी गर्दै रहेछन् ।

उसले सोध्यो- 'मालिक म के गरुँ ?'

'देऊ बलिदान ।'

उसले आफ्नो नैतिकताको बलिदान दियो र अवसरको झ्यालबाट फुत्त भित्र पस्यो । इमानको ढोकामा चुकुल लगायो ।

उचाइँको शिशमहलभित्र सुस्ताउँदै ऐनामा अनुहार हेऱ्यो । ऊसँग स्वाभिमानको शिर थिएन ।

हेटौंडा -४ ।

-_-



# गुड्डी

**कुमुदप्रसाद शर्मा प्याकुरेल**

'कम्ती हो र ? सतहत्तरै जिल्ला पो त !' बूढाले गुड्डी हाँके ।

'ह्या...हजुरबा पनि.... ! फेरि उही कुरा । त्यो त हजुरले अरूलाई बताएको सुन्दा-सुन्दा मलाई कण्ठै भइसक्यो । अरू नै एउटा राम्रो कथा सुनाउनुस् न !' झिज्याहट मान्दै नातिचाहिँले भन्यो ।

'मेरो कुरा त सुन् पहिले ।' बूढाले फेरि आफ्नै पारा निकाले ।

'आफ्नो कुरा कसैले सुनिदिंदैनन्' भन्ने छ, बूढाको मनमा । आज भने नातिचाहिँको दिमाग मजैले भुटे ।

त्यतिका ठाउँमा पुग्नुभएछ । धेरै कुरा अनुभूत गर्नुभएछ । थुप्रै देवदेवताको दर्शन भएछ । थरिथरिका मान्छेहरूसँग भेट हुने नै भयो । अनुभव पनि मज्जाले सँगाल्नु भएछ । स्थान विशेषका खानेकुराहरूको स्वाद नलिने त कुरै आएन । अहिले त्यही सम्झनाले आनन्दित हुनुहुँदो रहेछ । त्यही हैन त, हजुरबा ?' नातिचाहिँले उनकै पोष्टमा बल फाल्यो ।

'अनि के त ? ऊ बेलाका कुरै अर्का ।' बूढा चम्किए ।

'त्यहाँका मानिसले तपाईंलाई सम्झिरहने कामचाहिँ के गर्नुभो नि ! हजुरबा ?' नातिचाहिँले सोध्यो ।

निकै बेरसम्मको मौनतालाई चिर्दै श्रीमतीचाहिँले थपिन्- 'हाम्रा छोरा-छोरीजस्ता सजिला कहाँ छन् र अबका पुस्ता ? ठाउँको ठाउँ पारिदिन्छन् ठहरै । खुबै हाँक्नुभएको थियो नि गुड्डी ? बुझाउनुस् अब यसको चित्त ।'

-_-

**तपाईंले हामीलाई भेट्न खोज्नुभएको हो ?**
रचना, विज्ञापन वा पुस्तक-पत्रिकाको लागि
**शब्दार्थ प्रकाशनको कार्यालय-चाबेल, गणेशस्थान**
**०१-४४९७३५१/९८४१-४९६१०३**



# रङ्गीन संसार

**डा. कुसुमाकर शर्मा गौतम**

'रोशन होइन ?' आफूलाई पक्का भएपछि उसलाई सोधेँ ।

अचानक विपत्ति आइलागेको जस्तो गरी ऊ तर्स्यो । उसले मलाई तलदेखि माथिसम्म हेर्‍यो । एक छिनपछि मुस्कान छोड्दै उसले बोल्यो- 'हो । तिमी पवित्रा हैनौ ? यत्रो वर्षपछि पनि ठ्याक्कै चिन्यौ त ।'

सिड्नीबासी नेपालीहरूको वनभोजमा उसलाई अचानक देख्दा म पनि चकित थिएँ । समयको हुरीले आज उसको छेउमा पुर्‍याए पनि मेरो स्मृतिले मलाई दुई दशक पछाडि धकेल्यो ।

उसकी बहिनीका माध्यमबाट रोशनसँग नजिकिएकी म उसलाई माया गर्न थालेकी थिएँ । एक्लै भएको मौका पारेर एक दिन उसको डेरामा गएँ । मलाई देख्ने बित्तिकै ऊ खुसीले पागल भयो । मैले उसलाई अँगालो कसेँ । चुम्बनका वर्षा गराएँ । उसले स्नेहपूर्वक चुम्बन गर्‍यो । उसका हात मेरा वक्षमा सलबलाउन आँटेकै बेला कसैले झ्याल बाहिर ख्वाक्क खोक्यो । उसका हात एकाएक तल झरे । ऊ मबाट अलग्गियो । मैले नै उसलाई तानेर आँगालोमा बाँधेँ तर ऊ शिथिल भइसकेको थियो । म छक्क परेँ । सोचेँ- 'लाज लाग्यो होला । देख्नेले हल्ला गरिदेलान् भन्ने डर पनि होला ।' अँध्यारो अनुहारले उसैले सोध्यो- 'तिमीलाई अफिस पुग्न ढीला भएन ? म मोटरसाइकलमा पुर्‍याइदिन्छु । स्थितिले अर्कै मोड लिएपछि मैले पनि 'हुन्छ' भनेँ । त्यस दिन उसले मलाई अफिसमा छोडेपछि हाम्रो भेट कहिल्यै भएन ।

'तिमी अष्ट्रेलियामा कसरी ?' रोशनको आवाजले म झसङ्ग भएँ ।

'छोरीको पढाइको दीक्षान्त समारोहमा आएकी हुँ अनि तिमी सपरिवार यतै बस्छौ ?' मैले प्रश्न उभ्याएँ ।

उसले अन्कनाउँदै भन्यो- 'अष्ट्रेलियामा परिवार बसाउन धेरै कठिन भयो । धेरै वर्षको प्रेम सम्बन्धपछि भर्खरै विवाह गरेको हुँ ।'

'तिम्रो परिवार देखाउँदैनौ त ?' मैले दायाँ बायाँ हेरेँ ।

'तिमीले काठमाडौंको घरपेटीको छोरोलाई त्यतिबेला चिन्यौ कि चिनेनौ ? अहिले ऊ मेरी श्रीमती । उसले आफूसँगै बसेको अर्को लोग्नेमान्छेलाई औंलाले देखायो ।

एडमन्टन, क्यानाडा ।

-_-



# धोका

**कृष्ण बजगाईं**

'यो कथा सत्य होइन ।' कथाकारले कथाको सुरुवात यसरी गरे ।

'यो काल्पनिक कथा होला भनेर तपाईंले सोच्नुभयो होला ।' कथाकारले अर्को अनुच्छेदमा थपे ।

'लन्डनदेखि अक्सफोर्ड जाँदा मैले चलाइरहेको कारलाई उनको कारले ठक्कर दिएपछि एक्सिडेन्ट भयो । एक्सिडेन्टमा के भयो भनेर तपाईंका मनमा थुप्रै जिज्ञाशाहरू उत्पन्न भए होलान् ।' कथाकारले कथामा रहस्य थपे ।

'एक्सिडेन्ले गर्दा हाम्रो विवाह भयो । एक्सिडेन्टले कसरी विवाह हुन्छ भनेर चकित हुनुभयो होला ।' कथाकारले कथामा कौतूहलता थपे ।

'कारको अगाडि सिटमा बसेको उनको लोग्ने एक्सिडेन्टमा मृत्यु भएको दावी गरिन् तर कार एक्सिडेन्ट हुनुमा मेरो कुनै गल्ती थिएन ।' कथाकारले कथालाई उत्कर्षमा पुऱ्याए ।

'वकिलको नाम दिंदै लेनदेनमा मुद्दा मिलाए मैले जेल नजानु पर्ने तर्क सुनाइन् । त्यसपछि उनलाई विवाह गर्न बाध्य भएँ ।' कथाकारले कथामा नाटकीय मोड दिए ।

'विवाहको केही महिनासम्म हाम्रो सम्बन्ध एकदम राम्रो थियो । उनलाई कारमा राखेर धेरै ठाउँ घुमाएँ । महँगा गहना र उनको नाममा अपार्टमेन्ट किनिदिएँ । अपार्टमेन्ट पाएपछि उनी अचानक परिवर्तन भइन् । हामीबीच खटपट सुरु भयो ।' कथाकारले कथामा अर्को ट्विस्ट दिए ।

'त्यसपछि मेरो मानसिक स्वास्थ्य ठीक नभएको उनले ठोकुवा गरिन् । मलाई कार चलाउन प्रतिबन्ध लगाइन् । उनले चलाएको कारको अगाडि सिटमा बसेर यात्रा गर्न जबरजस्ती गरिरहेकी छिन् । म मानिरहेको छैन । उनी किन यस्तो जिद्दी गरिरहेकी छिन् भनेर तपाईंले सही अनुमान गर्नुभयो ।' कथाकारले पाठकको मनको कुरा लेखे ।

'तपाईंले यो कथा झुठ होइन सत्य हो भन्ने अवश्य ठान्नुभयो ।' कथाकारले यसरी कथा टुङ्ग्याए ।

बेलायत ।

–_–



# एक एम्ब्यासडर

**खेमराज पोखरेल**

बेस्सरी मातिए पनि बकबक नगरी क्रिसमस इभ मनाएको देखेर म गोरासँग अचम्मित भइरहेको थिएँ । जोन्सनले त्यहाँ उपस्थित सबैलाई सम्बोधन गऱ्यो र भन्यो- 'खेम नेपालको हो । तिमीहरू पुगेका छौ नेपाल ? म तीनपल्ट पुगेको छु । ज्यादै सुन्दर देश हो नेपाल । अर्ग्यानिक सुन्दर ।'

मैले त्यहाँ उपस्थित पाहुनाहरूका माझमा भनेँ- 'जोन्सन नेपालको मित्र हो । नेपालको पर्यटन प्रबर्धनमा जोन्सनले भूमिका निभाएको छ । ऊ मेरो नेपालदेखिकै साथी हो । नेपालको पर्यटन प्रवर्धन गर्ने एम्ब्यास्डर अफ टुरिज्म हो ।'

'वाओ, एम्ब्यास्डर अफ टुरिज्म ! चियर्स ।' एकपल्ट फेरि हामी सबैले चियर्स गऱ्यौं ।

ऊ पनि नेपालको बारेमा यसरी बोल्दै थियो मानौं कि ऊ नेपालको पर्यटन प्रबर्धन गर्ने साँच्चैको एम्ब्यासडर हो ।

'आज म तिमीहरूलाई नेपालको बारेको फोटो तथा भिडियो देखाउँछु ।' भन्दै उसले कम्प्युटरलाई ठूलो टिभी स्क्रिनमा जोड्यो । फोटाहरू टिभी स्क्रिनमा देखिए । राराको, फेवाको, हिमालको, वसन्तपुरको, स्वयम्भूको, बौद्धनाथको, पशुपतिको आदि आदि । त्यहाँ उपस्थित सबै रोमाञ्चित भए । भन्न थाले- 'स्वर्ग रहेछ यार नेपाल त । जीवनमा त एकपल्ट जानै पर्ने ठाउँ रहेछ ।'

म नेपाली हुनुमा गर्व गर्न थालेँ । आफैभित्र फुलेल बेलुनजस्तो भएँ ।

त्यसपछि जोन्सनले अर्को फाइल खोल्यो । त्यहाँ पशुपतिका बाँदरको सम्भोगको, सडकमा हगिरहेका सडक बालकबालिकाको, भित्तामा मुतिरहेका वयस्क र सुकिलामुकिलाको, नाकबाट सिँगान झरिरहेका गरीब बालबालिकाको, लोग्नेले स्वास्नी कुटिरहेको, बुथ कब्जा गर्दै गरेको, प्रदूषित वागमतीको, प्रदूषित हिमालको, बालश्रमको, सडकमा थुपारिएको फोहोरको, शालिक भत्काउँदै गरेको, रेलिङ भाँच्दै गरेको आदि आदि फोटाहरू थिए । भिडियोहरू थिए । मैले भने निहुरमुन्टी लगाएको थिएँ । मेरो फुलेल बेलुनका हावा खुस्कँदै थियो ।

ऊ भने अझै फलाकिरहेको थियो- 'मैले त यी फोटाको पोस्टर र पोस्टकार्ड बनाएर बेचेँ । नेपाल गएको खर्च सबै उठ्यो । अलिकति जोगियो पनि ।'

सान मार्कोस, अमेरिका ।

--



# प्रथम कविता

**डा. घनश्याम न्यौपाने 'परिश्रमी'**

जिल्ला शिक्षा समन्वय शाखाद्वारा माध्यमिक तहको जिल्लास्तरीय कविता प्रतियोगिताको आयोजना गरियो । जिल्लाभरिका सबै माध्यमिक विद्यालयहरूमा सूचना प्रवाह भयो । सार्वजनिक विद्यालयका प्रधानाध्यापक र निजी विद्यालयका प्रिन्सिपलहरूले नेपाली विषयका शिक्षकहरूलाई सूचना देखाउँदै सहभागी विद्यार्थी छनोट गर्न र तिनका लागि तोकिएको शीर्षकमा कविता लेखिदिन अनि वाचन गर्ने तरिका सिकाउन निर्देशन गरे ।

गुरुहरूले आदेश माने र निकै साधनापूर्वक कविता लेखिदिए, आकर्षक ढङ्गले वाचन गर्ने तरिका सिकाए ।

जिल्ला सदरमुकाममा भव्य रूपमा प्रतियोगिता गरियो । निर्णायक मण्डलले आफ्नो जिम्मेवारी पूरा गर्‍यो । प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कार घोषित भए । पुरस्कृत विद्यार्थीहरू पुरस्कार लिएर मख्ख हुँदै फर्के ।

भोलिपल्ट प्रथम पुरस्कार प्राप्त विद्यार्थीको विद्यालयमा एउटा कार्यक्रम राखियो । प्रिन्सिपलले गर्वका साथ भने- 'हाम्रो विद्यालयका कक्षा ९ का छात्र हरिहर चन्दले कविता प्रतियोगितामा प्रथम स्थान हासिल गरेर विद्यालयको इज्जत बढाइदिएका छन्, यिनलाई धेरै धेरै बधाई छ ...... !'

उता नेपाली विषयका गुरुको मनमा भने चोट पर्‍यो । उनले मनमनै भने- मेरो कविता प्रथम भएको छ तर विद्यालयको नाक ठाडो पार्ने हरिहर भयो । उनलाई भन्न मन लागेको थियो- 'प्रथम भएको कविताको रचनाकार त म हुँ नि प्रिन्सिपल सर' तर प्राइभेट जागिरको सवाल भएकाले केही बोलेनन् ।

एउटा उत्कृष्ट कविता विद्यालय र विद्यार्थीका नाममा बलिदान गरेकोमा उनलाई पश्चात्ताप लाग्यो ।

बर्दघाट, नवलपरासी ।

-_-



# अदभूत आविष्कार

**चूडामणि नेपाल 'अकिञ्चन'**

सनसनीपूर्ण रूपमा समाचार फैलियो 'अदभूत आविष्कार । अब बच्चा बन्न सकिने । शरीरको आकार पविर्तन गर्न सकिने । जेनेटिक प्रयोगशालाको अपार सफलता ।'

'उमेरअनुसार परिवर्तन गरिदिन्छ रे ! कति वर्षको बन्न मन लागेको छ ? म त हिँडें बूढी, पूजा तिमी नै गर । अब फेरि तन्नेरी हुने भइयो ।' उनी लौरो टेक्दै विस्तृत कुरा बुझ्न बाहिर निस्किए ।

'प्रयोगशाला बाहिर बूढाबूढीहरूको बिहानैदेखि ठूलो भीड लागेको छ ।' अर्को समाचार आयो ।

'विश्व टेलिभिजनको प्रत्यक्ष प्रसारण लिएर म अहिले जेनेटिक प्रयोगशालाको आँगनमा उभिएको छु, अहिले यहाँ खासगरी साठी कटेका मन्दिरका मठाधीश, पूजारी, वृद्ध नायक, नेता, उद्योपति, व्यापारी, कवि, कलाकारहरूको ठूलो भीड लागेको छ । भीडमा पुरुषहरूको सङ्ख्या अत्यधिक रहेको छ ।' पत्रकार प्रत्यक्ष प्रसारणमा बोल्दै थिए ।

लहर र रहरमा लौरो टेकेर उभिइरहेका वृद्ध वृद्धाहरू देखिन्थे । एकैछिनमा अर्को समाचार बाहिरियो ।'शरीरको अवस्था र आकार परिवर्तन गर्न दश लाख रूपैयाँ आवश्यक पर्ने ।'

अहिले भीड बैङ्कतर्फ मोडियो । छोराछोरी र नातिनातिनाका मोबाइलका घण्टीहरू बज्न थाले- 'मेरो पैसा दे ।' 'मेरो खातामा पैसा ट्रान्सफर गरिदे ।' 'चेक काटिदे ।' घरघरमा कोलाहल मच्चियो । झगडा सुरु भयो ।

'आज र अहिलेबाटै कार्य थालिने । आकार परिवर्तन गरेको पचास वर्षसम्म एउटै अवस्थामा रहनु पर्ने ।'

पहिलो पालो नेताकै आयो । ऊ मख्ख थियो आफ्नो जवानी देखेर । अनुहार उही थियो ।'तर मेरो सोच र बुद्धि पो कहाँ गयो त ? म को र कुन पार्टीको पो हुँ ?' सनसनी रूपमा अर्को समाचार फैलियो 'अवतारी नेताहरू आफूलाई आफैले चिन्न छाडे ।' दर्शक जनता निरास देखिन्थे ।

विराटनगर-१ ।

--



# भ्रम

**छविलाल खड्का**

एकले फेसबुकमा पोष्ट्यायो- 'अल्लाह मऱ्यो ।'

अर्कोले उसै गरी पोष्ट्यायो- 'पतित ईश्वरको देहावसन ।'

एक कान, दुई कान । तीव्र गतिमा सञ्जालभरि फैलियो । यसको रिफ्लेक्सन समुदायमा देखियो । लाठी-मुङ्ग्रा र खुँडा-तरबार निस्किए । भीडले धार्मिक दङ्गाको रूप लिँदै थियो । सुरक्षा निकाय चिन्तित देखिन्थ्यो ।

तेस्रो माइकिङ गर्दै सडकमा निस्कियो । ऊ भन्दै थियो- 'शान्त हुनुस् । मरिसकेका ईश्वर र अल्लाहका लागि किन लड्नु हुन्छ ? आउनुस् । परमेश्वरका नाउँमा गोलबन्द बनौं । सुनौलो भविष्यको निर्माण गरौं ।'

भीड द्विविधामा थियो । यत्ति नै बेला भीडभित्र एउटा अनौठो मानवाकृति देखियो । उसले सबैको ध्यान आकर्षित गर्दै भन्यो- 'ईश्वर, अल्लाह, परमेश्वर, बुद्ध कोही पनि मरेका छैनन् । सबैको एकीकृत रूप मै हुँ । सबैको भगवान् !'

सबैको ध्यान त्यही आकृतितिर गयो । नभन्दै कसैले अल्लाहको रूप देखे, कसैले साक्षात् ईश्वर देखे, कसैले परमेश्वर, त कसैले बुद्ध ।

भीड तितरबितर हुँदै गयो र सबैले भने- 'भगवान्को जय होस् !'

कोहलपुर ।

--



# बाबुआमाको माया

**डिल्लीराज अर्याल**

दिदी, हजुरलाई हजुरको आमाबुबाले माया गर्नुहुन्न ?' एउटी सानी बालिकाले आफूभन्दा अगाडि उभिएकी एउटी युवतीसँग प्रश्न गरिन् ।

सानी बालिकाको प्रश्न सुनेर अचम्म मानेकी ती युवतीले ट्वाल्ल बालिकातिर हेरिरहिन् र भनिन्- 'गर्नुहुन्छ, किन नगर्ने ? आफ्ना छोराछोरीलाई कसले माया गर्दैन र ? तिमीलाई तिम्रा आमाबुवाले माया गर्नुहुन्न र ?

'मलाई पनि माया गर्नुहुन्छ । यी हेर्नुस् न, कति राम्रा जुत्ता, कपडा किनिदिनुभएको छ' । बालिकाले आफ्ना कपडातिर सङ्केत गरिन् ।

'मलाई पनि किनिदिनुहुन्छ नि त । यी हेर त मेरा पनि त राम्रा कपडा छन् नि'- युवतीले आफ्ना कपडातिर इसारा गर्दै भनिन् ।

उनका कपडातिर सङ्केत गर्दै ती बालिका हाँसिन् र भनिन्- 'माया गरेर किनिदिएको कपडा पनि यस्तो बाहुलै नभएको, ज्यानै नढाक्ने हुन्छ ? पछाडि पनि अलिकति मात्रै छ । हजुरलाई त आमाबुबाले माया गर्नुहुन्न । अभै माया गरेर किनिदिएको भन्नुहुन्छ । मेरो कपडा हेर्नुस् त । माया गरेर किनिदिएको त यस्तो पो हुन्छ । मेरो पनि हजुरको जस्तै आधा मात्र छ त ?'

मनोहरवस्ती, काठमाडौं ।

--



# समयको माग

**जनार्दन दाहाल**

आफू सामान्य लेखपढ मात्र गर्न जान्ने भएकाले श्रीकृष्णले समयको माग ठानेर छोरा ज्ञानुलाई राम्रो अङ्ग्रेजी स्कुल पढाए ।

नभन्दै छोरो होनहार निस्कियो । पढ्दै जाँदा उसले राम्रो श्रेणीमा स्नातक उत्तीर्ण गऱ्यो । रहरले हो कि लहरले हो ज्ञानुले विदेश यात्रा तय गर्ने निधो गऱ्यो । एक्लो सन्तान, आमा नभएको टुहुरो, सबै थोक पुऱ्याएका बाबुले समयको माग भन्दै भएको झिटीझ्याम्टा बन्दकी राखेर छोरालाई विदेश पठाए । त्यसपछिका पाँच वर्ष बूढाका लागि निकै कष्टका दिन बने ।

छोरो फर्कियो बुहारीसहित । उसको बिहे गरिदिने रहरलाई पनि बूढाले समयको माग भनेर चित्त बुझाए । छोरो छुट्टीमा आएको रहेछ, ऊ एकै महिनामा बुहारीसहित फर्कियो । जाने बेलामा केही पैसा र कपडा उसले बाबुका हातमा राखिदियो । मन, माया र ममता नभएपछि पैसाले के हुन्थ्यो र ?

बूढाले केही वर्ष अझै कष्टका साथ बिताए । अब भने उनलाई आफू बूढो र निकै असहाय भएको महसुस हुन थाल्यो ।

एक दिन बिहानै सेतो गाडी उनको आँगनमा आएर रोकियो । गाडीबाट दुई जना स्वयम्सेवक झरे । उनीहरूले बूढालाई वृद्धाश्रम लैजाने कुरा गरे । उनी जान मानेनन् । स्वयम्सेवकले ज्ञानुलाई फोन गरे र फोन बूढाको हातमा थमाइदिए ।

बूढाले छोरालाई प्रश्न गरे- 'म किन वृद्धाश्रम जाने र ? जान्नँ ।'
ज्ञानु एकछिन केही बोलेन । उसले फोन काट्नुभन्दा अगाडि दुई शब्द मात्र भन्यो- 'समयको माग ।'

अर्जुनधारा, झापा ।

--



# लोदर

**जेबी खत्री**

उसले भन्यो- 'मसँग केही थिएन । सिरिप एउटा अढाइ वर्षको सानो छोरो थियो । म उसलाई लिएर पहाड गएको थिएँ । त्यो पनि उसकै ढिप्पीले । पहाडमा हाम्रो आफन्तको घर थियो । कसरी पुऱ्याएर ल्याउने होला भन्ने कुराको ठूलो चिन्ता थियो । ऊ सारै चकचके र झन्काहा थियो । ऊ पहाडको होचो अर्गेलो बाटो हिँड्न पनि जान्दैन थियो । उसका आँखाले पहिलो पटक पहाड देख्दै थिए । त्यसैले पनि ऊ ज्यादै खुसी थियो । आफू पनि छोरालाई पहिलोपल्ट पहाड देखाउने कुराले कम खुसी थिइनँ । बाहिर बत्ती थिएन । आकाशको जूनलाई पनि औंशीको कालो रातले छपक्कै छोपेको थियो ।

रात धेरै गएको थिएन । बाहिर बरण्डामा उभिएको थिएँ । साँझको वातावरण जस्तो नजिकैको वस्तु ठम्याउँन सके पनि केही परको वस्तु आँखाले ठम्याउँन सक्ने उज्यालो थिएन । मधुरो प्रकाश थियो । सायद पल्लो घरको बत्तीको प्रकाश थियो त्यो । यसो हेर्दा बाबुको मामु झलक्क देखा परेर त्यतै कतै ओझेल परेजस्तो लाग्यो । ऊ पनि मामुलाई देखेर केही खुसी भए झैं गरी वरपर दगुर्न थाल्यो । कसो कसो गर्दा ऊ हुत्तिएर तल खस्यो । खस्नासाथ भुइँमा बजारिँदा उसको रुवाइको अवाज नै हरायो । आवाज मात्र हराएन, ऊ त सिलिक्कै गयो । यसो छेउमा हेरेको उसको मामु जस्तो लागेको त उसको मामु नभई अरू नै कुनै केटी पो रहेछ । हत्तपत्त गएर उसलाई उठाएर काखमा लिएँ ।

काखमा लिएको मात्र थिएँ । यसो हेरेको बाबु त छैन । नाक, मुखबाट भलभलती रगत बगिरहेको थियो । आँखाको सेतो भाग मात्र देखिन्थ्यो । आफ्नो भन्नु केही छैन । एक मुठी सास भएको भए त के चाहियो । सायद जोडले चिच्याएर कराउँन पुगेछु । मुटुको ढुकढुकी बढिरहेको थियो । हात, खुट्टा काँपिरहेका थिए । अचेत मस्तिष्क बिजुलीको गतिमा क्लिक भयो । खुसीले फुलेर बिस्तारै छाती नाङ्लो जत्रो भयो । यसो हेरेको भित्ते घडीमा आँखा पुगे । रातको बाह्र बजेको रहेछ । बाबु ओछ्यानमा सुतिरहेको थियो । कस्तो लोदर, त्यो त सपना पो रहेछ ।'

--



# गणतन्त्र

**तुलसी पण्डित**

म नाजवाफ भएँ । यो राजनीति फोहोरी खेल रहेछ ।

'त्यसो होइन बाबा ! यो केवल गणतन्त्रप्रति वितृष्णा फैलाउने खेल हो । बाबा अब कुन पार्टीमा मत राख्नुहुन्छ ?' छोराको यो प्रश्न मेरा लागि भिर समान भयो ।

सोचेँ, यसले के कुराको भेउ पायो । अब यो कुराले बाल मस्तिष्कमा के असर गर्ने हो ? मैले उसलाई भने- 'बाबु तिमी विद्यार्थी हौ । तिमीले यसमा चासो राख्ने होइन ।'

फेरि उसले भन्यो- 'बाबा हदभन्दा बढी भएपछि सोच्न बाध्य गराउँदो रहेछ ।'

मैले बुझपचाउँदै भनेँ- 'हैन छोरा के भो र त्यस्तो ?'

'के भएन भन्नोस् त ? पवित्र ठाउँमा पनि त्यस्तो सोच्न नसकिने कार्य । अख्तियार भन्छ एघार किलो सुन गायब । खै त्यो सुन कहाँ गयो ? कसले लियो ?'

छोराको यो प्रश्न मेरा लागि बज्र समान भयो । मैले भनेँ- 'हेर छोरा तिमीले राजनीतितर्फ ध्यान नदेऊ । धेरै पढेर ठूलो मान्छे बन्नु छ । राम्रो काम गर्नु छ ।'

'ठूलो मान्छे बनेर के गर्ने ? कसैप्रति विश्वास नहुने भो अब ।' छोराले दिग्दारी पोख्यो ।

'यो बाल मस्तिष्कमा यस्तो असर परेपछि के होला ? यी भोलिका कर्णधार !' बाबु चिन्तित भए ।

'बाबा के सोच्नुभएको ? गणतन्त्र भनेको के हो ?' छोरोले फेरि सोध्यो ।

'हेर बाबु ! जे भए पनि गणतन्त्र भनेको बोल्न पाउने तथा समानताको अधिकार भएको व्यवस्था हो । बाँदरको हातमा नरिवल पऱ्यो भन्दैमा नरिवल नमीठो हुन्छ र ?' बाबुले छोरालाई उत्तर दिए ।

छोराले आलमारीबाट सुनको थैलो ल्याएर बाबुलाई देखाउँदै भन्यो- 'यो थैलो पनि गणतन्त्रकै नरिवल हो त बाबा ?'

चितवन ।

--



# जीर्णोद्धार

**तेजप्रकाश श्रेष्ठ**

'अब कसरी जीर्णोद्धार गर्ने ? स्रोत र साधन कसरी जुटाउने ?' गाउँलेहरू सल्लाह गर्न भेला भए ।

गाउँका माझको एउटा कलात्मक प्राचीन मन्दिर जीर्ण भएको थियो । मन्दिरको छानाको एक पाटो खसिसकेको थियो । कलात्मक टुँडालहरू असरल्ल मिल्किएका थिए । मन्दिर जीर्णोद्धारका लागि गुठी संस्थानले कुनै चासो दिएको थिएन ।

'साथी हो एउटा विदेशी संस्थाले जीर्णोद्धारमा चासो देखाएको छ । के गर्ने ?' गाउँका नाइकेले सोधे ।

'हामीले खर्च त बेहोर्नु पर्दैन नि ?'

'पर्दैन पर्दैन उसैले सबै खर्च बेहोर्छ ।' नाइके बोल्यो ।

सित्तैमा मन्दिर जीर्णोद्धार हुने भएकोमा सबै खुसी भए । गाउँलेलाई के खोज्छन् कानो, आँखो भयो ।

विदेशी संस्था पनि खुसी भयो । काम धमाधम सुरु भयो ।

मन्दिरमा धेरै नयाँ नयाँ समानहरू थपिए । धेरै पुराना सामानहरू फेरिए ।

जीर्णोद्धारका लागि जे जे फेर्नु पर्थ्यो फेरियो । मन्दिर भव्य र आकर्षक देखियो ।

फेरिएका सामानमध्ये पुरातात्त्विक कलात्मक मुख्य देवमूर्ति पनि थियो, जो पाँच सय वर्ष पहिले स्थापना भएको थियो ।

---

**शब्दार्थ प्रकाशन**ले
**२२** थरी **शब्दकोश** प्रकाशन गरिसकेको छ र
अझै अरू प्रकाशन गर्दै छ ।
के तपाईं पनि आफ्नो शब्दकोश प्रकाशन गर्न इच्छुक हुनुहुन्छ ?



# जात

**त्रिलोचन ढकाल**

'मुखबाट जन्मेका हुन् ।' वडाध्यक्ष भइसकेका उप्रेत लक्ष्मीपतिको ओठबाट खस्यो ।

सुन्दा बित्तिकै वडासदस्य रस्मी परियारको जिज्ञासा प्रस्तुत भयो- 'कसको मुखबाट हो गुरुजी ?'

'ब्रह्माजीको मुखबाट' पुरेतको बोली सुनियो ।

'मुखबाट पनि कोही जन्मन्छ ? को जन्म्यो मुखबाट ?'

'प्रश्न पनि बुझेर गर्नु पर्छ के केटी ! सोधिहाल्यौ लौ सुन । ब्रह्माको मुखबाट ब्राह्मण जन्मे, बाहुबाट क्षेत्री, तिघ्राबाट वैश्य र पैतालाबाट शूद्र जन्मे ।'

'जान्ने बुझ्ने छु भन्नेले पनि नहुँदो कुरा गर्ने हो ? मान्छे जहाँबाट जन्मन्छ त्यो ठाउँको चर्चा छैन, नभएको नभएको ठाउँको कुरा गर्ने ? हजुरको मानसिक सन्तुलनको समस्या त होइन नि ?'

'उत्ताउली केटी ! यस्तै उद्दण्ड भएका हुनाले भगवान्ले तिमीजस्तालाई शूद्र बनाएका हुन् ।'

'मानिसलाई विभिन्न जातमा विभक्त गर्ने र त्यसकै आधारमा उँच नीच र अछुत बनाउने आधार के रहेछ ?'

'वेद, पुराण र मनुस्मृतिका आधारमा भनेको छु । उप्रेतले वेदका ऋचा पढेर सुनाए ।

उप्रेतको जबाफ पुरातत्त्वद्वारा अप्रमाणित भएको उल्लेख गरी अकाट्य प्रमाण सुन्नुहोस् भन्दै रश्मी परियारले भन्नुभयो- 'स्त्रीलिङ्ग र पुलिङ्ग, जसजसका बीचमा यौन सहवास हुँदा सन्तान जन्मन्छन् त्यो एउटै जात हो ।'

आनन्दआश्रम, फापरथुम-स्याङ्जा ।

-_-

**के तपाईंले प्रकाशनका शब्दकोशहरू पढ्नुभएको छ ?**



# सम्पत्ति

**दिव्य गिरी**

रमानाथले दराजबाट लालपुर्जा झिके । चार आना र एक पैसा क्षेत्रफलको लालपुर्जाको शिरदेखि पुछारसम्म हेरे अनि पट्याएर इस्टकोटको भित्री खल्तीमा राखे ।

जग्गा किनेको दिन लालपुर्जा कोटको खल्तीमा राखेपछि लेखनदासले भनेको थियो- 'हाकिम सा'ब घडेरी किन्नुभयो अब घर पनि चाँडै बनाउनु होला । यो जग्गा बेच्ने मन भए मलाई भन्नु आनामा पच्चीस हजार त भोलि नै नाफा आउँछ ।'

'बेच्ने भए किन्ने नै थिइनँ । यौटा घडेरी काठमाडौँमा चाहियो नि । छोरा-छोरीलाई पढाउन यहीँ ल्याएर राख्नुपर्छ ।' रमानाथले भनेका थिए ।

आज रमानाथ पत्नीसहित मालपोत कार्यालयमा गएका थिए । मालपोतमा उही लेखनदास जयकृष्णसँग भेटभयो ।

'नमस्ते हाकिम सा'ब !' जयकृष्णले रमानाथलाई देख्ने बित्तिकै दुवै हात जोडेर नमस्कार गऱ्यो । रमानाथले पनि जयकृष्णलाई चिनिहाले । उसको दाहिने कन्चटनिर घाउको लामो धर्सो थियो ।

'के काम पऱ्यो ? फेरि जग्गा किन्न आउनुभयो कि ?' जयकृष्णले सोध्यो ।

'जग्गा किन्ने होइन, अब बेच्न आएको । किन्ने मान्छेहरू आउँदैछन् ।' रमानाथले भने ।

'ऊ बेलामा कति दुःख गरेर किन्नुभयो । अब किन बेच्ने नि ?' रमानाथको मलिन अनुहार देखेर जयकृष्णले प्रश्न गऱ्यो । त्यो जग्गा रमानाथलाई जयकृष्णले नै खोजिदिएको थियो ।

'त्यो बेलाको कुरा गऱ्यो भने दुःखलाई फेरि कोट्याए जस्तो हुन्छ । बिर्सिदिऊँ । जसको लागि भनेर सम्पत्ति जोडियो उसैलाई नचाहिने भएपछि के काम ? हामी पनि छोराबुहारीसँग अमेरिकामा नै बस्ने गरी जाने भयौँ । लिखत तयार पारिदेऊ ।' भन्दै रमानाथले खल्तीबाट लालपुर्जा झिकेर जयकृष्णको हातमा दिए ।

टीकाथली, ललितपुर ।

--



# बालहठ

**देवराज कार्की 'मिलन'**

निकै वर्ष अगाडिको कुरो हो । म जुन बेला डेढ कोरी वर्ष पार गर्न लाग्दै थिएँ । मैले काठको टाँढे घर बनाए थोरै जग्गा किनेर । पहाड आफ्नै गाउँका साइनो पर्ने दाजुभाइलाई मिलाइयो ।

मेरो आमा ब्रेन ह्यामरेजले बिरामी हुनुहुन्थ्यो । प्यारालाइसिस भएको थियो । खाना पकाउने दिने म आफू थिएँ । ग्याँसको सिस्टम थिएन दाउराले खाना बनाउनु पर्थ्यो । आमाको हेरचाह पनि गर्नु थियो । सबै छिमेकीले विवाह गर भनेर दबाव दिन थाले । स्यानो प्रगतिशील विवाह पनि भयो ।

तीन वर्षपछि छोरो जन्मियो । स्याहार चाकरमा राम्रोसँग हुर्कन थाल्यो । ताते गर्दै हिंड्ने पनि भयो । तोते बोली बोल्न पनि थाल्यो । हजुरआमासँग खेल्ने भयो । आफ्नोमा गाई भैंसी पाल्ने ठाउँ थिएन । दूध छिमेकबाट ल्याउने गरेको थियो । घिउ पनि उतै बाट किन्ने न हो !

म बजार जाँदा मलाई भन्थ्यो 'चकलेट ल्याइदिनु, मीठो नि !'

खाने वेला म नजिकै बस्थें । ऊ खुब जिद्दी गर्थ्यो ।

एक दिन बिहान खाने बेला गिलास देखाउँदै 'दूध देऊ' भन्यो । उसलाई खुवाउन म भात मुस्दै थिएँ । यहाँ दाल हाल्नु भन्यो- मैले दाल हालिदिएँ । तरकारी भन्यो, आलुको भुजुरी त्यहीं हालेर मुछिदिएँ । फेरि सिसी देखाउँदै भन्यो घिउ पनि मिसाइदिनु, मैले एक चम्ची घिउ पनि मिसाएर भात मुछिदिएँ । फेरि बट्टा देखाउँदै भन्यो चिनी पनि हाल्दिनु, मैले चिनी एक चम्चा हालेर मुछिदिएँ ।

चुपचाप बनेको देखेर भात एक गाँस मुखसम्म लगिदिएँ- 'लु खा नानी मीठो छ ।' दुई गाँस जति खाएपछि- 'लु मीठो भएन मिसाएका सबै छुट्याइदिनु' भन्यो । यी मुछेको भात हो अब त कहाँ छुट्याउन सकिन्छ ? हुँदैन । चुपचाप खानु भनें ।'अघि कसरी मिसाएको त्यसरी छुट्याउनु' भन्दै रुन थाल्यो ।

म अब के भनेर फकाएर भात खुवाऊँ भनेर सोच्दै थिएँ । छिमेकीको घरमा रक्सी पिएर बूढाबूढीको झगडा सुरु भयो । होहल्ला, कुटाकुट देखेर अघिको छुट्याउने कुरो छोराले बिर्सेछ अनि भात खपाखप खायो र म दङ्ग परें ।

मोरङ ।

--



# गर्भाधान

**ध्रुवराज थापा 'पुरुष'**

'ल भन् तैंले कसको भुँडी बोकिस् ? आज सबैका सामु यो कुरा बताउनै पर्छ । तेरो पेटको बच्चाको बाउ को हो ? लाज नभएकी नकच्चरी, हाम्रो इज्जत माटोमा मिलाइस् हैन तैंले ?' सासूले सबैका सामू बुहारीलाई केराउँदै थिइन् । पञ्चभेलामा उपस्थित सबै मुखामुख गरिरहेका थिए ।

बुहारीले सासुलाई जवाफ दिँदै भनिन्- 'यो गर्भ तपाईंकै छोराको हो, किन ढाँट्नु पर्छ र मैले ?'

बुहारीको जवाफले अझै क्रोधित हुँदै सासूले भन्न लागिन्- 'अझै बकबक गर्छेस् अलच्छिनी ! कुन मुखले भन्न सकेकी हँ ? मलाई थाहा छैन र मेरो छोरा दुई वर्षदेखि विदेशमा छ भन्ने कुरा ।'

बुहारीले यसपल्ट पनि आफ्नो अडान छाडिनन् र भनिन्- 'मेरो पेटमा हुर्कंदै गरेको गर्भ मेरै पतिको हो । साँचो कुरा बोल्दा, तपाईंहरू किन मेरो हुर्मत लिँदै हुनुहुन्छ ?'

बुहारीका कुरा सुनेर सबै गललल्ल हाँसे । एउटाले भन्यो- 'कस्तो जमाना आयो ? भुँडी बोक्न पनि अब श्रीमान् नचाहिने भएछ । के देख्नु र सुन्नु परेको ? लाजको पसारो ।'

ससुराले थपे- 'तिमी कुरा नै अचम्मको गर्छ्यौ ! हाम्रै छोराको गर्भ हो भनेर रट लगाएको लगाइछ्यौ, के समाज र हामीलाई मूर्ख भन्ठानेकी तिमीले ?'

'होइन बुबा, हजुरहरूले मलाई विश्वास गर्न सक्नुभएन, त्यही भएर मैले हजुरको छोरालाई एक हप्ता अघि नै नेपाल आउन भनिसकेको छु । उहाँ यहीँ आइपुग्ने बेला भयो सबै कुराको छिनोफानो भइहाल्छ नि ! भर्खरै म्यासेज आएको थियो घर पुग्नै लागेँ भनेर ।' बुहारीले उत्तर दिइन् ।

यत्तिकैमा पञ्चभेलामा छोराको साथमा एकजना महिलाको प्रवेश हुन्छ । छोरा भन्छन्- 'हैन, केको भीड हो यो ? मेरी गर्भवती श्रीमतीलाई किन तनाव दिइँदैछ ? उनको गर्भमा मेरै बच्चा हुर्कंदै छ ।' उनको कुरा सुनेर उपस्थित सबैजना मुखामुख गर्न थाले । उनले थपे- 'तपाईंहरूले मेरो कुरा विश्वास गर्नुहुन्न भनेर डाक्टरसापलाई पनि सँगै लिएर आएको छु । ल डाक्टरसाप सबै रहस्य खोलिदिनु पर्‍यो ।'

डाक्टरले भनिन्- 'हो यो कुरा सत्य हो । यो गर्भ उहाँकै हो ! हामीले नै IV प्रविधिको प्रयोग गरी वहाँलाई गर्भाधान गराएका हौं । श्रीमान् लामो समय विदेशमा बस्नुपर्ने भएकोले हाम्रो सल्लाहअनुसार उहाँकै वीर्य सञ्चय (freez sperm) गरिएको थियो र उहाँहरूको योजनाअनुसार बीस महिनापछि उहाँको पाठेघरमा राखिदिएका हौं ।'

काभ्रे, पनौती ।

-_-



## देवता

**निर्मला बराल**

अघि बढ्नै लाग्दा भुइँमा मैले एउटा सलक्क परेको आकर्षक ढुङ्गो देखें । मैले ढुङ्गो उठाएँ ।' धेरै पटक यही बगरमा देखें हजुरलाई, आजसम्म पनि भने जस्तो ढुङ्गो भेट्नु भएन हो ?' ती महिलाले अनायास सोधिन् ।

मैले उनलाई ध्यानपूर्वक हेरें । भोकमरीले ग्रसित भैं देखिएकी ती महिला पसिनाले निथ्रुक्कै भिजेकी थिइन् । अनुहारमा पोतिएको असाध्य थकानमा समेत उनी लगातार त्यस बगरमा ढुङ्गा कुँदेर मूर्ति बनाइरहेकी थिइन् । त्यो प्रचण्ड गर्मीमा उनको काखमा एउटा सानो कुपोषित बालक स्तन चुसिरहेको थियो । ऊ छट्पटिँदै दूध चुस्न सङ्घर्षरत थियो ।

मैले उसलाई भनें- 'खासमा देउता थापेर पूजा गरौं भनेर खोजेको तर भनेको जस्तो चिल्लो ढुङ्गा भेट्टाउनै गाह्रो, नानी ।'

'आँखाले सबै चिज देख्न त सक्छ तर भगवान् बनाउने ढुङ्गा चिन्न सक्ला र ?' उनले दार्शनिक प्रश्न गरिन् ।

'हो नानी ! निकै गाह्रो भयो चिन्न । तपाईं त ढुङ्गा चिनेर भगवान्को मूर्ति बनाउनुहुन्छ । मलाई पनि एउटा भगवान् बनाउने ढुङ्गा खोजिदिनु न नानी ।' मैले उसैको सहारा लिन खोजें ।

'हुन्छ दिदी । मैले यही बगरका सयौं ढुङ्गाका मूर्ति बनाएँ । म खोजिदिन्छु । म कुन ढुङ्गामा कुन भगवान्को मूर्ति बनाउन सकिन्छ भनेर चिन्छु तर ...' उनले भनिन् ।

'के तर ?' मैले प्रश्न गरें ।

उनले लामो सास तानेर भनिन्- 'मैले ढुङ्गालाई भगवान् बनाएँ तर मलाई भने ती भगवान्ले कहिले पनि हेरेनन् ।'

विराटनगर ।

-_-



# पुरस्कार

**नन्दलाल आचार्य**

'मलाई यस जालबाट छुटाउनुस्, भान्जेदाइ ।' मनलक्ष्मीले लम्बोदरलाई देखेर गुहार मागी । मनलक्ष्मी गाउँकै राम्री, सुशील तर सुरी थिई । सात कक्षामा पढ्थी । ऊ बम्बोदरको शिकारी जालोमा फँसेकी थिई । उसको मियो बनेर साथ र सहयोग दिइरहेको थियो लम्बोदर । मनलक्ष्मीको क्रन्दन जङ्गलको रुवाइ सावित भइरहेको थियो । उसको अनुहारमा लम्बोदरप्रति आशा र भरोसामा कुनै कमी थिएन ।

'धत्, जे भा पनि ऊ मेरी मामाकी छोरी हो ।' बोलीसँगै छुटाउन लम्बोदरका पाइला अघि बढे । हत्तपत्त बम्बोदरले बाटो बन्द गर्दै गुदी बेगरको तर्क झिक्यो- 'आमाले जोडेर छोडेको नातो ठूलो कि ? तँ स्वयम्ले बनाएको नातो बलियो ? परीक्षा आजै हुन्छ ।'

गफको च्याँखे मात्रै थापेन, धनलक्ष्मीको बिटो पनि देखायो बम्बोदरले । निकैबेरको गलफतीपछि लम्बोदरले शिर निहु¥यायो । त्यही मौकामा बम्बोदरले अनौठो ट्याब्लेट झिक्यो । आफूले खायो अनि लम्बोदरलाई खुवायो । मनलक्ष्मीलाई कोच्याउन अघि बढ्यो ।

अघिसम्म सहायताको भिख मागिरहेकी मनलक्ष्मी एकाएक उमङ्गले जुरुक्क उठ्दा बाँधेको बन्धनले पछा¥यो । आफूलाई एउटा डोजले नशा नदिने भन्दै तीन ओटा ट्याब्लेट लिएर आउन अह्राई । ट्याब्लेट हातमा लिएर बम्बोदर अघि बढ्यो । स्वेच्छाले आफ्ना कोमल हात बम्बोदरको खस्रा गालासम्म पु¥याई । ओठले ओठसँग मित्रता गर्न चाहेको आभास दिलाई । हाउभाउका साथ आफ्नो हातको ट्याब्लेट उसको मुखमा हाल्दिई । बम्बोदरले अर्को ट्याब्लेट पनि स्वयम्ले थप्यो ।

मियो बन्दा प्राप्त पुरस्कार लिएर लम्बोदर तुरुन्तै घर आयो । एक घण्टापछि मनलक्ष्मी आइपुगी । तर बम्बोदर .........? उसले दुई टुक्रे जननेन्द्रिय तुर्लुङ्ग झुन्ड्याएको मात्रै थिएन आफ्नो प्राणवायु समेत जङ्गलमै बिर्सेको थियो ।

–_–



# ढुङ्गा

**नर पल्लव**

वृद्धाश्रममा आश्रित आफ्नी विधवा आमालाई भेट्न आमाको मुख हेर्ने दिन निरव वृद्धाश्रम पुगेको थियो । ऊ जस्तै अरू पनि संस्कारविहीन आधुनिक सन्तति लोकोपवादबाट बच्न वृद्धाश्रम पुगेका थिए । आश्रमको वातावरण अत्यन्तै स्वच्छ र आध्यात्मिक भावनाले ओतप्रोत थियो । आश्रमभित्र निरवकी विधवा आमाले आफ्नै पहलमा तुलसीको मठसँगै शिवलिङ्ग स्थापना गरेकी थिइन् । शिवलिङ्गमा प्रातः र सन्ध्याकालमा जल अर्पण गर्नु उनको दैनन्दिनको नित्य कर्म थियो । उनको त्यो आस्था नै उनको लागि बाँकी जीवन बाँच्ने एउटा आधार थियो ।

आश्रममा आफ्नो बाबु निरवसँग हजुर आमालाई भेट्न आएको सात वर्षीय नाति जिज्ञासु स्वभावको थियो । उसले आफ्नी हजुरआमालाई शिवलिङ्मा जल चढाउँदै गरेको देखेर बालसुलभ जिज्ञासा राख्दै सोध्यो- 'हजुरआमा... हजुरले यो ढुङ्गामा पानी किन हाल्नु भाको ?' जिज्ञासापूर्ण भावमा नातिले सोध्यो ।

'यी त शिव भगवान् हुन् । यिनको पूजा गरेको नि !' ईश्वरप्रतिको आस्था प्रकट गर्दै हजुरआमाले भनिन् ।

'माता र पिताबाहेक अरूको अस्तित्वबाट अनभिज्ञ बालकका लागि ईश्वरको महत्ता बुझ्न कठिन भइरहेको थियो ।

हजुरआमा केही क्षण आफैभित्र हराइन् ।

बालक नातिले पुनः अर्को जिज्ञासा राख्यो- 'यसो गर्दा के हुन्छ, हजुरआमा ?'

'यी सबैका दुःख-कष्ट-सङ्कट हर्ता हुन् । यिनले नै मेरा सारा दुःख, कष्ट र सङ्कट हर्छन् बाबु ।' हजुरआमाले ईश्वरप्रतिको आफ्नो अटल विश्वास व्यक्त गर्दै भनिन् ।

हजुरआमाको कुरा सुनेर नातिले फेरि प्रश्न गऱ्यो- 'हजुरको दुख-कष्ट बुवाले हटाउन सक्नुहुन्न र ?'

अबोध नातिको त्यो बोली सुनेर हजुरआमाले भनिन्- 'होइन बाबु, तेरो बाबु त ढुङ्गा भइसकेको छ ।'

--



# राहत

**नवराज रिजाल**

सुख दुःख गर्दै उनीहरू एक खालको जीवन धानिरहेका थिए । बूढाको बोली सबैको शिरमा थियो । सम्पत्ति प्रशस्त नभए पनि परिश्रम गर्दा परिवारलाई जीवन धान्न कुनै कठिनाइ थिएन ।'कति दुःख गर्नु सधैं ? जहिले पनि यस्तै हो । मीठो मसिनो खान चाडबाड नै कुर्नु पर्छ' एकदिन छोरोले मुख खोल्यो । बूढाको कानमा च्वास्स पऱ्यो तर सुनेको नसुन्यै गरे ।

'मलाई पनि त्यस्तै लागिरहेछ क्या । कति सुन्नु बाको कुरा ? जहिले पनि त्यही कुरा दोहोऱ्याइरहनुहुन्छ । उही आफ्नो गर अनि आफै गर । परिश्रमी र स्वावलम्वी बन् । कहिले काहीँ त केही न केही नयाँ भन्नु नि ! सधैं उही पुरानो, उही थाङ्नो' छोरीले थपी ।

उनी भान्छामा थिए । छोराछोरीको खाने काम अघि नै सकिएको थियो । तिनीहरूले गरेका गफका शब्द कानमा प्रस्टसँग ठोकिए । श्रीमतीले मुखमा पुलुक्क हेरिन् । दुवैका आँखा एक आपसमा जुधे । गाउँका अधिकांश युवा परदेशमा थिए । उनको घरमा त्यो अनुमति थिएन । 'जे गर्नु छ यहीँ गर साधन र स्रोतको कमी हुने छैन' बारम्बार भन्ने गर्थे । ती उनको विचारसँग पूरापूर असन्तुष्ट थिए तथापि प्रतिकार गर्ने हैसियत राख्दैनथे । मनमनै मुर्मुरिए पनि बाउले सुन्ने गरी अभिव्यक्त हुँदैनथे । अघिको कुरा पनि दाजु बहिनीको बीचमा मात्र भएको थियो ।

श्रीमतीसमेत विपक्षमा उभिएपछि अन्त्यमा उनको जोड बल फिक्का भयो । अगाडिको आकाश निर्वस्त्र भएको ठाने । वर्तमान मानसिक सन्तुलन गुमाएको विरामी झैं डुलिरहे जस्तो लाग्यो । मनमनै अबदेखि अवरोध नगर्ने अठोट गरे । कतिपय आफन्तको सल्लाह पनि यस्तै थियो ।

उनी कल्पनाको फूलबारी मनमा गोड्दै आकाशमा उडे । त्यसपछि जीवनयापनमा सहजता मात्र होइन शैली पनि परिवर्तन भयो । छिमेकीको आडमा परदेसिएका छोराछोरी पिताको देहान्तपछि स्वदेश फिरे । ती फर्कंदा पारिवारिक स्थिति क्षीण त थियो नै भएको सबै जायजेथा सावाँ-ब्याजमा परिणत भइसकेको थियो ।

स्वाभिमानबस्ती, बारा ।

--



# नन्दीराज्य

**नवराज शर्मा**

शिवजीले नन्दी र तिनका सन्तानको कुशल मङ्गल सोध्नुभयो। प्रतिउत्तरमा नन्दी खिन्निक्क अनुहार लाएर बिन्ती गर्न लागे 'प्रभु ! के भन्नु ? हजुरको आदेशको उल्टो, आजसम्म मेरा सन्तानले नपाउनु दुःख पाइरहेछन् प्रभु ।'

भोलेबाबा मुसुमुसु हाँसिरहनुभयो । नन्दीले बेलीविस्तार लाउन थाले- 'प्रविधिले हलोलाई विस्थापित गरेपछि मनुवाहरूले बाच्छोलाई हेलाँ गरे । गोठमा बस्न दिएनन् । सडकमा लघारे । सडक दुर्घटनामा परेर ती अगती पर्न लागे प्रभु !'

शम्भोको मुस्कान यथावत उस्तै थियो। हाँस्दै प्रतिप्रश्न गर्नुभयो- 'मर्त्यलोकमा अवलोकन भ्रमण गर्दा लघुशङ्का लागेपछि के गरेका थियौ रे ?'

शम्भोलाई ठट्टाको भावमा देखेर नन्दीले भने- 'मनुवाले मेरा सन्तानलाई त के आफ्ना कुटुम्बलाई समेत भोकलाग्दा खाना र तिर्खालाग्दा पानी दिँदा रहेनछन् । त्यसैले शौचालयको व्यवस्था पनि नगरेका रे ! भएकामा पनि आफ्नै सुख सुविधाका लागि दस्तुर लिँदा रहेछन् । त्यही भएर पुनः आफ्नो स्वरूपमा आई मैले लघुशङ्का गर्नु परेको थियो प्रभु ।'

एकछिन सन्नाटा छायो । लामो श्वास फेरेर नन्दीले पुनः सोधे- 'मेरा लालाबालाले कहिले मुक्ति पाउलान् प्रभु ?'

मुसुमुसु हाँस्दै शिवजीले भन्नु भो- 'मुक्ति पाइसके तिम्रा ती लालाबालाले ।'

'खै प्रभु, उनीहरू यहाँ आइपुगेनन् त ?' नन्दीले चिन्ता व्यक्त गरे ।

'अहिले आफ्नो सेवा र दुःखको प्रतिफल उपभोग गर्दैछन् ।'

'कसरी प्रभु ?' नन्दी असमन्जस्यमा परे ।

'सडक दुर्घटनामा परेपछि तिनका आत्मा सत्तासिनहरूको शरीरमा प्रवेश गर्छन् अनि दीन दुनियाँको वास्ता नगरी मस्त रहन्छन्, सत्तासुख भोग्छन् ।' शिवजीले रहस्य बताए ।

'मैले केही मेसो पाइँन प्रभु !' नन्दीले आफ्नो अज्ञानता प्रकट गरे ।

शिवजीले जटा झट्कारेर भने- 'नन्दी, मेरो प्रिय भक्त ! तिमीले मेसो नपाउनाको कारण तिनको मनुवा रूप हो । सत्तासिनहरूका रूपमा मान्छे, प्रवृतिमा साँढे र मति चाहिँ तिनका गोरु जस्तो हुन्छ । त्यसैले तिमीले मेसो नपाएका हौ ।'

भर्जिनिया, अमेरिका ।

--



# सुपोषणको पुरस्कार

**नारायण नेपाल**

बाढी प्रकोपले सुपोषण एक्लै थिए। त्यही चपेटाले होला 'प' बाट पानी पर्ने कुरो सम्भिने रे ! 'ब' बाट बाढी अनि तर्सिने। समयान्तरमा 'ज' बाट जागिर पाएपछि भने कखराबारे उनको सोचाइमा केही परिवर्तन आएको अरूले बुझेका थिए। उनको जागिर राम्रो थियो। भनेजस्तो तलब र प्रचुर विदा। उनले त्यसैकसो 'क'बाट कविता लेख्ने बानी बसाएका थिए र प्रस्तुतिमा जोड्न थालेका थिए विभिन्न काव्य विधा-उपविधाका शायरी, हाइकु, रुवाई तथा मुक्तक, लिमरिक, सोनेट, गीत, गजल, गद्यकाव्य, गाथागान, भजन, सबाई, आकार कविता आदि। फुर्सद त्यो पनि आर्थिक हैसियतले थेग्ने सर्जकीय पाराको। पुटुक्क ज्यान चुटुक्क मिलेर हिँड्ने बानी भएर हो वा सिर्जनाको प्रभाव कतिपय मञ्चमा उनको तारिफ चल्न थाल्यो। उनले 'प' बाट पुरस्कार पनि पाउन थाले।

समयसँगै सोचको दायरा बढ्नु स्वाभाविक थियो। तेस्रो पुरस्कार पाएपछि काव्यसँगी उष्णिमासित उनको बिहे भयो। घरजमको रमाइलोमा अब 'म' बाट कसैको मायामा परेको बुझ्न थाले भने काव्यिक डुबानमा 'ज' बाट जिन्दगीको रचनात्मक बढोत्तरी।

पहिलेको पीडा भुलेका सुपोषणको जीवनमा फेरि मन कुँडिने घटना भयो। एक दिन एक पुरस्कार समारोहमा दर्शकदीर्घाको आवाजले उनलाई पाकेको केरा थिचिएजस्तो फ्यात्त गलाएर छोड्यो। कसैले उनको मायालुको काका चुनिन्दा साहित्यिक संस्थामा निर्णायक हुनुको फाइदाका कुरा जोडे त कसैले उनको सम्पत्ति र सञ्जालको पछि लाभ लिने मनसायले पुरस्कारद्वारा हण्डी सोझ्याएको अड्कल गरे।

ढाडस दिँदै उष्णिमाले भनिन्- 'ह' बाट हजुरको सिर्जना र उपलब्धीमा जल्नेहरू जे पनि भन्छन्। 'अ' बाट आफैमा विश्वास गर्ने र रचनात्मक क्षमता बढाउँदै खुसी रहने हो। मेरो त हजुरमा पूर्ण विश्वास छ। अब 'घ' बाट घर जानुपर्छ, लु जाऔं। 'स'बाट समयले सबै ठीक गरिहाल्छ नि !

सुनसरी, हाल काठमाडौं।

-_-



## का

**नेत्रबहादुर श्रेष्ठ**

एउटा स्कुल थियो । त्यहाँ सँगै नियुक्त भएका दुईजना सरहरू थिए । एउटा सरको नाम उपेन्द्र र अर्को सरको नाम रमेश थियो । उपेन्द्र सर धनी थियो भने रमेश सर गरीब थियो । रमेश सर गरीब भए पनि आफ्नो काम र सीपमा अब्बल थियो । उपेन्द्र सर भने आफ्नो काम र सीपमा अल्छी गर्ने स्वभावको थियो । साथै उपेन्द्र सर शक्ति र पहुँच भएको व्यक्ति थियो । स्कुलमा हेडसरले पनि उपेन्द्र सरलाई नै बढी महत्त्व दिने गर्थे । हेडसरले कुनै पनि स्कुलको गतिविधिमा रमेश सरलाई भन्दा बढी चासो उपेन्द्र सरलाई दिन्थे ।

हरेक पटक हेडसरको यस्तो व्यवहार देखेर त्यस स्कुलको सहायक हेडसरले अनौठो मानेर हेडसरसँग जिज्ञासा राखे- 'सर, हजुरले रमेश सर राम्रो हुँदाहुँदै पनि उपेन्द्र सरलाई मात्र बढी अवसर र महत्त्व दिनुहुन्छ किन ?' उक्त कुरा सुनेपछि हेडसरले सहायक हेडसरको कानमा सुटुक्क भने- 'हेर्नुस् सर, उपेन्द्र सरलाई महत्त्व दिँदा पछि भविष्यमा मेरो तह बढुवा हुने ठूलो मौका छ ।'

ठूलो सिरुवारी, सिन्धुपाल्चोक-१३ ।

--



## फेरिएको मुक्ति

**पी पी कोइराला**

'भन अब तिमी कहाँ जान चाहन्छौ ?' पृथ्वीमा पुनः जन्म लिन आँटिरहेका विश्वका नेताहरूलाई ब्रह्माले सोधे ।

एउटा नेताले भन्यो- 'गणतन्त्र मलाई एकदम मनपर्छ । म गणतन्त्र भएको देशमा जान्छु प्रभु ।'

'तिम्रो गणतन्त्रतर्फ त्यत्रो मोह किन ?' ब्रह्माले सोधे ।

'भोट लिन सजिलो हुन्छ भनेर प्रभु । फेरि नेता हुनका मज्जा नै अलग नि प्रभु ! सपना मात्र देखाए पुग्छ ।' नेताले निहुरिएर बिन्ती बिसायो ।

'तिमी गणतन्त्रमा बेथिति भएको मन पराउँछौ ?' ब्रह्माजीले सटिक प्रश्न सोधे ।

'बेथितिकै धमिलोमा त माछा मार्न पाइन्छ नि प्रभु !' नेताले अर्थ्यायो ।

'त्यसो भए पृथ्वीमा गणतन्त्र भएका देश धेरै छन् । ती देशमध्ये रोज । म पठाइदिन्छु' ब्रह्मा बोले ।

नेताले खुसी प्रकट गर्दै भन्यो- 'किन रोज्न पर्‍यो र प्रभु ? मलाई जानकारी छ, म नेपाल नै जान्छु ।'

धरान ।

--



# अभ्यास

**प्रकाशप्रसाद उपाध्याय**

केही केटाकेटी दगुर्दै कतै गइरहेका थिए । नयाँ कटाकेटीहरूलाई यसरी दगुरिरहेको देखेर झुण्डमा बसिरहेका केही कुकुर उनीहरूमाथि भुक्दै झम्टिन खोजे । यो देख्दा म कराएँ--ए बाबु हो, नदगुर, कुकुरले टोक्ला । एकछिन उभिएर माया गरेजस्तो गर, केही गर्दैन ।'

केटाकेटीहरू टक्क अडिए । कुकुहरू पनि अडिए तर उनीहरूमाथि भुक्न छाडेनन् । केटाकेटीहरू नजिक पुगेर मैले कुकुरलाई धपाएँ । म पुगेपछि कुकुरहरू एकातिर लागे र भुक्न छाडे । सोधेँ- 'तिमीहरू कताका ? किन यसरी दगुरेका ?'

'अङ्कल हाम्रो स्कुलमा अर्को साता दौडको प्रतियोगिता हुँदैछ । त्यसैका लागि उ पल्लो टोलबाट अभ्यासको निम्ति दगुर्दै आएका ।'

'अभ्यास गर्दैछौ, राम्रो कुरो हो तर नयाँ ठाउँमा यसरी दगुर्नु हुन्न । नयाँ ठाउँका कुकुरहरूका लागि तिमीहरू नौला मानिस हौ । तिमीहरूलाई चिनेका हुँदैनन् । यसरी बस्तीभित्र दगुर्नु राम्रो पनि होइन । कतै बाइसाइकिल, मोटर, स्कुटर आइरहेका अवस्थामा त्यससित पनि ठोक्किने खतरा हुन्छ । यस किसिमको अभ्यास कुनै चौर वा खुल्ला मैदानमा गर्नु रामो हुन्छ । बुझ्यौ ?'

'हजुर, धन्यवाद अङ्कल ।'

'यी हेर मेरो पेट, यसै गरी दगुर्दा गाईको सिङले घोचेको । धन्न, आन्द्रा बाहिर निस्केन । यसो हुँदा दगुर्दा विचार पुऱ्याउनु पर्छ । ल अब फर्किहाल र आफ्नो स्कुलको मैदानमा फन्को लगाउँदै दगुर वा कुनै पार्कमा जाऊ । नत्र फर्किने बेलामा फेरि पर्लाऊ यी कुकुरहरूको फेला ।'

काठमाडौं ।

--

**गीत, गजल, म्युजिक भिडियो,**
**विवाह, कार्यक्रम आदिको लागि**
हामीलाई सम्झनुहोस्
Four Cube Entertainment
9860660925/9841466812



# अन्तर

**प्रदीप सापकोटा**

असिनपसिन छ ब्यूँझँदा । आफैलाई चिमोटेर हेर्छ । सपनामा पो रहेछ, अनि सपनामा बिग्रिएको अनुहार मिलाउँछ । धत् ! सपनामा त यति गाह्रो रै'छ गाँठे ! विपनामा यस्तै जिन्दगी जिउनेहरूको पीडा कति धेरै होला ? कति सास्ती खेपेका रैछन् अभावमा जिन्दगी जिउनेहरूले । चुइँचुइँ उकालोमा गह्रुङ्गो भारी पसिनाले भिजेको शरीर बोकेर स्वाँ-स्वाँ गर्दै गरेको सपना देख्यो रविनले ।

रवीन सम्भ्रान्त परिवारको एकलौटी सन्तान । न डर न अभाव । दुःख कुन चरीको नाउँ हो उसलाई थाहा होस् कसरी ? अर्कोतिर उसकै दौंतरी धर्मेको जहिल्यै निधारमा पसिनाका थोपाहरू चम्कँदै बग्छन् । दुःखका कैयन पलहरूसँग साक्षात्कार गरेको छ उसले । एउटा टुहुरो न हो । बच्चामा साइकल खेल्न नपाएर कति रून्थ्यो रविनले साइकल खेल्दा । बच्चादेखि उनीहरूलाई दिनको एकपटक नभेटी चित्त नबुझ्ने ।

पुतली सडकबाट कार हाँकेर भाटभटेनी सुपर मार्केट जाँदै छ । उसको बायाँतर्फ उसकी श्रीमती स्वर्गकी परीजस्तै सिँगारिएकी माया छे । ट्राफिकले सिट्ठी फुक्दा 'ला मसँग त लाइसेन्स नै पो छैन ।' झल्याँस्स ब्युँझियो धर्मे । सपनामा पो रहेछ । खिस्स हाँस्छ । श्रीमती मस्त निदाइरहेकी । ऊ सोच्छ- उफ् विपनामा पनि यस्तै भए ? एकछिन सपनामा भए पनि खुसीको अनुभूति गर्न पाउँदा खुसी देखियो ।

रवीन र धर्मे सधैं झैं चौतारोमा भेटेर आ-आफ्ना सपना एकअर्कालाई बताउँन थाले ।

अरे ! अन्तर कति छ धनी र गरीबमा ।

पनौती, काभ्रे ।

-_-

**तपाईंले साहित्य तथा शैक्षिक अन्तर्वार्ता, कथा, कविता, गीत र विश्लेषण फेसबुक तथा युटुबमा हेर्नुभयो त ?**

**Khabari Nepal**



# श्रद्धाले जोडिएको हात

**प्रमोद नेपाल**

रामप्रकाश विश्वकर्मा र उसको परिवार आज गदगद छन्। आज रामप्रकाशले स्नातकोत्तरमा अङ्ग्रेजी विषयमा प्रथम श्रेणीमा प्रथम स्थान हासिल गरेको छ। एउटा गरीब परिवारमा जन्मेका रामप्रकाश सानो कक्षादेखि नै पढाइमा अब्बल थिए। जेहेनदार र शालीन छात्र भएकाले सबै गुरुहरूले उसलाई मन पराउँदथे। बालक छँदा नै उसले बाबुको छत्रछायाबाट बञ्चित हुनु परेको थियो। उसको आमाले मजदुरी गरेर जेनतेन उसका दुई बहिनीसमेतको लालन पालन गरेकी थिइन्।। उनीहरूलाई हुर्काउन आमाले गरेको कठिन परिश्रम देख्दा रामप्रकाशको मन नकुँडिएको हैन। कक्षाको अब्बल र गरीब छात्र भएकाले पढाइका लागि रामप्रकाशले छात्रवृत्ति प्राप्त गरेको थियो। उसको विशेष दखल अङ्ग्रेजी विषयमा थियो।

विद्यालयमा अङ्ग्रेजी विषय हिम्मतबहादुर गुरुले पढाउनुहुन्थ्यो। 'तिमी पछि के बन्छौ रामप्रकाश ?' भन्ने गुरुको प्रश्नमा 'म त अङ्ग्रेजी विषयको प्राध्यापक बन्छु सर।' भन्ने उसको जवाफ हुन्थ्यो। लाहुरेको छोरा हिम्मत गुरु पनि रामप्रकाशको ढाडस बढाउने गर्नुहुन्थ्यो र बेला बेलामा आवश्यक सहयोग पनि गर्ने गर्नुहुन्थ्यो।

दिनहरू बित्दै गए। रामप्रकाशले दिनमा केही समय काम गर्दै पढ्दै गरे र स्नातकोत्तरमा अङ्ग्रेजी विषयमा अब्बल स्थान हासिल गरे। स्नातकोत्तरमा अङ्ग्रेजी विषय पढाउन उनले सहायक प्राध्यापकको नोकरी पनि पाए।

पहिलो दिन कक्षा कोठामा प्रवेश गर्दागर्दै रामप्रकाशको आँखा एउटा परिचित अनुहारमा पऱ्यो। त्यो अनुहार अरू कसैको नभएर उसलाई हरप्रकारले माया गर्ने हिम्मत सरको थियो। कक्षाको औपचारिकता पश्चात् सबै बाहिर निस्के। रामप्रकाश सिधै उसको गुरु हिम्मत सरको नजिक पुग्यो र आफूलाई माया गर्ने सरलाई अभिवादन गऱ्यो। हिम्मत सरले ऊतिर हेर्दै भन्नुभयो 'आज मेरो छाती गर्वले चौडा भएको छ। तिमी जस्तो चेलाको गुरु हुनु पनि गर्वको विषय हो। तिमीलाई धेरै बधाई छ राम !' रामको मुखबाट कुनै शब्द निस्केन, उनले श्रद्धाले केवल दुई हात मात्र जोडिरहे।

--



# समानता

**बाँस्कोटा धनञ्जय**

श्रीमतीले घरमा पुगेर लुगा फेर्न नपाउँदै गोजीमा हात हालेर पैसाको मुठो झिकिन् । उनलाई पैसा हेर्नु थियो । उनलाई पैसा गन्नु थियो अनि ममाथि प्रश्नहरू तेर्स्याउनु थियो- 'आज कति जम्मा भयो ?'

'नौ हजार' मैले नढाँटी उत्तर दिएँ ।

'सिट खाली थिए कि क्या हो ? कि भाडा पूरै लिनुभएन ?' उनका मनामा अनेक प्रश्न जागेर आउन थाले ।

'यात्रु घटे बर्खायामले गर्दा ।' मैले ढाड बाँया हातले हिर्काउँदै गलेको ढाड मालिस गर्दै उत्तर दिइरहेँ ।

'हिजोसम्म त घटेका थिएनन् त अनि यहाँ त पाँच हजार मात्रै छ त ?'

'पच्चीस सयको तेल हालेको अनि अरू खाना खाएको ।'

'यात्रु लगिदिँदा पनि पैसा लिई त्यो होटेल्नी नखरमाउलीले ? यात्रु लगेर उसको होटलमा पसाइदिएपछि पनि त्यसलाई आफूले खाएको तिर्नुपर्छ भने अबदेखि अर्कैको होटलमा लानुपर्छ ।'

जुत्ताले पाइताला पोलिरहेको थियो । फुकाल्दै उत्तर दिएँ- 'खाना खाएको तिर्नुपर्छ नि ! भात खाएर पैसा तिरेनन् है भनेर अरूलाई सुनाएको राम्रो लाग्दैन । त्यसैले ।'

'तपाईं धेरै आदर्शवान् होइरहनु पर्दैन । मान्छेले देशै निल्दा त लाज शरम छैन, तपाईंलाई चाहिँ एक छाक भात खाएको पनि शरम ? त्यो पनि दश पन्द्रजना खाना खाने ग्राहक लगिदिएर । हामीले गर्दा त्यसले दिनमा कति कमाउँछे ? हिसाब गर्नु त ।'

सर्ट पनि ह्वास्स गन्हाइरहेको थियो । फुकाल्दै भनेँ- 'साहुजी भन्छन्, साहु नभए पनि इज्जत त फाल्नु भएन नि ! त्यो पनि एउटी महिलासँग तर्क बितर्क गरेर ।'

'महिलासँग तर्क गर्दैनन् भनेर नै उसको लोग्नेले उसलाई गल्लामा राखेर ऊ भित्र लुक्छ । तर्क जोसँग पनि गर्दा हुन्छ, सबै बराबर ।'

पैन्ट फुकालेँ, अर्को हाफपैन्ट भित्रबाट ल्याएँ र लगाउँदै जीवनमै पहिलो पटक श्रीमतीसँग प्रतिवाद गर्न थालेँ- 'तिमी धेर नबोल, वाइयात मान्छे । सीमा हुन्छ नि बोल्ने ! एक छाक भातमा सती जाने मान्छे होइन म, बुझ्यौ ? मेरो पनि इज्जत छ । एक छाक भातमा सयौं यात्रुहरूका अगाडि नाङ्गेझार बन्नु छैन । तिम्रा बा

जस्तो होइन, अर्काको हलो जोत्न जाँदा कतिखेर भात दिन्छन् भनेर समयको औला भाँचेर बस्ने । आफ्नो हदमा बस । नबोलौं भन्दाभन्दै आज बाध्य भएर बोल्नु पऱ्यो । चिसो पानीसम्म पिउन पाको हैन ।'

'हैन के भयो ? मेरा मरेका बालाई किन बीचमा ल्याएको ? तपाईंका बाले पनि सुनपानी खाएका होइनन् । हैन, एघार वर्षसम्म त यसरी ठूलो स्वरले बोल्नुभएको थिएन त मसँग ! के भयो आज ?'

'तिमीले नै होइन महिला पुरुष बराबर भनेको ? अनि तिमीले मलाई जे पनि भन्न मिल्ने अनि मैले नमिल्ने ? बराबर ।'

त्यसपछि श्रीमतीको बोली अवरुद्ध भयो । उनी चूप लागेर हातका पैसा मेरो अगाडि राखिदिएर घरभित्र पसिन् ।

–_–



## जवाफ

**बाबुराम न्यौपाने 'उत्स'**

'आमा ! ए आमा ! भोक लाग्यो ।' कक्षा चारमा पढ्दै गरेको छोराको कुरा सुनेर, आमा गम्भीर बनिन् । थैलीमा सुको पैसा थिएन । भान्सामा खानेकुराका सबै बट्टाहरू रित्ता थिए ।

'उता, तेरा बालाई भन् न' यति भनेर आमाले लामो निःश्वास छोडिन् ।

'ए, बा के गर्नुभएको ? मलाई भोक लाग्यो ।' छोराले बिस्तारै बाको तीलचामले दाह्री सुम्सुम्याउँदै प्रश्न गऱ्यो ।

'कविताको खेती गरेको छोरा । कलमको निबले कापीमा युगको चपरी पल्टाउँदैछु ।' छोरो एकछिन मौन बस्यो र फेरि अलि जोडले बोल्यो-

'मैले केही पनि बुझिनँ बा । म भोकले लखतरान परिसकें । कविताको खेतीमा के फल्छ ? के तपाईंको कविताले मेरो भोक टर्छ ?'

अनेकौं उत्तरहरू बाको गलामै अड्किए । उनको गला अवरुद्ध भयो । कविता लेख्दै गरेको हातको कलम उनको हातबाट पुर्लुक्क भुइँमा खस्यो । छोराले भुइँमा खसेको कलम टिप्दै फेरि छेउमा बसेकी उनै आमातिर फर्किएर भन्यो-

'ए आमा, हाम्रा बाका यी कविता कहाँ बिक्री हुन्छन् हँ ?'

आमाका आँखा रसाए । यही आँसुमा छोराको प्रश्नको जवाफ थियो ।

दमक, झापा ।

–_–



# समाजसेवाको ढोंग

**बी.पी. सेढाई**

सरिताको पढ्ने धोको तीव्र थियो तर घरपरिवारको गरिबीले उच्छारको बाटो दिएको थिएन । बाबा बिरामी परिरहने हुँदा आमाको लालनपालनले मायालु संसार पाएको भए पनि हरपल आर्थिक अभावले थिचिरहेको थियो । सरिताहरू चार भाइबहिनीहरू थिए । सरिता जेठी छोरी भएकाले अरूको मेलापात गएर खर्च जुटाएर भए पनि पढ्न छाडेकी थिइनन् ।

जहाँ इच्छा त्यहाँ उपाय भने झैं सरिताले दुःखजिलो गरी एस.एल.सी.पास गरिन् । खर्च बोकेर शहर गई उच्चशिक्षा आर्जन गर्न सरितालाई परिस्थितिले साथ दिइरहेको थिएन । आफूले घर छोड्दा भाइबहिनीको पढाइ के हुने ? बुवाको उपचारखर्च कसरी जुटाउने ? घरखर्च चलाउन आमालाई चाहिने सरसामानको जोहोको आधार के हुने ? भन्ने कुराले सरिताको टाउको दुखाउँथ्यो र उनी बेलाबेला किंकर्तव्यविमूढ बन्दथिन् ।

सरिताले घरको आन्तरिक सरसल्लाहा मिलाई आफू काम गर्दै पढ्दै गर्ने योजना बनाइरहेका बेला उसकी काकीको भाइ दानप्रसाद आफ्नी दिदीलाई भेट्न आएको बेला सरिताको वास्तविक अवस्थाका बारेमा थाहा पाउँछन् र दिदीको माध्यमबाट सरितालाई काठमाडौं लगी आफ्नो घरमा बसालेर आइ.ए. पढाइदिने प्रस्ताव सुनाउन लगाउँछन् । मामा नाता पनि पर्ने र पढ्न पनि पाइने प्रस्ताव सुन्दा सरिताले बुवा आमालाई मनाएर दानप्रसादको प्रस्तावमा स्वीकृति जनाई र दानप्रसादको घरमा जाने निधो गरी ।

काठमाडौंमा बसेर पढ्न पाइने कुराले यता सरिताको मनले मनका लड्डु घिउसित खाइरहेको थियो । उता दानप्रसादको मनले पनि तलब दिएर नोकर राख्नुभन्दा घरमा श्रीमतीलाई पनि काममा सघाउने र दुईचार हजार भर्ना गर्नमा र फिस तिर्नमा खर्च गरी दुःखीदाखीलाई पढाएपछि दिदीका घरतिर दिदीको भाउ बढ्ने र आफू पनि छरछिमेकदेखि अफिससम्म समाजसेवी बन्न पाइने कुराको कल्पनाको स्वर्णिम संसारमा विचरण गरिरहेको थियो ।

नाम दानप्रसाद भए पनि कहिल्यै दानका नाममा कौडी दान नगरेका मान्छेले सरितालाई आफ्नो घरमा राखी कलेज पढाउनका लागि भर्ना समेत गरेको सुन्दा उनका छिमेकीहरू आश्चर्यचकित परे । स्वयम् दानप्रसादकी श्रीमती तरुनी पर स्त्री घरमा राख्न ल्याएकाले भित्रभित्रै असन्तुष्ट थिइन् । असन्तुष्ट मात्र होइन

उनमा दिनानुदिन सन्देह नै सन्देह कुण्ठित हुँदै गएकाले श्रीमान्सित मन साट्न छाडेकी थिइन् । बेलाबेलामा रिसाइरहने हुँदा एक वर्षभित्र घरमा ठाकठुक पर्न थाल्यो । यही परिवेशमा सरिताले आइ.ए. प्रथम वर्षको जाँच दिएर दोस्रो वर्षमा भर्ना भई उत्साहकासाथ पढिरहेकी थिई ।

एक दिन सरिता क्याम्पसमा पढाइ नभएकाले सदाको भन्दा चाँडै घर फर्केकी थिई । घरभित्र दानप्रसाद र उनकी श्रीमतीको झगडा परेको सुनिन् । श्रीमतीलाई विश्वास दिलाउन दानप्रसादले समाजमा समाजसेवी भएर सान देखाउन दिदीको जेठाजुको छोरी पालेको अरू सोच र सम्बन्ध नभएको सफाइ दिइरहेको सुनेपछि सरिताले दानप्रसादकी श्रीमतीको नारी मनोविज्ञान र दानप्रसादको समाजसेवाको ढोंगको रहस्य बुझेर आश्चर्य पर्दै भोलिपल्ट दानप्रसादको घर छाडी डेरा खोजेर बस्न थालिन् ।

प्युठान-८ बाग्दुला ।

--

# छाया र सारथी

**महेश प्रसाई**



बडेमानको ज्ञानले भन्यो-
'ज्योति ज्योति महाज्योतिमा हिँड्नू ।'
विज्ञानको तर्कमान अभियानले भन्यो-
'सूत्र-सूत्रादि र प्रविधिमा हिँड्नू ।'
वाद-प्रतिवादले भन्यो-
'मेरो रिदम-ट्र्याकमा हिँड्नू ।'
दर्शन-दिग्दर्शनले भन्यो-
'येन केन प्रकारेणमा हिँड्नू ।'
शास्त्र शास्त्रार्थले भन्यो-
'निष्ठा र सिध्दान्तमा हिँड्नू ।'
पुराण-महापुराणले भन्यो-
'नीति-किंवदन्तिमा हिँड्नू ।'
.. ......

त्यहाँ ज्ञान-विज्ञान, दर्शन, वाद-सिद्धान्त, शास्त्र र पुराणबाट विरक्तिएर जीवनको चौराहामा आइपुगेको एक आन्दोलित छाया मात्र थियो । एक अविच्छिन्न छाया ।

.. .....

छायाका अगाडि उपरोक्त सारथीहरू सबै नतमस्तक थिए ।

--



# कर्म

**भाभा शर्मा**

वर्षौंपछि सँगै बसेर पिएको चियामा पनि उनलाई त्यो पुरानो मिठास अनुभूति भएन । त्यो सुकुमेलको सुगन्ध र कडा तिख्खर चियाको स्वाद उनको जिब्रोमै बसेको थियो । पहिले उनै सहपाठीहरूसँग यसै चियापसलमा घन्टौ गफिँदा पनि उनलाई चियाको धित कहिल्यै मर्दैन थियो तर आज पहिलो कपको चिया नै निल्नु र ओकल्नुको बीचमा किलकिलेबाट तल जानै सकिरहेको थिएन ।

विश्वास र घातको बीचमा केवल एकै सर्को चिया त थियो ! अघिल्लो सर्कोको मिठास कति बेला पल्लो सर्कोमा विशाक्त हुन गयो उनले पत्तै पाएनन् । आज फेरि त्यही पोखिएको चियाको दागले रङ्गिएको टेबलमा हात अड्याएर, कट्कटिएर चिल्ला र मैला देखिने कुर्सीमा बसी, अन्तरकुन्तरमा जमेका कसले युगौं पुरानो सम्झना गराउने सिसाका चिया गिलासमा, दशौं कप चिया पिउँदै घण्टौं सँगै बसेर गफिने उनै सहपाठीहरूसँग बस्दा पनि उनलाई सहपाठीहरूको न त त्यो पुरानो आत्मियता अनुभव भयो, न त चियाको मिठास नै ।

उनी चिया पसलबाट जुरुक्क उठे । खाँदाखाँदैको चिया छोडेर सहपाठीहरूलाई केही नभनी सरासर पश्चिमको बाटो ताकेर मन्दिरतिर लम्किए । उनको जिब्रोमा चियाको स्वाद तमतमाइँदो अमिलो तरङ्ग दिइरहेको थियो । उनलाई थाहा छैन, कहाँ पुगेर उनले यो अम्लीयपन वमन गर्ने हुन् । चियापसलको आसक्तता निशब्द स्तब्धतामा बदलिएको वर्षौंपछि पनि आज उनले आफूलाई सोही मोडमा पाए, जुन दिन उनको सो चियापसलसँग नाता टुटेको थियो ।

सहपाठीहरूको लहडमा गरिएको एउटा परिहासले उनले एक अनन्य मित्र गुमाएका थिए । उनले हँसी-मजाकमा गरेको फोन कलले मित्रको परिवारमा उथलपुथल ल्याइदियो, मित्रको घरमा उनको आवतजावत बन्द भयो, जहाँ उनी दैनिकजसो पुग्थे । बुवाआमासहित मित्र अन्त कतै बसाइँसराई गरेउप्रान्त न उनले मित्रलाई सम्पर्क गर्ने आँट गरेँ, न मित्रले सो घात बिर्सिएर उनलाई सम्झिए । सो घटना उनको मनमा यसरी घाउ बनेर रह्यो कि न उनले पश्चात्ताप गरेर खाटा बसाउन सके, न त मित्रको परिवारलाई यो केवल मिथ्या चियागफ थियो भनेर बुझ्।ाउन सके ।

आज सोही चियापसलमा पुरानै सहपाठीहरूसँग पुग्दा उनको घाउ भक्कानिएर

बल्झियो । हतास मानसिकतामा मुडोसरह घर पुग्दा रुँदै-आत्तिँदै उनकी धर्मपत्नी आइन् र गम्लङ्ग अँगालो हालेर भक्कानो फुटाइन्- 'कहाँ जानुभएको थियो तपाईं ? छोराको साथीले फोन गरेर तपाईंको दुर्घटना भएर अस्पतालको इमर्जेन्सीमा लगेको छ भनेर छोराछोरी हत्तारिएर उतै गएका छन् । म पनि अब घर बन्द गरेर उतै निस्कन्छु भनेर लागेको । कस्तो असत्ती रहेछ, सानैदेखिको छोराको साथी भनेर आफ्नै छोरो जस्तो सोचेको त तपाईंको दुर्घटना होस् भन्ने चिताउन सक्ने कपटी पो रहेछ त ।'

--



## हत्कडी

**मुना घिताल अर्याल**

पाँचतारे होटेलमा पाँचजना रक्सीको चुस्कीसँगै गफिइरहेका थिए । भित्र छिर्ने निहुँ पारेर वेटर ढोका खोल्दै घरिघरि 'के ल्याऊँ हजुर' भन्दै सोधिरहन्थ्यो । इच्छु राईले हजारको नोट हातमा समाएर बोले ।'यो लिएर खुरुक्क जाऊ घरिघरि नआऊ, चाहियो भने हामी आफू बोलाउँछौँ' ।

लाऊ हामी पनि दिन्छौँ- 'बरु ढोका लगाएर जाऊ है' । भन्दै सबैले हजारको नोट हातमा थमाइदिए ।

'हवस् हजुर' भनेर ऊ बाहिरियो ।

अनि ऋतुले प्वाक्क मुख खोलिन् ।'हाम्रो यतिका अर्ब रूपियाँ कसरी विदेशमा पठाउने ? लौ न गम्भीर छल्फल गरौँ मलाई त रातभरि निद्रा परेन ।

सबैले आआफ्नो ढम्फु बजाए ।

एकछिन परिवेश निशब्द भयो । समस्या झन् झन् जेलिँदै गयो ।

पृतुले लामो सास फेर्दै भने ।'यसरी हात बाँधेर बस्यो भने फसिन्छ । म त भोलि नै उड्छु । रात रहे अग्राख पलाए भन्छन् । मैले त मलेसिया जाने टिकट लिइसकेँ ।'

घ्याक्क ढोका खुल्यो । वेटर भन्ठानेर उनी झोक्किए- 'हैन तिमीलाई बोलाएपछि मात्र आऊ भनेको होइन' भन्दै पुलुक्क ढोकातर्फ हेरे ।

दृश्य अर्कै थियो ।

महाशय, हामी सी.आई.बी.बाट आएका प्रहरी । सहकारी ठगीमा यहाँहरूलाई हत्कडी लगाउने आदेश छ भन्दै केही व्यक्तिहरू अगाडि सरे ।

--



# बाबुछोरा

**मधुसूदनप्रसाद धिमिरे**

छोराले विजनेस स्टडीमा डिग्री पास गऱ्यो । घर परिवार पिता, माता कुल, कुटुम्ब खुसी भए । छोराले भन्यो- 'बाबा ! तपाईंको लगानी निकै परेको छ मेरो पढाइमा । अब सामान्य जागिर खाएर दुई नम्बरी नगरी आफूले पढ्दा गरेको लगानी उठाउन नसकिने अवस्था छ । त्यसैले विदेश गएर पिएचडी गर्दै कामको खोजी गर्दै गर्नुपर्ला जस्तो मेरा मनले सोचेको छ ।'

पिताजीले जवाफ दिँदै भने- 'बाबु कुरा त तेरो पनि जायज हो । यो देशको भविष्य राम्रो छैन भन्दै अधिकांश युवाहरू विदेसिन थालेका छन् । म तलाईं यौटा सल्लाह दिन्छु । उत्तम खेती, मध्यम व्यापार, निर्घृण चाकडी भन्ने चलन थियो पहिला । अब खेती गर्न उत्तम भनिन छाड्यो । ज्याला बेहद् महङ्गियो । वस्तु भाउ पाल्न समाज पछि हट्दै छ । अर्गानिक मल पाउन पनि गाह्रो पर्दै गयो । विदेशी मलले माटोको सातो नै लिइसक्यो । विषादि नछर्के खेती फस्टाउँदैन ।' अब व्यापारलाई उत्तम मानेर यही देशमा केही काम गर । म पनि तेरा काममा होस्टेमा हैंसे गर्न सक्छु । बरु गैह्री खेत बेचेरै पनि म लगानी गरिदिउँला ।'

छोराले सोध्यो- 'केको व्यापार गर्ने त ?' बाबुले सोच्दै भने- 'अँ हाम्रो ठाउँतिर दुई चारवटा स्कुल खुलिरहेका छन् । पहिलाको भन्दा शिक्षामा विकास हुँदै गएको छ । यतातिर स्कुल क्याम्पसका लुगा सिलाउने राम्रो पसल छैन । हाम्रा गाउँका दर्जीहरू पनि भन्छन् कामै छैन । त्यसैले तिनीहरूलाई तालिम दिलाउँ । सुटपिसदेखि महिलाका यावत् कपडाहरू सिलाउने, कपडा किन्न खोज्नेलाई पनि किन्न हुने पसल राखौं । तँ त्यसलाई राम्रो तवरले सोच् । मैले शहर बजारमा केही ठूला व्यापारीहरू चिनेको छु । म कपडा झिकाउने काम गर्छु बुझिस् ? दश जनालाई काम रोजगारी दिएर आफ्नै देशमा बस्न पाए किन जानु विदेश भन् त ?

बाबुछारोको यस्ता सल्लाहमा घर परिवार र मित्रसमेत खुसी भए । फेरि बाबाले कुरा थपे- 'त्यो काम गर्न त थोरै पढे पनि हुने थियो नि यति धेरै लगानी र परिश्रम किन गर्न पर्थ्यो र भन्लास् । त्यसो हैन । थोरै पढेरभन्दा धेरै पढेर दक्षता हासिल गरेको व्यक्तिले गरेको व्यापारमा सफलता पाइन्छ । यदि यो काम गरेर सफल भइने ढाँचा देखिनस् भने एक दुई सालपछि व्यापारिक संस्था नै बेचिदिउँला अनि मात्र तँ पनि विदेश हान्निएलास् हुन्न त ?

--



# परम्परागत बिहे

**मुरारीराज मिश्र**

'ल अब कन्यादानको समय हुन लाग्यो, तयार हुनुहोस्' पुरोहितले दुलही पक्षलाई जानकारी गराए ।

'कन्यादान भन्ने शब्द प्रयोग नगर्नुस् त गुरु ! के हामी नारी कुनै वस्तु या जनावर हौं ? मान्छेको पनि दान हुन्छ कहीँ ? विदेशतिर त यस्तो चलन छैन । तपाईंहरू दक्षिणाको लागि जे पनि भन्ने ? यो मलाई पटक्कै मन पर्दैन ।' परम्परागत बिहे गर्नका लागि भनेर विदेशबाट आएकी दुलहीले पुरोहितको कुरा सुनेपछि कड्किँदै भनिन् ।

दुलहीका कुराले विवाहमा आएकाहरूको ध्यानाकर्षण गऱ्यो । उनीहरू विवाह मण्डप नजिकै झुम्मिएर कहिले दुलाहा, दुलही र कहिले पुरोहितको मुख हेर्न थाले । सबैका मनमा 'अब के हुन्छ ?' भन्ने जिज्ञासा थियो । दुलहीको मुखमण्डल क्रोधाग्निका कारण रातो देखिन्थ्यो भने दुलहा केही नबुझे झैं अक्क न वक्कको अवस्थामा थियो ।

'धुवाँले गर्दा फोटो राम्रो आएन- जग्गेमा आगो नबाल्नुस्, फोटो खिच्न समय पुग्दैन- विवाहको विधि छोट्याउनुस्' भन्नेदेखि फोटो खिच्दा धकेलाधकेल गर्दै पटक पटक यताउता सर्न लगाएपछि, क्यामेराम्यानसँग गुरुको यसअघि नै चर्काचर्की परिसकेको थियो । अहिले झन् दुलही नै रणचण्डी बनेर कड्किएपछि त गुरुको धैर्यले सीमा नाघ्यो ।

रिसको झोंकमा, कर्मकाण्डको किताब दुलहीका बाबुको अगाडि पछार्दै उनले भने- 'धार्मिक विधि पनि चाहिने अनि धर्मशास्त्रका कुरा र विधि विधान पनि नमान्ने ? उसोभए यस्तो तामझाम र बिहेको नाटक चाहिँ किन ?'

'नरिसाउनुस् गुरु, छोरीको बुद्धि पुगेन क्या ...... ! भैगो, म सम्झाउँछु नानीलाई ।' दुलहीको बाबुले परिस्थितिलाई सम्भाल्न खोजे ।

'छोड्नुस् यो नौटङ्की, पुरोहितलाई जोक्कर र धर्म-संस्कारलाई खेलाँची ठान्ने यस्तो ठाउँमा पुरेत्याइँ गर्न, मलाई कदापि मञ्जुर छैन ।' गुरुले जग्गेबाट बाहिरिँदै भने ।

कुमारीगाल, काठमाडौं-७ ।

--



# न्याय

**म्यामराज राई**

'श्रीमान् ! यति भएपछि पनि केही थप प्रमाण चाहिन्छ र ?' वादी पक्षका न्यायाधीशले स्वास्थ्य परीक्षणका रिपोर्टहरू सरसरती पढ्न थाल्यो ।

'त्यो पर्दैन ।' प्रधान न्यायाधीशले बीचमै रोक्यो ।

पुगनपुग सत्र वर्षकी रसमती कठघरामा उभेकी थिइन् । बरु ढुङ्गा बोल्ला उनी बोलिनन् । चाहेर पनि बोल्न सकिनन्, एकोहोरो रोइरहिन् मात्र । समाजमा मुख कसरी देखाउने भन्ने चिन्ताले हो या अन्यायमा परिने डरले ।

प्रतिवादीका न्यायाधीश बम्कियो- 'नेम र फेममाथिको सरासर आक्रमण हो यो । यसरी गलत आरोप लगाएर अर्काको करियरमाथि धावा बोल्न पाइन्छ ? पीडित भनिएको व्यक्ति आफू झुटो भएको भएर नै नबोलेकी हुन्, नत्र किन बोल्दिनन्, श्रीमान् ?'

बलियो प्रमाणको रूपमा सिसिटिभी क्यामेरामा कैद भएका दृश्यहरू सबैसामु देखाउने अनुमति माग्यो ।

'आरोपित कामदेव खेलाडी हो । त्यो दिन यहाँ थियो । विश्वासनगरको फुटेज देखायो । श्रीमान् ! लु हेर्नुहोस् । कसरी जित्ने भनेर रणनीति बनाउँदैछ । दिमाग खाली बनाउन एक घण्टा अगाडिसम्म योगामा व्यस्त थियो ।' त्यसैले आनन्दपुरको घटना बारे अनभिज्ञ भएको न्यायाधीशले स्पष्ट पाऱ्यो ।

कामदेव कठघरामा उभियो ।

'श्रीमान् ! म निर्दोष छु । थप प्रमाण हेर्न सक्नुहुन्छ । हेयर स्टाइल र जिउडाल मिल्यो भन्दैमा ममाथि कसरी शङ्काको सुई घुमाउनुहुन्छ ? तपाईंले कस्तो न्याय दिलाउन खोज्दै हुनुहुन्छ ?' प्रधान न्यायाधीशतिर फर्केर दाहिने आँखा झिम्क्यायो ।

तुरुन्त फैसला आयो- 'अर्डर ! अर्डर ! आरोप लगाएको आरोपमा रसमतीमाथि नेपालको प्रचलित कानुनअनुसार कारबाही अगाडि बढाइने छ ।'

भोजपुर, हाल जापान ।

--



# मनभोगको स्वाद

**रञ्जु खनाल**

एकाबिहानै साधुराम चिच्यायो– 'तपाईं किन आउनुभा'को आमा ? अफिस जाँदा म नै भेट्न आउँला भन्ठान्दै थिएँ ।'

'आज मातातीर्थे औंसी हो नि त बाबु, गइहाल्छु नि !' आमाले प्रत्युत्तर फर्काइन् ।

साधुराम केही वर्ष पहिलेको कुरा सम्झन थाल्यो– 'हामी दुवैजना दिनभरि अफिस जान्छौं, तपाईं एक्लै हुनुहुन्छ घरमा । त्यसैले तपाईंजस्तै अरू साथीहरू बसेका घरमा जाने हो आमा....?' छोरा साधुरामले आफ्नी आमालाई भनेको थियो ।

'तँ बेलुकी कति बजे लिन आउँछस् नि, कान्छा ..? जान त जान्थें, एक्लै बस्दा हुटहुटी लाग्छ मनमा अनि तेरा बाउलाई सम्झन्छु ।'

अलि हड्बडाउदै साधुराम बोलेको थियो– 'दिउँसो मात्र हैन राती पनि त्यहीं बस्ने हो क्या आमा । '

'घरचाँहि कसले रुङ्छ त कान्छा ? चोरको बिगबिगी छ ।' आमाले चिन्ता व्यक्त गरेकी थिइन् ।

'भोटे ताल्चा मारेर जान्छौं नि !' छोराले सहजता प्रकट गरेथ्यो र पुनः प्रलोभन देखाउँदै बोलेथ्यो– 'त्यहाँ त बेलाबेलामा मनभोग पनि खान पाइन्छ नि आमा ।'

'मनभोग त मलाईभन्दा तँलाई नै बढी मन पर्छ नि !' आमाले भनेकी थिइन् ।

'त्यो कुन ठाउँ हो कान्छा ?' आमाले जान्न खोजेकी थिइन् ।

नसुने झैं गरेथ्यो उसले ।

हातको सानो बोहोता साधुरामलाई दिँदै आमाले भनिन्– 'आज मातातीर्थ औंशी रे ! त्यहाँ धेरै मनभोग पकाएर बाँड्दै छन् । मलाई पनि एक बोहोता दिएका थिए । तँ मनभोग भन्दा मरिहत्ते गर्छस् त्यही भएर दिन आएकी नि ! ला खाइहाल तातै छ । म जान्छु ढीलो हुन्छ ।'

साधुरामका अविस्मृत नेत्रले आमालाई हेरिरहे ।

कोटेश्वर ।

–_–



# विभिषिका

रञ्जुश्री पराजुली

दिनरात अन्धधुन्ध गोलाबारुदको गड्याङ्गगुड्ड, धुवाँ धुलोले वातावरण स्तब्ध बनेको थियो। उनको आँखाअगाडि टोल छिमेकका घरहरू ढलेर मान्छेहरू थिचिएका थिए। धरापमा परेर बाँचेकाहरू खाना खानेकुरा त परै रहोस् तिर्खाले चिरा परेको घाँटीसम्म भिजाउँन पाएका थिएनन्। आफ्नै घरतिर सोझिएर पङ्किन लागेको बमदेखि जोगिनको लागि लुकेर बसेको बारुदको लपेटामा परेर ढलेको घरको भुइँ तल्लामा लुकेर बसेका परिवारहरू फेरि हानिएर आएको बमद्वारा जोगिनको लागि बाहिर निस्केर भाग्न खोज्दा निस्कन भ्याएका चारजना परिवार एकै चिहान भए। बाँकी हजुराआमा र छ वर्षे नाति भित्रै छुटे। भित्र भएको सुकेको रोटीका टुक्रा र एक सिसी पानी जतन गरेर पुऱ्याएर चपाउँदै र घाँटी भिजाउँदै गर्दा तीन दिन बित्यो।

बाहिर चहलपहल नसुनिए पछि ती बज्यै नाति ताजा श्वास फेर्न लुकेको ठाउँबाट बाहिर निस्किए। बाहिरको स्थिति भयावह थियो। घरहरू गर्ल्यामगुर्लुम थिए। वातावरण बारुदले जलेर कालाम्य देखिएको थियो। केही पर एउटा भरी पानीको बोत्तल देखेर नाति दौडियो। हस्याङ र फस्याङ गर्दै भित्र छिररेर 'यो पानीले हामीलाई कति दिन पुग्छ हजुरआमा ?' भनेर सोध्यो र 'आगो ताप्ने दाउरा पनि ल्याउँछु है' भनेर दौडियो। हजुरआमाले 'बाहिर डरलाग्दो अवस्था छ नजाऊ' भनेको सुन्ने फुर्सद पनि उसको भएन। भत्किएको घरभित्र केही पाउँछु कि भनेर कोप्रोबाट छिर्ने दाउ खोज्दै थियो। आफ्नी सानी बहिनीसहित गुडाउने मेच भेट्टायो। हेऱ्यो बहिनी आँखा चिम्ली रहेकी थिई।'यस्तो चिसोमा मेरी बैनीलाई कति जाडो भयो होला' भनेर उस्को हात खुट्टा त्यसैमा भएको सानो ओडनेले तानतुन गरेर छोपिदियो र दायाँबायाँ खतराहरूसँग जोगिँदै हजुरआमा भएको तल्लो खण्डमा मेच गुडाउँदै आएर बहिनी भेट्टाएर ल्याएको- 'हजुरआमा ! मैले बहिनी पाएँ। एक्लै चिसो भएर सुतिरहेकी रहिछ हेर्नुस् त' भन्यो। नातिको कुरा सुनेर हजुरमा खुसी हुँदै- 'मेरा परिवार सुरक्षित रहेछन् भन्ने ठानी पल्याकपुलुक हेर्दै नातिनीलाई गुडाउने मेचबाट झिक्न खोजिन् तर नातिनी लल्याकलुलुक्क मेचबाट झरिन्।

अमेरिका।

--



# एकादेशको कथा

**रत्न प्रजापती**

विद्यालयको वार्षिकोत्सव तथा बिदाइ कार्यक्रम । विद्यालयको प्राङ्गणमा विद्यार्थी, अभिभावक र अन्य अतिथिहरूले भरिभराउ थियो । आफ्नो विद्यालयको वार्षिकोत्सवमा रमाइरहेका विद्यार्थीहरूको फुर्ती हेर्न लायकको थियो तर विद्यालय शिक्षा पार गरेर बिदा हुन लागेका केही विद्यार्थीहरूको अनुहार भने निकै मलिन थियो । उनीहरू किन खुसी हुन सकिरहेका छैनन् ? यतातर्फ धेरैको ध्यान गएको थिएन ।

औपचारिक कार्यक्रम सुरु हुनै लाग्यो । प्रमुख अतिथिसहित अन्य अतिथि केही अतिथि मिलेर बेलुन उडाए । विद्यालय जति वर्षको भएको थियो, त्यति नै जोडी बेलुन उडाइएको थियो । उपस्थित विद्यार्थी, अभिभावक र अन्य अतिथिहरूले खुसीले ताली बजाए । विद्यालय प्राङ्गण कर्तलध्वनिले गुन्जियो ।

एउटा विद्यार्थी उडेर आकाश माथि-माथि गइरहेको बेलुनतिर हेरेर टोलाइरहेको थियो । ऊ सोचिरहेको थियो, यो आकासिँदै उडेको बेलुन कहाँ पुगेर अवतरण हुने होला ? कस्तो ठाउँमा अवतरण हुने होला ? अनिश्चित छ । मेरो भविष्य पनि यो बेलुनको भविष्यजस्तै अनिश्चित छ ।

विद्यालयको वार्षिकोत्सव कार्यक्रम रमाइलो गरी सम्पन्न भयो । शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समितिका सदस्य, अभिभावक सबै जना खुसी देखिए तर बिदा हुँदै गरेका केही विद्यार्थी भने त्यो खुसीमा सामेल हुन सकिरहेका थिएनन् । उनीहरूको मुहारमा अनिश्चित भविष्यको चिन्ता र पीडा झल्किएको देखिन्थ्यो ।

अन्त्यमा, छुट्टिने बेलामा विद्यालयबाट बिदा हुँदै गर्दा अघि उडेर आकासिँदै गरेको बेलुन हेरेर टोलाइरहेको त्यो विद्यार्थीले साथीको टी-शर्टमा लेख्यो- 'खाडीमा भेटौंला ।' त्यसपछि अरू धेरै विद्यार्थीहरूले एक-अर्काको टी-शर्टमा उसैगरी लेखे- 'खाडीमा भेटौंला ।'

-_-



# हेलमेट खोई ?

**रमेश प्रभात**

'आज कलेज जाने होइन कि क्या हो ?' लोग्ने मोबाइलमा व्यस्त देखेर श्रीमती अप्सराले चर्को स्वरमा भनिन् ।

'हो, छिटो खाना पस्क त ।' सुजन सर हतार भए जसरी बोले ।

अप्सराले दुवै जनालाई खाना पस्किन् । केहीबेरपछि- 'खाना थपूँ ?' अप्सराले सोधिन् ।

'भो, मलाई पुग्यो ।' सुजन सरले जवाफ दिए ।

हतार हतार खाना खाएर मोटरसाइकलको चाबी लिएर तल ओर्लिए सुजन सर । हेलमेट लगाए र मोटरसाइकल स्टार्ट गरे । हिँड्नुअघि एकफेर ऐनामा आफ्नो अनुहार हेरे । हेलमेट त कालो नभएर पहेँलो रङको लेडिज मोडलको रहेछ ।

मोटरसाइकलमा बसेरै श्रीमतीलाई बोलाउँदै उनले भने- 'अप्सरा ! तिमीसँग मेरो हेलमेट साटियो कि क्या हो ? यसो हेरेर मेरो हेलमेट ल्याइदेऊ न !'
श्रीमतीले बरन्डाबाट आफ्नो हेलमेट देखाउँदै भनिन्- 'मेरो हेलमेट त यहीँ छ । त्यो हेलमेट हजुरकै होला ।' त्यसपछि उनी भित्र पसिन् ।

'मेरो हेलमेट कता पऱ्यो त ?' एकछिन गहिरो सोचमा हराए सुजन सर । हिजो कलेज सकिएपछि सम्झनासँग उसकै स्कुटीमा बसेर रेस्टुरेन्ट गएको कुरा झल्याँस्स सम्झे । त्यसपछि उनले श्रीमतीलाई केही नभनी हतार हतार कलेजतर्फ मोटरसाइकल दौडाए ।

चितवन ।

--

वैजयन्तीको लागि रचनाहरू शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।



# सहकारीको अङ्कल

**डा. रमेश शुभेच्छु**

मलाई डाक्टरले हैरान पारिसक्यो । कुनै बेला गोप्य कोठमा लान्छ, कुनै बेला अरू बिरामीसँग राख्छ र भन्छ- तँ स्वास्थ छैनस् ।

मलाई लाग्छ, म निरोगी छु । डाक्टर पनि बारम्बार त्यही अङ्कलको नाम सोध्छ । आफूले त्यो अङ्कल खोजेको ठ्याक्कै पाँच वर्ष भयो । म कसरी भनूँ उसको नाम ? त्यही अङ्कल खोज्दाखोज्दै यहाँ आइपुगें । मलाई लागिरहेछ, अब डाक्टर पनि बिरामी हुन्छ । सहकारी अङ्कल खोज्ने मान्छे सबै म जस्तै हुन्छन् ।

म नेपाल फर्कँदा शहरमै अल्झिएँ । सधैंसधैं पहिला घर पुगेर आमाबाका खुट्टामा पुर्पुरो ठोकाउने मान्छे, त्यसबेला शहरमै अलमलिएँ । पत्नी र छोरीका खुसीका लागि म गाउँघर त्याग्न तयार भएँ । बाबाआमा पनि त्याग्न तयार भएँ ।

म नेपाल फर्किएको पाँचौं दिनको बिहानको त्यस्तै सात बज्दै थियो । मेरी छोरीले मेरो नजिकै आएर मायालु पारामा भनिन् । बाबा हदुल किन अल्थी भाको ? सहकालीको अङ्कल त छितै उथेल जानुहुन्थ्यो । हदुल त कति उद्यालो हुन्देल थुत्नुहुन्थ ।

को अङ्कल छोरी ? मैले सोधें ।

उहाँ अङ्कल के, सधैं कति मिथो मिथो तक्लेत दिनुहुन्थ्यो । हदुल त केही दिनुहुन्न । उहाँले त अक्को अङ्कलको होतेलमा पनि लानुहुन्थ्यो । हदुल त होतेल पनि लानुहुन्न । फिलिम पनि देखाउनुहुन्न । छोरी यसै के के भन्दै थिई ।

म झसङ्ग भएँ । ऊ अरू पनि के के भन्दै थिई । आफैंसँग प्रश्न गर्न पुगें, किन मैले त्यतिका विदेशका ताता घाम तापें ? यहाँ घामको न्यानो ताप्ने त्यो सहकारीको अङ्कल को हो ? म सुतिरहेको कोठाको सिलिङ, भित्ता, खाट सबै फनफनी घुमे । त्यसै के गरौं र कसो गरूँ भएर आयो । यसै भन्न गर्न केही सकिनँ । दिमाख चक्कराउनुसम्म चक्करायो । पत्नी र छोरीको भविष्यका लागि शहरमा डेरा खोजेर हिंडेको म । बाआमाले बुहारी हामीसँगै बसोस् भन्दाभन्दै कोठा खोजेर हिंडेको म के सारो निरिह भएँ ? छिमेकी कोठाका मान्छेलाई के सोधूँ ? कसरी सोधूँ ? उही सहकारीमा काम गर्दो रहेछ भने ? म बिलखबन्दमा परें ।

मलाई डर लाग्यो । एक मनले सोध भन्यो- को हो छोरी सहकारीको अङ्कल ? सोधिहाल्न पनि सकिनँ । सोधेको भए नाम त थाहा पाउँथें कि ? अर्को मनमा लाग्यो- त्यो नाम थाहा नपाउनु नै बेश । मनमनमा लाग्यो त्यो अङ्कल जो

होस्, म छोरीलाई नसोधेरै पत्तो लगाउँछु ।

सोच्दासोच्दै दिसा लाग्ला जस्तो लाग्यो । गएर बाथरुममा बसेँ । लागेन । बाथरुमको धारो खोलेँ । त्यहाँ पानी नआएर आगोको ज्वाला आयो । ढोका खोलेर बाहिर निस्कँदा भुइँ नै भासिए जस्तो भयो । म रन्थनिएर कोठामा आएर बस्दै गर्दा उनी चिया लिएर आइपुगिन् ।

मैले अनौठो मानेर उसलाई हेरेँ । मैले त्यसरी हेरेको देखेर उनले पनि हेरिरहिन् । म डङ्रङ्ग खाटमा पछारिएँ । सम्झेँ दश वर्ष विदेश बसेपछि बल्ल विवाह गर्ने खर्च जुटाएको थिएँ । त्यही खर्चले भव्य विवाह गरेँ । उनले शहरमा केही सीप सिक्छु भनिन् । सिक भनेँ । डेरा भाडा, खाना खर्च सबै पठाएँ तर .....

म चिया नपिई हिँडेँ सहकारीको अङ्कल खोज्न । शहरमा प्रायः घरैपिच्छे सहकारी संस्था । मलाई डर लाग्यो । मैले बाआमा सम्झिएँ फेरि फोन लगाउन डर लाग्यो । मैले धेरैलाई सोध्न खोजेँ तर कसैलाई सोध्न सकिनँ ।

को हो त्यो सहकारीको अङ्कल ? अब त छोरीले पनि बताउन सक्थी तर मैले नै सोध्न सकिरहेको छैन । खोज्न छाडेको पनि छैन ।

–_–

# लोकतन्त्र



**विनोद नेपाल**

निर्वाचन सम्पन्न भयो । विजय जुलुस निस्क्यो । मीठा मीठा नारा लगाइए ।

अनुहारहरू पुरानै तर सरकार नयाँ गठन भयो । समर्थक, आफन्त र निकटस्थमा खुसी छायो । बधाई र शुभकामनाको ओइरो लाग्यो । नयाँ जोश र उत्साहका साथ जिम्मेवारी बहन गर्ने प्रतिबद्धता जनाइयो । विगतको प्रवृत्ति नदोहोरिने आश्वासन दिइयो । सुशासन र समृद्धिका चर्का कुरा गरिए ।

सरकार र मन्त्रीहरूबाट सय दिनमा गरिसक्ने कामका फेहरिस्त सार्वजनिक भए । निर्देशनहरू जारी भए ।

केही दिनमै चुनावी घोषणापत्र खाली सिसी पुरानो कागजवालाको जिम्मा लगाइयो । जिम्मेवार पदहरूमा भागबण्डे नियुक्ति भयो । राजदूतहरू फेरिए । कमाइ हुने गौँडाहरू आफ्नाले भरियो ।

यी सबै दृश्य नियालिरहेको शहीदको सालिकले भन्यो- 'कठै लोकतन्त्र !'

पोखराथोक, माडी, पाल्पा ।

–_–



# नारा

**राजु क्षत्री 'अपुरो'**

उनी कहीं जाँदै थिए । अलि परदेखि एउटा विशाल जुलुश नारा लगाउँदै आइरहेको देखे । उनी उत्साहित भए । नहुन् पनि कसरी ? यस्तै थुप्रै जुलुसको नारा लगाएर उनी खारिएका थिए । कहिले जुलुसको अगुवाइ गर्दै राजतन्त्रको पक्षमा, कहिले राजतन्त्र कै विरुद्धमा, कहिले लोकतन्त्रको पक्षमा, कहिले मजदुरहरूको पक्षमा मुठ्ठी कसेर उनले बुलन्द नारा लगाइसकेका थिए ।

भीड नजिक आउँदै गर्दा उनले केही चिरपरिचित अनुहारहरू देखे । मुहारमा अझ खुसीका लहरहरू थपिए । गाडीबाट ओर्लिंदै थिए, उनलाई देख्ने बित्तिकै भीडले अझ चर्को स्वरमा नारा लगाउन थाल्यो । हमेशा अरूको विरुद्धमा नारा लगाउन बानी परेका उनले झन्डै हात उठाउँदै नारा लगाए तर हठात् रोकिए किनभने नारा उनकै विरुद्धमा थियो ।

यतिबेला उनी सत्ताधारी दलको सम्बन्धित विभागको मन्त्री पदमा विराजमान थिए ।

कास्की, पोखरा हाल मलेसिया ।

--



# जुठेकी छोरी

**रामकुमार श्रेष्ठ 'फुच्चे'**

'मिस सानो जात भनेको के हो ?' पछिल्लो बेञ्चबाट एक विद्यार्थीले जिज्ञासाका साथ सोध्यो ।

सबै विद्यार्थीको ध्यान त्यतै केन्द्रित भयो । सबै जिज्ञासा मेटाउन मिस बाध्य भइन् । एक छात्रा दिनहुँ घरबाट स्कुल निस्कँदा झगडा गरी निस्कने गर्थी । सदैव जातीय विभेदको कुराले ऊ स्कुलसमेत जान मन गर्दिनथी । बाआमाले भने गरिबीमा पनि मजदुरी गरेर छोरीलाई जेनतेन पढाउथे । स्कुलमा भने तल्लो जातको केटी भनेर सबै घृणा गर्थे । साथीहरू उसलाई एक्लै बनाउँथे ।

हरदिन ऊ यसरी नै स्कुल जान्थी । एकदिन त कक्षाको प्रथम भएर क्रमशः अगाडि बढ्न थाली ।

अन्तत उसले उच्च शिक्षा हासिल गरेर छाडी । अब त साथीहरू उसलाई नजिक बनाउन चाहन्थे । आखिर जुठेकी छोरी गरीब र सानो जातको भए पनि प्रगति गरेपछि सबै नजिक बन्न खोजे । 'हो त्यही जुठेकी छोरी हुँ म ।' मिसका आँखाबाट आँसु खसे । सबै विद्यार्थी नाजवाफ भई लाजले मुन्टो निहुराई भुइँतिर हेरिरहे ।

सूर्यपाल, लमजुङ ।

--



# खनाल थरघरको दौरा

**राजेन्द्रकुमार आचार्य**

खनाल थरघरको गाउँभरि नफाटेको र नटालेको एउटै मात्र जामे दौरा थियो। उनीहरू विभिन्न कोसेली-वलक लिएर अर्घाली राजा कहाँ गइरहनु पर्थ्यो। प्रत्येक थरघरबाट दहीको ठेकी, केराको हातो, कुराउनीको पोको, परेवाको कोर्को, घिउको हर्पे, सागको मुठो, महका चाका आदि आफूले नखाई राजा र ठालु कहाँ लानुपर्ने दस्तुर व्यापक थियो।

कुमाल-बोटे थरघरबाट माछा, सावँत थरघरबाट जुत्ता, लोहारबाट हँसिया र ठड्यौरो, टोमटाबाट तमाउरो, चित्रेबाट डोका, चुनाराबाट ठेकी आदि पुऱ्याउने गरिन्थ्यो। कुनै थर घर तथा रैती विशेषले चाकडी कोसेलीमा लापरवाही गरेमा राजा-ठालुबाट दण्ड-यातना खप्नु पर्थ्यो। तिनीहरूको खेतीपाती लाइदिन र स्याहार्न तथा अन्य ठूला काममा झारा-बेठी त अनिवार्य नै जानुपर्थ्यो।

खनालहरू राजालाई भेट्न कोसेली लिएर वा चाकडीमा जाँदा पालैपालो उही जामे दौरा लाएर जाने गर्थे कारण थरीबाहेक अरूसँग त्यस्ता राम्रा दौरा थिएनन्। सधैं एउटै जामे दौरा लाएर आउने गरेको देखी राजालाई परीक्षा गर्ने विचार आयो।

एकदिन खनका सबै खनाल कुललाई कुरियानाम दरबारमा एकैपल्ट हाजिर हुन उर्दी पठाए। अब पऱ्यो फसाद ! सबै खनालहरू आफ्नो बूढो थरघरमा जम्मा भए। उनीहरूले आफ्नो थरकुलको इज्जत राजाका अगाडि नझुकाउने जुक्ति निकाले। सधैं लगाएर जाने गरेको एकमात्र असल जामे दौरा पनि त्यहीं राखे।

थरीसहित सबैजनाले आफ्ना थाङ्ग्रा दौरा घरै थन्क्याई पटुका मात्र छड्के बेरेर दरबारमा हाजिर हुन गए। राजाले व्यङ्ग्य वाण हानिहाले- 'किन सबै नाङ्गै आयौ खनालहरू, गतिला दौरा नभएर ?'

खनालथरीले यस्तो जवाफ दिए- 'महाराज, भात खान बसेका थियौं। सबै खनालहरू त्यहाँ खाई यहाँ चुट्न आउनू भन्ने उर्दी गरेकाले जुठै हात दौरा लगाउन भएन, यसै दगुऱ्यौं। जुठा हातले स्वस्ति गर्न भएन। बाइँखोलामा चुठेर विना कोसेली रित्तै हात र नाङ्गै आडमा आयौं, क्षमा पाऊँ।'

खनालहरूको बुद्धि र जुक्ति देखेर राजा तीन छक्क परे।

अर्घाखाँची।

--



# कोरोनाको जय

**रामकुमार पण्डित**

'प्रिय भक्तजनहरू, यो महाअनुष्ठान सम्पन्न भएपछि हामीले महामारीबाट मुक्ति पाउनेछौं ।' पण्डितबाट महावाणी निस्किएपछि हजारौं भक्तजनहरूले जयजयकार गरे । छिट्टै नै कोरोना भाइरसबाट मुक्ति पाउने आशा गरे । यसैबीच एउटा भक्तले अर्को भक्तलाई भन्यो- 'सरकारले अझै अर्को हप्तासम्म घरभित्रै बन्धक भएर बस् भनेको छ ।' दोस्रोले सही मिलाउँदै भन्यो- 'त्यही त ! एक हप्ता जसोतसो बिताइयो, बाँकी दिन कसरी कटाउने होला ।'

'जसरी नि कटाउनै परिहाल्यो क्यारे, हाम्रै लागि त हो ।' पहिलोले भन्यो । 'बस्तुभाउ मर्न लागे भोकले । घाँस लिन पाखातिर जाँदा केही नगर्ला नि पुलिसले ।' दोस्रोले भन्यो ।

'सडकतिर हुलमुलमा जाँदा एकअर्कामा रोग सर्ला भनेर पो ! पाखामा जाँदा एक्लै भइन्छ । के गर्ला र पुलिसले ?' पहिलोले भन्यो ।

'त्यो त हो ।' दोस्रोले पुनः सही मिलायो । यसपछि उनीहरू सबै आआफ्नो घरतिर लागे । दोस्रो भक्तजनले घरमा पुग्नासाथ छोरालाई पुकार्दै भन्यो- 'ए बाबु बाख्रा भोकले मऱ्यो । कराएको कराएकै छ । म अनुष्ठानमा गएर आको । पूजापाठले कोरोना शान्ति हुन्छ कि ? पाखामा घाँस लिन गएँ है ।'

त्यहीबेला बाख्राको क्रन्दन सुन्दासुन्दा विरक्त भएर उसले हकाऱ्यो- 'कति कराउँछन् यी डाम्ना, लकडाउन भएर बाटोघाटो सबै बन्द छ । यिनलाई प्रेसर कुकरमा सिठ्ठी लाग्न हतार भाको ।'

छोराले उसको जवाफ दियो कि दिएन उसले हेक्का राखेन । ऊ गएपछि टाट्नामा कराइरहेका बाख्राहरूमध्ये बूढी बाख्रीले आफ्ना सन्तानलाई भनी- 'यी पण्डितहरू कामै नलाग्ने । कोरोना हटोस् भनेर अनुष्ठान लगाउन थालेछन् । बल्लबल्ल मान्छेहरू बन्धक भएकाले हाम्रो आयु बढेको थियो । केही गरी भगवान्ले पण्डितको कुरा सुने भने हामी फेरि काल नआई मारिनेछौ । त्यसपछि सिँगारे खसीले बोल्यो- 'हाम्रा पनि पशुपतिनाथ छन् नि ! पशुपतिनाथलाई पुकारे हाम्रो कुरा सुन्छन् कि ?' 'हो, लौ पुकारौं ।' 'पशुपतिनाथ कि !' 'जय !' सिँगारे खसीले फेरि भन्यो- 'कोरोना भाइरस कि !' सबैले भने- 'जय !'

का.म.पा.-६, सिमलटार, काठमाडौं ।

-.-



# हँस्यौली

**रासा**

हामी स-साना छँदै उनी जापान गएका/बसेका/काम गरेका/पैसा कमाएका । हाम्रो टोलका गन्यमान्य, उमेरले काका सरहका ।

सुन्नमा आएको, उनी जापानमा होटलमा भाँडा माझेर पैसा कमाउँथे ।

एकदिन मैले सङ्कोचवश सोधेँ- 'काका, हजुर जापानमा के गर्नुहुन्थ्यो ?'

'केही यताउताका काम गर्थें । फोटोग्राफीको ट्रेनिङ लिएथें खासमा ।' उनको जवाफमा म विश्वस्त भएँ ।

अर्को एकदिन, उनले भने- 'बाबु, तिमीहरू अनेक कार्यक्रम गर्छौ । यसो फोटो-सोटो खिच्नु पर्‍यो भने मलाई सम्झिनु, म राम्रो खिच्दिन्छु ।'

'हस्, काका !' मैले हाँसेर भनें ।

हाम्रो क्लबको एउटा सम्मान कार्यक्रम थियो । हामीले फोटो खिच्नका लागि उनलाई सम्झ्यौं । अनुरोध पनि गर्‍यौं । उनी सहर्ष आए ।

समग्र कार्यक्रम उनको क्यामेरामा कैद भयो । करिब पन्ध्र दिनपछि हामीलाई फोटो बनाएर ल्याइदिए । त्यसको पैसा पनि लिएनन् । हामीले उनलाई धन्यवाद मात्र दियौं ।

फोटो सबै हेर्‍यौं । अधिकांश बिग्रिएका/धमिला/मानिसका टाउका काटिएका/खुट्टा छोट्याइएका । हामी चकित पर्‍यौं र मरीमरी हाँस्यौं ।

ती दिन सम्झेर हामी अझै पनि हाँस्छौं ।

-_-

**शब्दार्थ प्रकाशनको वेबसाइटमा वैजयन्तीका सबै अङ्क, हाम्रा सबै गतिविधि, शब्दकोशहरूको सफ्टवेयर र कार्यक्रमका तस्वीर, फिलिम तपाईंका लागि उपलब्धिपूर्ण हुन सक्छन् है !**

**mail : shabdarthaprakashan@gmail.com**
**web : www.shabdarthaprakashan.com/**
**www.nepalipublisher.com**



# एक लाख रुपियाँ

**रेवतीरमण सापकोटा**

'तीन दिन भयो सर, एक मुठ्ठी खान पाएको छुइनँ । केही दिनोस् न ।' बसस्ट्यान्डमा बस पर्खिरहेको बेला एउटा चालिसेले छोएको व्यक्ति, मैलो झुत्रे कपडा यसो बेरेको मेरा सामु हात पसार्छ ।

यस्ता गरीब मैले जिन्दगीमा धेरै देखेको छु । आफूलाई महिनाको एक लाख रुपियाँ तलबले पनि हम्मे हम्मे परेको बेला यस्ता गरीबलाई देख्दा कता-कता मुटु च्वास्स गर्छ । एकजना ज्योतिषीले त भनेकै थिए म तुला राशिको हुनाले मेरो मन एकदमै कमलो छ । भविष्यको लागि रुपियाँ पैसा जम्मा गरेर राख्नु मेरो चिनामै छैन भन्थे ती ज्योतिषी । कोही निमुखा मेरो सामु उभिएर रुन थाल्यो कि मेर ा आँखा पनि रुन लाग्छन् ऊसँगै । आफूले सक्दो दिएर मात्रै खुसी लाग्छ ।

मेरो सामु त्यो गरीब उभिई नै रहेको थियो । मैले उसका आँखा र अनुहार पढेँ । आजको दिनमा केही त मबाट पाउँछु नै भन्ने उसका आँखाले मलाई भनिरहेका थिए ।

जे आउँछ हातमा त्यही उसलाई दिन्छु भनेर पाइन्टको गोजीमा हात हालेँ । एक सय रुपियाँ आएछ ।

'लौ यही राख । काम गरेर खान सिक ।' भन्दै उसका हातमा एकसय रुपियाँको नोट थमाइदिएँ । उसका आँखा धपक्क बले । ऊ रुनु न हाँस्नुभयो । उसले भन्यो- 'आजसम्म मैले एक सय रुपियाँ छोएको थिइनँ सर । मेरो लागि यो एक लाख रुपियाँ हो । अब म केही गर्न सक्नेछु । भगवान्ले हजुरलाई चिताएको पुऱ्याओस् ।' आइपुगेको बसमा चढ्दै गर्दा उसको खुसीका शब्दले मलाई अझ खुसी पारेको अनुभव हुँदै थियो ।

ओदालगढी, असम, भारत

–_–

**के तपाईंले हाम्रो वेबसाइट हेर्नुभएको छ ?**
web : http://nepalipublisher. com/



# पिरलो

**रोशन पराजुली**

'उसलाई नराम्रोसँग चोट पऱ्या छ । तिमीहरू किन कुरा बुझेर पनि अबुझ भएका ? मान्छे कि पशु हौ ?'

छेवैमा वृद्ध रनवीर हातमा लौरो हल्लाउँदै गनगनाउँदै थिए ।

आँगनको वरिपरि झुम्मिएका गाउँलेहरू आवाजतर्फ फर्केर हेर्न थाले ।

हुन पनि उनीहरू बुझेर अबुझ भएका हुन् के गरुन् त, सान्त्वनाबाहेक के नै दिन सक्छन् र ? सबैको उस्तै हविगत भा छ ।

बारीभरि लटरम्म अँम्बा पाकेर भुइँमा झरेका थिए । मसिना भुराहरू तँ छाड म छाडमा मग्न थिए ।

'हैन ए भुरा तिमेरू पनि यो एक्लोलाई हेप्न थाल्यौ । यसो सघाउ पुऱ्याउनु त कता हो बिज्याइँ मात्र ।' बूढा रनवीर कराउन थाले ।

सबै आ-आफ्ना घरतिर लागे ।

'हैन काइँला, के खबर आयो त छोरा बुहारीको शहरबाट ?' मुखियाले सोधे ।

'के हुनु र मुखिया, उतै आउनु भन्छन् मलाई पनि ।'

'यत्रो रेखोपाखो छ, बाले अंशमा दिनुभएको । कसरी छाडेर जानु त्यो बिरानो ठाउँमा ?' रनवीरले उत्तर दिए ।

दुवै बूढालाई पीर एउटै थियो ।

बरगाछी, धरान ।

--

**के तपाईंले शब्दार्थका कथा, कविता र निबन्धका पुस्तकहरू पढ्नुभएको छ ?**



# आशा

**लक्ष्मण अर्याल**

धेरै दिनदेखि एकान्तमा बसिरहेको उसलाई मैले सोधेँ- 'तिमी योगी हौ ?'

उसले बोल्ने इच्छा देखाएन मात्र 'होइन'को मुन्टो हल्लायो ।

'त्यसो भए रमणीय प्रकृति नियाल्ने कवि पो हो कि ?' मैले पुनः प्रश्न गरेँ ।

यसपल्ट पनि उसले यसैगरी मुन्टो हल्लाएर 'होइन' भन्यो ।

मैले झर्को नमानी फेरि सोधेँ- 'त्यसो भए तिम्रो नाम ?'

उसले छोटोमै उत्तर दियो- 'असफलता ।'

+

करिब एक महिनापश्चात् ऊ चित्रसारी मेलाको रमझममा फेरि भेटियो ।

मैले टाढैबाट उसलाई चिनेर बोलाएँ- 'असफलता !'

ऊ नजिक आएपछि मैले भनेँ- 'के तिमीले एकान्तवास त्याग्यौ ?'

मेरो जवाफ सुनेर ऊ मज्जाले हाँस्यो र भन्यो- 'ल, तपाईं पनि झुम्किनुभएछ अरू जस्तै । त्यो एकलकाँटे त मेरो दाइ हो । हामी जुम्ल्याहा ।'

मैले मनमा लागेको खसखसलाई शान्त पार्न सोधेँ- 'त्यसो भए तिम्रो नाम ?'

उसले लामो हाँसोका साथ मलाई थाप मार्दै भन्यो- 'सफलता । अँ, तपाईं मलाई विना हिच्किचाहट आशा पनि भन्न सक्नुहुन्छ ।'

रत्ननगर, चितवन ।

--



# पर्यामैत्री मेयर

**लक्ष्मण थापा**

चौबाटोमा अजङ्गको बरको रूख थियो । रूखमा असङ्ख्य चरा-चुरुङ्गीका गुँडहरू थिए । चराहरू चिर्बिर चिर्बिर कराउँथे । एउटा मौसममा पातहरू झर्थे । फलहरू पनि झर्थे ।

वरिपरिका बासिन्दाहरूले मेयर कहाँ निवेदन हाले । चराले बाटोभरि बिष्ट्याएर फोहर गरे । चराको चिर्बिरले बिहानको निद्रा बिथोले । फल र पात झरेर बाटो फोहर भयो ।

जनप्रिय मेयरले- 'तुरुन्त काट्नु' भनेर आदेश दिए ।

बरको रूख काटेपछि मेयरको पर्यावरण मैत्री मन दुःखी भयो र अर्को आदेश जारी गरे ।

केही समयपछि कृत्रिम बरको रूख खडा भयो । फलामे तार बुनेर गुँड पनि बनाउँन लगाए । कृत्रिम रूखमा असली चराहरू फर्केर नआएपछि अर्को आदेश जारी गरे- 'रूखमा कृत्रिम चराहरू जोड्नु ।'

--



## आत्मसमर्पण

**लक्ष्मी रिजाल**

'गुनासो मनमै थन्क्याएर छिट्टो उम्रिऔं ।' रातो मकैले मन खोल्यो ।

सेतो मकैले अटेरी भाव झल्काउँदै झटपट भन्यो- 'बल्ल त माटाले छोपिएको छु । अलिक दिन अँध्याराको स्वाद लिने त्यसपछि आरामले निस्किने ।'

किसानले मकै रोप्दा उनीहरू दुवै संयोगले एकै ठाउँमा पुरिएका थिए । रातो मकै चाँडै उम्रिएर सांसारिक उज्यालाको सुन्दरता चाख्न चाहन्थ्यो । घाम शीतसँग मितेरी लगाउँदै हावाहुरीसँग गीत सुसेल्दै फुल्न चाहन्थ्यो, फल्न चाहन्थ्यो । आफूजस्ता कैयौं सन्तान संसारलाई दिएर ऋणमुक्त हुन चाहन्थ्यो । अरूलाई बचाउँदै आफू पनि अघाउँजी बाँच्न चाहन्थ्यो ।

यसरी सेतो मकै माटाभित्रै गुम्सेर बस्यो । राता मकै लगायतका अरू मकैहरू टुसाए, दिनको ताप चाखे, रातको सुवास लिए र रमाए ।

भोको लोखर्के आहाराको खोजीमा भौतारिँदै त्यहीं आइपुग्यो । सारा मकै उम्रेछौ भनेर गुनासो गऱ्यो । यस ठाउँमा उम्रन पर्ने मकै किन उम्रेन भन्दै खोस्रियो । सेतो मकैको दानो सग्लै देख्यो ।

खुसी हुँदै लोखर्केले भन्यो- 'मेरो भोक मेट्न तँ नउम्रेको ?'

सेतो मकैले रोइकराई गऱ्यो । हारगुहार माग्यो । आफ्ना दौंतरीलाई हेऱ्यो । उनीहरू हलहल बढिरहेका थिए । एकापसमा मायापिरती गाँसिरहेका थिए । घर जमको सरसल्लाह र सन्तान दरसन्तान बढाउने कुरा गरिरहेका थिए ।

उनीहरूको जीवन देखेर सेतो मकैले थुक घुटुक्क निल्यो र लोखर्केलाई भन्यो- 'आऊ मित्र, मलाई खाऊ । समयसँग हिंड्न अल्छ्याइँ गर्नेको हविगत यस्तै हुन्छ भनेर संसारलाई अवगत गराऊ ।'

कञ्चनरूप १२, रूपनगर, सप्तरी ।

-_-

http://nepalipublisher.com/downloads-vajyanti

**हाम्रो वेबसाइटमा वैजयन्तीका सबै अङ्क डाउनलोड गर्न सक्नुहुन्छ है ।**



# विश्वासघात

**लक्ष्मी श्रेष्ठ 'रेशमी'**

छरछिमेकीले सुन्लान् भनेर बाथरुम पसेर आफ्नै मन अघाउन्जेल चिच्याएँ। मनको आकाशमा लागेको तुँवालो हटेको छ आज। नयनबाट बर्सेको झरीले पखालिएको छ मेरो मन। अरूले लगाएको आगो र डढेलोबाट निस्केको धुँवाले मेरो घर र मनको आकाश टम्म ढाकेको थियो।

जुनी जुनी सँगै बाँच्ने कसम खाएर तीस वर्षअगाडि यो घरमा भित्रिएकी थिएँ। अहिलेसम्म राम्रै चलेको थियो। आफ्नै सन्तान नभए पनि दाजुका छोरा-छोरी, नाति-नातिनाले कहिले एक्लो महसुस हुन दिएका थिएनन्। हरेक चाडवाडमा रमाइलो माहौल थियो घरमा। जीवनमा केही कुराको कमी पनि महसुस भएन।

दुःख सुख यस्तै हो। खुसीले नै चलिरहेको जिन्दगीमा अचानक आगो लाग्यो। ममा के कम थियो र ? तीन दशकसम्म चलेको यो वैवाहिक जीवनमा मैले कहाँ भूल गरें ? उसलाई के कुराको कमी हुन दिएँ ? घर व्यवहार धानेकै थिएँ। तिम्रो तन र मनको भोक मेटाएकै थिएँ। हाम्रो जिन्दगीमा सबै सबै राम्रै चलिरहेको थियो।

आज अचानक मेरो विश्वासको पुल भाँचियो। तिम्रो अफिसको ड्रेस धुन लाग्दा पाइन्टको गोजीमा भेट्टाएको परिवार नियोजनको साधन र शक्ति....लेखेको डब्बा जो भेटें। त्यसपछि तिमीप्रतिको मेरो विश्वासको घर भत्कियो। हात खुट्टा लल्याकलुलुक बने। सारा आकाश खसेर थिचेजस्तो भान भयो मलाई।

सोचिरहेछु त्यो तिमीले बोकेको चिज मैले नै बोकेर हिंडें भने ? मेरो गोजी या पर्समा तिमीले यस्तै चिज फेला पारेको भए ........तिम्रो प्रतिक्रिया के हुन्थ्यो ? मलाई जस्तै तिमीलाई पनि आकाशले थिच्थ्यो कि नाइँ ? म जस्तै तिमी बाथरुम छिरेर चिच्याउँथ्यौ कि नाइँ ? मलाई चरित्रहीन महिलाको उपमा दिन्थ्यौ कि नाइँ ? विश्वासघाती रहेछौ तिमी।

चन्द्रनिगाहपुर, रौतहट।

--



# त्रिशक्ति

**लता के. सी.**

विज्ञान, प्रकृति र धर्मलाई पृथ्वी र चराचर जगत्को निकै चिन्ता लागेछ । उनीहरू एउटा रूखमुनि बसेर चिन्तन गरिरहेका थिए । अचानक धर्मले विज्ञानलाई आक्षेप लगायो- 'तेरो कारणले हो नि, मान्छेले आज योग र अध्यात्म बिर्सिंदै गएको छ । प्राणीमध्ये श्रेष्ठ मानवबाट पृथ्वी सुन्दर बन्नेछ भन्ने आशा थियो । ऊ नै अशान्त, भय र विवशतामा बाँचिरहेको छ ।'

प्रकृतिले सही थाप्दै भनिन्- 'हो नि ! मानव जीवन मात्र हो र ? यिनीहरूले त हामी प्रकृतिमाथि पनि समस्या थोपरेका छन् । हावा, पानी, माटो एकैसाथ प्रदूषित भएका छौं ।

दुवैका कुराले विज्ञान रुष्ट भयो र भन्यो- 'यसमा मेरो के दोष ? मलाई प्रयोग गर्ने मानव चेतनालाई भन न ! म त ज्ञान र विवेकले सही प्रयोग गरे वरदान हुन्छु, गलत प्रयोग गरे श्राप ।'

प्रकृतिले असन्तोष जाहेर गऱ्यो- 'मैले जीवनलाई चाहिने सम्पूर्ण कुरा त दिएकै थिएँ । यी मानिहरूलाई ठूलो हुने र भौतिक सुविधा भोग्ने प्रतिस्पर्धा बढ्यो । उनीहरूको आफ्नै कारणले त हो, सृष्टिका अन्य प्राणीको तुलनामा सुख शान्ति गुमाउनु परेको छ ।'

विज्ञानले प्रकृतिलाई लोपार्दै भन्यो- 'इस् ! मेरा वरदानबाट पृथ्वीमा कति सम्यता र विकास भएको छ, ध्यान दिएको छस् ?'

धर्मले घमण्ड गऱ्यो, 'तिमीहरूले जति फुर्ती गरे पनि आपत विपत पर्दा मान्छेले हे भगवान् ! भनेको सुनेका छेनौ ?'

अलि पर बसेर उनीहरूका कुरा सुनिरहेको कुकुरले सोच्यो- 'त्रिशक्ति मिलेर राम्रो विषयको उठान गरे भनेर कान थापेको त ! थुइक्क, यिनीहरू पनि अन्त्यमा मान्छेजस्तै झगडा पो गर्न थाले ।'

तीनकुने, काठमाडौं ।

-_-



# अर्तीराम

**ललिता 'दोषी'**

पेशललाई अङ्कमाल गर्दै विनोद बोले– 'अहो ! मेरो साक्षात् देवता, म तिमीलाई पलपल सम्भिmरहन्छु । आज तिम्रो दर्शन पाउँदा भगवान्कै दर्शन पाएझैं भयो । उनी बुहारी हुन् कि ?'

पेशलले रुन्चे स्वरमा भने– 'हजुर, उनी बुहारी हुन् । हजुर त जस्ताको तस्तै हुनुहुँदो रहेछ नि !'

हाँस्दै विनोदले उत्तर दिए– 'यो सब भाइको कमाल हो । त्यो दिन भाइसँग भेट नभएको भए म डुब्ने नै रहेछु ।'

रश्मिले सानो स्वरमा सोधिन्– 'कसरी डुब्नुहुन्थ्यो हजुर ?'

विनोदले खुसी हुँदै भने– 'म दुई छोरी भए भनेर रन्थनिरहेको थिएँ । भाइले 'छोराछोरी दुवै ईश्वरका वरदान् हुन् । अहिलेको युगमा छोराले भन्दा छोरीले बाबुआमालाई राम्रो गरेका छन् । छोराको आशमा हजुर डुब्नुहोला । यस्तै भनेर सम्झाएपछि भाइको कुराले मेरो बन्द आँखा खुल्यो । त्यही दिन बन्ध्याकरण गरें । अहिले एउटी छोरी डाक्टर छिन्, अर्की छोरी इन्जिनियर छिन् । हामी सुखैसुखको छालमा छलाङ मारिरहेका छौं । यो सबको श्रेय भाइलाई जान्छ ।'

पेशल मुन्टो निहुराउँदै अगाडि बढे । रश्मि बरबरती आँसु झार्दै बाटो लागिन् । विनोद के भयो बुझ्न नसकेर हेरेको हेर्यै भए । जयदेव बोले– 'बिचरो अर्तीरामले आफ्नो अर्तीले सयौंको डुङ्गा पार गराए । आफूले भने छोराको आशमा अति आदर्श श्रीमतीलाई पाँचवटी छोरी जन्माउन बाध्य गराए । अहिले रश्मि बहिनीको पाठेघरको क्यान्सर अन्तिम स्टेजमा पुगेको छ अरे !' अर्ती अरूलाई दिनका लागि मात्र काम लाग्ने रहेछ दाइ ! न कि आफूलाई पर्दा त्यही अर्ती सम्झे ।'

जयदेवको कुराले विनोदलाई रिँगटा लागेजस्तो भएर भुइँमा थचक्क बसे । अर्तीरामको यो शब्द पनि कानमा ओहोरदोहोर गरिरह्यो 'याद राख्नुहोस्, 'घर जलिसकेपछि इनार खन्नुको कुनै औचित्य हुँदैन' दाइ ।'

बुद्धनगर, काठमाडौं ।

–.–



# साहित्यको विकास

**लीलाराज दाहाल**

साहित्यकार साथीहरूको सङ्गतले शिवको मनमा पनि साहित्यको भोक जाग्न थाल्यो । साहित्यकारहरूले इज्जत पाएको देखेर ऊ पनि लोभिन थालेको थियो । अब ऊ पनि कनिकुथी साना आयामका गजल, मुक्तक, हाइकु लेख्न थाल्यो । उसका रचना चिचिला सुन्तला जस्ता बेस्वादका भएकाले उसलाई पाठकहरूले रुचिपूर्वक पढेनन् । साहित्यकारहरूको हुलमा ऊ हाँसको बीचमा बकुल्ला झैं हुन्थ्यो । उसका साथीहरू स्तरीय लेखनका कारण निकै लोकप्रिय थिए । उसले एकाध हाइकु र मुक्तकसङ्ग्रह निकाले पनि उसको नाम साहित्यकारका रूपमा स्वीकृत हुन सकेन ।

निकै समय ऊ साहित्यिक बजारबाट हरायो । उसले सत्ताधारी राजनीतिक दलको सदस्यता लियो र पार्टीको संस्कृति विभागको मोर्चा समाल्यो । आफ्नै नेतृत्वमा दुई चार साहित्यिक संस्था खोल्यो र साहित्यको विकास गर्न सरकारबाट अनुदान पनि लियो । अब साहित्यको क्षेत्रमा शिवको पनि चर्चा हुन थाल्यो । उसकै अध्यक्षतामा ठूला ठूला साहित्यिक कार्यक्रमहरू भए । ऊ ठूलो साहित्यकारमा गनिन थाल्यो । हुन त उसले निकै समयदेखि केही पनि लेख्न सकेको थिएन तर पनि उसको ख्याति बढ्ने क्रम रोकिएन । ऊ कार्यक्रमहरूमा अतिथिका रूपमा आमन्त्रित हुन थाल्यो । पत्रिकामा ऊ नै छापिन्थ्यो, रेडियो-टेलिभिजनमा उसकै स्वर घन्कन्थ्यो ।

एकदिन राजधानीमा आयोजित विशिष्ट साहित्य गोष्ठीको प्रमुख अतिथि शिव नै थियो । सबैले उसको साहित्यिक योगदानको तारिफ गरे । उसका सुरुआतकालीन रचनाहरूलाई समीक्षकहरूले अन्तर्राष्ट्रिय स्तरका रचना भनेर समीक्षा गरे । कार्यक्रमपछि उसलाई मञ्चमै पुगेर पत्रकारहरूले सोधे- 'तपाईंले साहित्यिक संस्था खोलेर साहित्यको के कति विकास भयो ? किन खोल्ने यस्ता संस्था ?' शिवले एकपटक चारैतिर नियाल्यो र भन्न थाल्यो- 'अरूले किन खोल्छन्, मलाई थाहा छैन तर मैले खोलेर चाहिं साहित्यको विकास भएकै देख्छु । यी म यसरी प्रमुख अतिथि भएको छु । तपाईंहरूले मेरो अन्तर्वार्ता लिइरहनुभएको छ । के यो विकास होइन र ?'

वागमती ११, कर्मैया, सर्लाही ।

-_-



# बलिको बोको

**वसन्त अनुभव**

'हार्दिक धन्यवाद हजुर ! मैले तपाईंलाई मानें । क्या जुक्ति सुझाउनु भयो ।' आफ्नो जितमा खुसी हुँदै स्वार्थनारायणले पुनः गम्भीर हुँदै अगाडि भन्यो- 'तर आफ्नै साथीमाथि घात, मलाई नै कस्तो कस्तो लागेको छ । रत्नेको अनुहार देख्नुभयो नि, बिचरो ।'

'संसार यस्तै हो । घात गर्ने भनेकै विश्वास गर्नेलाई हो । यसो नगरी अगाडि बढ्न कहाँ सकिन्छ र ?' जुक्तिरामले ढाडस दियो ।

रत्नेलाई पछारेर अगाडि आएको स्वार्थनारायण अझै अगाडि बढ्न चाहन्थ्यो । अब भने उसले आफ्नो बाटोको रोडा जुक्तिरामलाई देखिरहेको थियो । उसले भित्रभित्रै षड्यन्त्रको खेल खेल्यो र जुक्तिरामलाई पनि उठ्नै नसक्ने गरी पछाऱ्यो ।

'मैले नै तिमीलाई कति विश्वास गर्थें । जुक्ति लगाएर यहाँसम्म ल्याएँ । आज मैमाथि प्रहार ?' जुक्तिराम आगो भयो ।

'माफ गर्नुस् हजुर ! मेरो गुरु तपाई, तपाईंले सिकाएकै बाटोमा छु । हिजो बलिको बोको रत्ने थियो, आज तपाई ।'

घोराही उपमहानगरपालिका १४, दाङ

--



# रित्तो भाग्य

**विश्वराज अधिकारी**

म भाग्यमानी रहेछु । मलाई भाग्यले गर्दा डी भी पऱ्यो । अमेरिका आउन पाएँ । अहिले मसँग तीनओटा कार छन् । ठूलो घर छ । फ्रिज, डाइनिङ टेबल, अत्याधुनिक ओभन, सबै कुराहरू छन् किचेनमा । ठूलो बैठक, बैठकमा अनेक सोफाहरू छन् । नेपालमा भएको भए, म यस्तो स्थितिमा हुने थिएँ र ?', यस्तै सोच्दासोच्दै, काम गरेर अति थाकेकोले ऊ दिउँसै बैठमा रहेको ठूलो सोफामा निदायो ।

'तिमी अभागी रहेछौ । तिमीसँग यति ठूलो घर छ तर परिवार छैन । घरमा एक्लै छौ । तिमीसँग सुख छ तर सन्तुष्टि छैन । परदेशमा छौ, तिमीसँग आफ्नो देश छैन । आफ्नो समाज छैन । अनेक भौतिक सुविधाहरू तिमीसँग छ तर मनमा शान्ति छैन । तिमी रित्तिएका छौ", उसलाई सपनामा कसैले भनिरहेको छ ।

ऊ अहिले तन्द्रामा छ र सोचिरहेछ- 'म भाग्यमानी हो वा म अभागी हो ?'

ओक्लहोमा, अमेरिका ।

--



# दृष्टिदोष

**विकल त्यागी**

हुन त भ्रम निवारण कसको कहिले भएको छ र यहाँ ? साँच्चै भनेको, जानेर जिउँन कसले कहिले सकेको छ र यहाँ ? र यो कलियुगमा आशीर्वाद पनि ठ्याम्मै उल्टो लाग्दो रहेछ । हरे ! के भएको यस्तो ?

'अघिदेखि कोठाभित्र बसेर एक्लै फतफताइरहनुभएको छ मनोरोगी जस्तो । के भयो तपाईंलाई दृष्टिका बा ? मैले त बरान्डामा म्याट्रेस ओछ्याउनु मात्रै पऱ्यो । माघको जाडोमा घाम ताप्दै भाते निन्द्रामा डुबेर एकछिन दिवास्वप्न देखौं भनेको त, एकरत्ति जुरेन । तपाईको गनगनले बाधा पुगेको पुग्यै भयो ।'

'तिमीलाई के भनौं दृष्टिकी मा ? कुरो गहिरो समस्याको छ । अहिले भर्खर मात्रै थाहा भयो मलाई, हाम्री दृष्टि त ठूली भइसकेकी छन् । आफ्नी छोरी हामीलाई त सानी नानी नै लागिरहने ।' भित्र आफ्नो शयनकक्षबाटै दृष्टिका बाले रहस्य ओकल्यो ।

दृष्टिका बाको कुरा सुनेर झसङ्ग झस्किँदै दृष्टिका मा र ओछ्यानबाटै बर्बराउन थालिन्- 'तपाईं यो के उल्का कुरा गर्दै हुनुहुन्छ ? सोह्र वर्षीया कलिलो वयमै को मन्त्री वा प्रधानमन्त्री बन्न सकेको छ ? लौ मलाई देखाउनुहोस् । त्यसै बडादशैंको ठूलो मान्छे बन्नु भन्ने आशीर्वाद उल्टो लागेछ भन्नुहुन्छ ।'

रोषको तातो लाभा आँखाबाट छुटाउदै दृष्टि बाले भने- 'तेरी छोरी सानी भएकी भए भिडियो कलमा ब्वाइफ्रेण्डसित डेटिङ जाने सल्लाह गर्छे त ? अब दृष्टिलाई सम्झाइ बुझाइ गरेर सुधार्ने काम तेरो हो ।' बाउ गुणा छोरो, आमा गुणा छोरी' भन्ने उखानै छ । सबैको प्रथम शर्त, पहिलो पाठशाला पवित्र हुनैपर्छ ।

दृष्टिका बाको जडी तर्क सुनेर दृष्टिकी माले घण्टौंघण्टासम्म मौनता साधिरहिन् ।

-_-



# परिवर्तनको चस्का

**विनयकुमार शर्मा नेपाल**

हो, वीरबहादुरले प्रेम गर्‍यो त्यसैले साथ दियो । उसलाई थाहा थियो कसैको स्वास्नीलाई साथ दिनु मूर्खता हो । समाज, उसको लोग्ने र आफ्नै स्वास्नी बाधक बनेर डट्ने छन् र अनेक नौटङ्की चल्नेछ भन्ने पनि उसलाई थाहा थियो । प्रेमलाई एउटै मात्र दृष्टिले हेर्ने आफ्नो समाज र पारिवारिक कुण्ठा, डाहा अनि ईर्ष्या सामु अर्काकी स्वास्नीलाई साथ दिनु भनेको आगोमा घिउ हाले सरह हो कुण्ठित मानवहरूको आँखामा भन्ने जान्दाजान्दै पनि मनले मानेन, उसले उसको सीप र क्षमतालाई प्रदर्शित गराई छाड्ने प्रण गर्‍यो त्यसैले साथ दियो । तन मन र धन, मन वचन र कर्मले साथ दियो उसले ।

कताकता काँठको अन्जान कुनामा जन्मिएर बिहेबारी भई पहाडको एउटा खोंच हुँदै श्रीमान्सँग काठमाडौं आइपुगेकी र काठमाडौंमा लोग्नेको कमाइमा दुई बालबच्चा हुर्काउँदै बाह्र वर्षसम्म एउटा कोठरीमा कैदीजस्तो जीवन बिताइरहेकी संविदालाई पहिले वीरबहादुरले कम्प्युटर सिक्ने जोश हालिदियो तत्पश्चात् जागिरको मात दिएर श्रम र कमाइको महत्त्व बुझायो, शिक्षाको प्रेरणा दिएर दुई बालबच्चाकी आमालाई कापी कलम भिडाएर स्कुलको रस चखाइदियो र साहित्यमा उसको सीप, शैली र चासो देखेर विचार र दर्शनको भावना जाग्रित गरिदियो । यसरी वीरबहादुरले संविदालाई आर्थिक, सामाजिक, बौद्धिक र व्यवहारिक सबै किसिमले साथ दियो । एक डेढ वर्षमै संविदाको लवाइ, बोलाइ, हावभावमा सभ्य र शालीनता भरियो । ऊ साटेर सधाएर ल्याएको मान्छेजस्तै बन्दै गई ।

एक दिन दुई दिन गर्दै वर्ष बित्दा नबित्दै उसका सहकर्मी, लोग्ने र वीरबहादुरकी स्वास्नी आदिलाई यो कुरो पटक्कै चित्त बुझेन । प्रेमलाई एकै मात्र दृष्टिले हेर्न जानेको समाजका ती पात्रहरूले प्रेमको अर्को चक्षु उघार्न सक्ने कुरो पनि भएन । मजदुर सधैं मजदूर नै हुनुपर्छ भन्ने डाहा । पढेर जानेर मलाई हेप्ली कि भन्ने ईर्ष्या । नारीको नारी माथि र पुरुषको नारी माथि हेर्ने एकतर्फी कुण्ठा । प्रेमलाई एउटै शारिरीक दृष्टिबाट हेर्ने मान्छेहरूको मनोदशा आदिले हुनसम्म भूमिका खेले र व्यवधान पारे तर वीरबहादुरले कहिल्यै संविदाको बौद्धिक शोषण गरेन । आर्थिक शोषणको त कुरै रहेन श्रम शोषण र शारीरिक शोषण पनि गरेन । 'कहिल्यै कसैलाई इच्छा बेगर बाध्य पार्नु हुन्न' भन्ने र 'सकेको सबैलाई

गर्नुपर्छ' भन्ने सिद्धान्तमा ऊ डटिरह्यो । शत्रु त शत्रु नै हुने भए । आफन्त र आफ्नासँग पनि उसले लड्नु पऱ्यो । हुँदा हुँदा आफ्नै सन्तान र स्वास्नीसँग लडेर समेत वीरबहादुरले उसलाई साथ दियो र दिइरह्यो तर विडम्बना एकदिन मान्छे हो मान्छे सधैं एकै र उस्तै हुन सक्दैन । मान्छेलाई समाज, समय र परिस्थितिले पनि बेला बेला घुमाइरहन्छ । यसै फेरोमा वाक्क भएर भनौं वा जिस्किएर भनौं वीरबहादुरले मनको तीतो पोख्यो -'अब म पछाडि फर्कें, तिम्रो लागि गर्ने हो तिमी नै डराए, तिमीले नै चासो नराखे मैले मात्र एकोहोरो कसरी गर्नु ?

बश के चाहियो संविदाले वीरबहादुरसँग बोल्न छाडी र नीरस बनेर तर्केर हिँड्न थाली । सायद ऊ ठान्थी वीरबहादुरले जे जति गऱ्यो आफ्नो लागि गऱ्यो तर वास्तवमा वीरबहादुरले जेजति गऱ्यो उसके लागि गरेको थियो । संविदाबाट वीरबहादुरलाई फुटीभाङ्ग्रो फाइदा हुने थिएन । ऊ जति संविदाको नजिक रहन्थ्यो उसले त्यति नै समय र अर्थ गुमाउनु पर्थ्यो । वीरबहादुरलाई सत्सङ र वादविवादमा आवश्यकताको बोध र लोभ थियो ता कि त्यसबाट तर्क र बितर्क, चिन्तन र विचारको ज्ञान प्राप्त होस् । वीरबहादुरले आफ्नो आवश्यकता त कतैबाट पनि पूरा गर्न सक्थ्यो नै तर संविदाको आवश्यकता कसले कताबाट पूरा हुने हो ? वीरबहादुर आजकल यही सोचमा डुबेको छ ।

तर दिन बिते, रात बिते र वर्ष बिते ।

एक दिन वीरबहादुरलाई कसैले आएर सुनायो -ए वीरे ! तेरो त्यो कर्मको चेली यहाँ त खुब घमण्ड गर्थी रे ! अलिदिन यो गर्छु, त्यो गर्छु भन्दै पनि हिँड्थी रे ! अहिले त लोग्ने छोराछोरी छाडेर दुवईतिर पो हिँडिछ, तैले थाहा पाइस् ?

वीरबहादुर गहिरो सोचमा डुब्यो र एक्कासि उसका मुखबाट चाणक्यका वाक्य निस्के -'स्त्री चरित्र दैव नजाने !' अर्थात् स्त्रीको चरित्र, स्वभाव र भाग्य ईश्वरले समेत बुझ्न सकेनन् । ऊ के बुझोस् ?

--

एक अङ्कमा एक विधाको रचना मात्र प्रकाशित हुने हुनाले 'वैजयन्ती साहित्यिक पत्रिका' नामक फेसबुकमा मागिएको विधाको रचना समय सीमा भित्र shabdarthaprakashan@gmail.com मा पठाउन सक्नुहुनेछ ।



# मेयर

डा. विश्वदीप अधिकारी

'नगर प्रमुखको कोठा कुन होला बाबु ?'

'मेयरसाबको कोठा ऊ, त्यही हो । केही काम थियो कि बाको ?'

'मीतको छोरा नगरप्रमुखलाई बधाई दिन आको नि ! नगर प्रमुख भएपछि कस्तो देखिएछ ? कति फेरिएछ ? भन्ने पनि थाहा हुने भो ।

'समय लिएर आउनुभएको हो त ?'

'मीतले मेरै अगाडि मोबाइलबाट समय लिइदिएका थिए । उसले मीत बालाई आज साढे बाह्र बजे पठाइदिनु भनेको मेरै कानले सुनेको थिएँ ।'

'आउन त ठयाक्कै समयमा आउनुभएछ बा तर मेयर साब त आउनुभएकै छैन । आज दुई तीन ठाममा भाषण गर्न जानु भा छ ।'

'आच्या, मलाई बोलाएर आफू भने अन्तै हिँड्ने कस्तो जनप्रतिनिधि हो गाँठे ?'

'पर्खनुस् है म फोन गरिदिन्छु.....सवा दुईसम्म आउनु हुन्छ रे ! मीत बालाई कोठामा राखेर चिया पिलाउँदै गर्नु भन्नुभएको छ ।'

'समयको ख्याल नहुने यस्ता धोकेबाजलाई भेट्न के बस्नु थियो र ? तर मीतको मान राख्न कुरेर बस्ने भएँ लौ.......हैन बाबु तिमीले मेयरको कोठामा पो राख्यौ त मलाई टेबुलमा पनि गाईखाने भाषामा मेयर लेखेको रहेछ म त नगर प्रमुखलाई पो भेट्न आएको हुँ । अघि मोबाइलमा कोसँग कुरा गरेको तिमीले ? मेयरसँग गरेछौ कि क्या हो ? नगरप्रमुखसँग गर्नुपर्ने । म मेयरलाई भेट्न आएको होइन, नगरप्रमुखको कोठा देखाऊ न मलाई मेरो मीत छोरो त्यहीँ होला नि !'

'हे, बा पनि कस्तो कुरा नबुझ्ने । मेयर भनेको नगरप्रमुख त हो नि । यही हो तपाईंको मीत छोराको कोठा ।'

'ए रात्तै, हाम्रो भाषा र संस्कृति त सिध्याएछन् गाँठे । उहाँ भने स्थानीय सरकार रे ढोका, कोठा, टेबुल सबै विदेश गन्हाउने पो रहेछ त ।'

'के भो र बा ? नगरप्रमुख भन्दा मेयर भनेकै राम्रो नि ! विदेशीलाई पनि बुझ्न सजिलो हुने ।

नगरप्रमुखको चुनाव जितेर आफूलाई मेयर भनाउने यो मीत छोरो भत्किएछ । तीन बज्दा पनि आएन । न समयको बोध, न देश भक्ति, न संविधानले तोकेको राष्ट्रभाषाको सम्मान । सेवाग्राहीको काम भन्दा भाषणमा मात्र मन । ल भैगो बधाई दिनुपरेन यसलाई । ए बाबु त्यसलाई अर्कोपालि इस् भोट भनेको छ तेरा मीत बाले भनिदिनु ।

३३ शास्त्रीमार्ग मैतिदेवी काठमाडौं ।



# चस्मा

**शान्ति नेउपाने**

एकजना सज्जन राज्यको कुनै सभामा भाग लिन जाँदै थियो । बाटोमा एकजना अपरिचित व्यक्तिले 'कता जान लागेको ?' भनेर सोधे । उनले गर्वका साथ राजसभामा जान लागेको भने ।'राजसभा कि पशुसभा ?' भनेर सोधे । उनले जङ्गिदै जवाफ फर्काए- 'के बकम्फुस्से कुरा गरेको ? जुन सभामा देशका राजा, रानी, प्रम, मन्त्री, सचिव, सेना प्रमुख, पुलिस प्रमुख, सरकारका सल्लाहकार बुद्धिजीवीहरू, नाम चलेका ठूला नेताहरू, संवैधानिक निकायका प्रमुखहरू, विभिन्न सङ्गठनका टाउकेहरू, उद्योगपतिहरू उपस्थित हुने त्यत्रो सभालाई पशुसभा भन्ने तिमी को हौ ? जे मन लाग्यो त्यही बोल्ने पागल ।' अपरिचित व्यक्तिले शान्त भएर भने- 'ठीक छ, म पागल नै सही । म यौटा चस्मा दिन्छु । यसलाई सभामा बसेपछि मात्र लगाउनु । त्यसपछि जे देखिन्छ त्यो कुरा फर्केर आएर मलाई बताउनु । अहिले यो चस्मा लिएर जाऊ । म यतैतिर हुन्छु ।'

सज्जन चस्मा खल्तीमा बोकेर सभामा गयो । कार्यक्रम सुरु भयो । उसले चस्मा झिकेर लगायो । सबैतिर मुन्टो घुमाएर हेऱ्यो । ऊ आस्चर्यचकित भयो । यौटा फ्याउरो आयो ठूलो स्वरले कराउँदै उद्घोषणा गर्न लाग्यो । अर्को बडेमानको राँगो आएर राजाको आसनमा बस्यो । फेरि स्याल आएर प्रमको कुर्सीमा बस्यो । सुँगुर आएर न्यायाधीशकोमा बस्यो । ठूला ठूला झिँगा आएर सल्लाहकारका कुर्सीमा बसे । गिद्धहरू पत्रकारको लाइनमा बसे । हुँडार ब्वाँसाहरू उच्चपदस्थको कुर्सीमा बसे । भेडाहरू दर्शकदीर्घामा बसे । गोहीहरू आएर संवैधानिक निकाय प्रमुखहरूको कुर्सीमा बसे । ठूला ठूला साँढेहरू व्यापारी-उद्योगपतिको कुर्सीमा बसे । केही भुस्याहा कुकुरहरू सुरक्षा प्रमुखको कुर्सीमा बसे । गँड्यौलाहरू उच्चपदस्थ कर्मचारीको कुर्सीमा बसे । गधाहरू विभिन्न सङ्गठनका प्रमुख बस्ने ठाउँमा बसे । यसरी सभा खचाखच भरियो । उसले त्यहाँ एकजना पनि मान्छे देखेन । सबैजना मान्छेको छालाको खोल ओडेर आएका जनावरहरू मात्र देख्यो । ऊ डरायो र बाहिर निस्क्यो । उसलाई आफैप्रति पनि शङ्का लाग्यो र ऐनामा हेऱ्यो । ऊ त घोडा पो रहेछ । फर्केर अघिको मान्छेलाई भेट्न गयो । ऊ चाहिँ साँच्चै नै मान्छे रहेछ । उसले मनमनै सोच्यो मान्छेको सक्कली रूप देखाउने यस्तो चस्मा देशका एकप्रतिशत मान्छेलाई मात्र बाँड्न पाए यो देशले पनि छिट्टै काँचुली फेर्ने थियो ।

चाबेल, काठमाडौं ।

--



# शोभा

**शुक्रराज कुँवर**

'के छ हो ..? सरोजबाबु । ' भन्दै उसको साथी मोदनाथ टुप्लुक्क देखापरे ।

'अरे...! ठिकै छ यार । अकस्मात आज कताबाट हो ?' सरोजले आत्मीयता दर्शाउँदै साथीलाई स्वागत गरे ।

दुई जना मिल्ने साथी । लामो समयपश्चात् भेट भएको लामै कुराकानी भयो । कुराकानीकै क्रममा सरोजले बाबुआमाको हालचालबारे जिज्ञासा राखे ।

मोदनाथले कुनै धक नमानी भने- 'बाबुआमालाई त मैले भाइको घर पुराइदिएँ यार । उसको पनि बाउआमा हो नि । भाइ अंश लिएकै हो । सारै अर्ती उपदेश छाँट्थे बूढा । मेरो परिवारमा हाइसन्चो छ अहिले ।'

'यो त राम्रो भएन, त्यसो गर्न नहुने । आगो ताप्नु मुढाको कुरा सुन्नु बूढाको भन्छन् ।' सरोजले भने ।

'छोडिदेऊ त्यस्ता पुराना कुरा । बरु बाबुआमा गएपछि मैले घर रङरोगन गरेर चिटिक्क पारेको छु । फूलबारीमा फूलहरू फुलेर शोभायमान भइरहेका छन् । अरू भन्दा पनि घरमा पालेको जर्मन सेफर्ड कुकुरले मेरो घरको शोभा बढाइरहेको छ ।'

सरोजले अवाक् भएर उसको कुरा सुनी मात्र रह्यो ।

मोदनाथले अझ धमास प्रकट गर्दै भन्यो- 'तिमी त सामान्य जीवन यापन गरिरहेका छौ । बरु भन तिम्रो घरमा त्यस्तो शोभा बढाउने कुरा के छ ?'

केही नबोली सरोजले मोदनाथलाई घरको माथिल्लो तलामा लिएर गए । बैठक कोठाको पर्दा यसो उघारेर टेलिभिजनमा धार्मिक कार्यक्रम हेरिरहेका ज्येष्ठ नागरिकलाई देखाउँदै भने- 'उहाँहरू मेरो बुवाआमा, मेरो घरको शोभा ।'

बलभद्र पथ, धरान १०

-_-



# सम्मान

**डा. श्यामप्रसाद न्यौपाने**

'नमस्कार सर ।' मैले विनम्रतापूर्वक अभिवादन गरें ।

'नमस्कार ।' उहाँले अभिवाद फर्काउँदै भन्नुभयो ।

'हजुर कार्यक्रममा नगएर यता ?' उहाँले नै जिज्ञासा राख्नुभयो ।

'हाम्रो त के काम छ र सर कार्यक्रममा ? रमाइलो हेर्ने र भाषण सुन्ने न हो ? बरु गाउँका पाका नागरिकलाई आजको कार्यक्रममा सम्मान गर्ने भन्ने सुनेको थिएँ । हजुर सम्मान थाप्न नगएर कता नि ?' म स्पष्ट हुन खोजें ।

'हो, गाउँलाई योगदान दिएका विशिष्ट व्यक्तिहरूलाई आज सम्मान गर्ने कार्यक्रम छ भन्ने थाहा पाएर कार्यक्रमस्थलमा पुगेको थिएँ तर गाउँलेलाई सकारात्मक बाटोमा हिंड्न अभिप्रेरित गर्ने अगुवाहरूको तेजोवध गर्ने, गाउँभरि आतङ्क सिर्जना गरी सन्त्रस्त तुल्याउन सक्रिय रहने, बेथितिको नाङ्गो नाच प्रस्तुत गरी आतङ्क सिर्जना गर्ने मध्येकै एक जना कार्यक्रममा प्रमुख अतिथि भएर आएको रहेछ । जसले हाम्रो घरबार लथालिङ्ग बनायो, हाम्रा सुनौला सपनाहरू धुलिसात् बनाउन दिलोज्यान दिएर लाग्यो, जसले हाम्रो मुटु निचोरेर रगत पियो र हामीलाई पीडाका आँसु बगाउन बाध्य पाऱ्यो, के म सम्मानको नाउँमा तिनै निर्ममहरूकै हातबाट दोसल्ला ओढ्न जाऊँ ? के म मेरा सन्ततिका फुटेका सपनामाथि ताण्डव नाचूँ ? सहिष्णुता र सहनशीलताको नाममा स्वाभिमानको गला घोटूँ ? सन्चो हुन्छ भन्दै काटेको गहिरो घाउमा चुक दल्न सहज हुन्छ र ? तपाईं नै भन्नोस् न भाइ ।' उहाँले गहभरि आँसु निकाल्दै भन्नुभयो ।

कुरा सुनेर मन थाम्न नसकी मैले यसो मञ्चतिर नजर लगाएँ । उद्घोषकले नाम उच्चारण गर्दा नगर्दै अन्य कतिपय गाउँलेहरू भने आस्कोटको कलर मिलाउँदै तिनै प्रमुख अतिथिबाट खादा र अबीर थाप्दै सम्मानित हुन ठेलमठेल गरिरहेका थिए ।

सुनवल - १२ नवलपरासी ।

-_-



# खुसी

**सुनिता निरौला पौडेल**

'यस्तो महँगो सारी किन किन्नुभएको आमा ? थाहा छैन तपाईंलाई छोराको कमाइले घर चलाउन कति गाह्रो छ भनेर ?' कर्कश स्वरले भन्यो उसले ।

'छोरा ! बुहारीले पनि किनिन् सारी । मलाई पनि किन्न मन लाग्यो । वर्ष दिनको चाड तीज आउँदा यसपालि मलाई पनि राम्रो सारी लगाउन मन लाग्यो ।' उदासिन भावमा आमाले भन्नुभयो ।

'ऊ त भर्खरकी छे तर तपाईं उमेरले डाँडा काट्नुभा'को छ । कम्तीमा आफ्नो उमेरको पनि ख्याल राख्नुपर्छ नि ! कुन लगाउँदा आफूलाई सुहाउँदो हुन्छ भनेर ' आँखा तर्दै हेर्‍यो उसले ।

'के गर्नु छोरा, आफूलाई लाउँखाउँ उमेरमा दैवले भाग्य खोस्यो ।'

भित्रबाट बुहारी आएर भनिन्- 'केको हल्ला गर्नुभा'को ? बूढा ! हेर्नु न मेरो सारी, कस्तो छ ?'

'धेरै राम्रो किनिछौ प्यारी । हेर त आमाले यस्तो महँगो सारी किन्नुभएछ ।' अलि रुखा स्वरले बोल्यो ऊ ।

'किन र बूढा ? आमाले महँगो सारी लगाउनै नहुने त होइन नि ! वर्ष दिनको चाडमा, उहाँलाई पनि राम्रो सारी लगाउने रहर हुन्न र ?' आमाको समर्थनमा बोलिन् उनी ।

'फेरि आमासँग कसरी बोल्नुपर्छ भन्ने थाहा छैन र तपाईंलाई ? कुरै नबुझी यसरी बोल्ने हो र ? कति मन दुख्यो होला उहाँको ।' चित्त नबुझेको कुरा तेर्स्याइन् उनले ।

'आमाको कुनै दोष छैन मैले नै किनेर ल्याइदिएकी हुँ, सारी उहाँलाई ।' बुहारीले फेरि स्पष्टीकरण दिइन् ।

'अलिअलि गरेर सञ्चय गरेर राखेको थिएँ, सबै पैसा सक्यौ होला होइन ?' निरास हुँदै बुझ्न खोज्यो उसले ।

'तपाईंले कमाएको एक पैसा पनि परेको छैन सारीमा । आमाले सञ्चय गरेर राख्न दिनुभएको वृद्धभत्ता अनि मैले सागसब्जी किन्दा बचत गरेको पैसाले उहाँको खुसी किनेको हो बुझ्नुभो ?'

सिर्जनानगर, भक्तपुर ।

-_-



# टाट्ु युग

सुन्दर खड्का

एकदिन तालुवाला केटो अभी र शरीरभरि टाटु खोपेकी हिसिलाको भेट भयो । त्यसै अवसरमा व्यस्त सडकमै उभिएर सञ्चो बिसञ्चोलगायतका विविध विषयमा धेरैबेर कुरा गरे । धेरैपछि भेट भएकाले दुवै खुसी देखिन्थे । हिसिलाको शरीरभरि टाटु खेपेकी थिइन् । त्यसबेला जो कोहीले पनि सजिलै देख्न सक्थ्यो । अरूले पनि देखे । मैले पनि देखें । अभीले पनि देख्यो र लजाउँदै सबैतिर नियालेर हेऱ्यो अनि बोलिहाल्यो- 'हिसिला तिमीले धेरै ठाउँमा टाटु खोपिछ्यौ ।'

'अँ' हिसिलाले छोटो उत्तर दिइन् ।

'खोप्न त खोपिछ्यौ । खोप्न पर्ने ठाउँमा पनि खोपिछ्यौ । खोप्न नपर्ने ठाउँमा पनि खोपिछ्यौ ।' अभीले नाक खुम्च्याउँदै भन्यो ।

'किन तिमीलाई राम्रो लागेन ?' हिसिलाले झर्कंदै भनिन् ।

'त्यसो होइन । तिमीले खोपेका सबै टाटुहरू देखाउँदै हिंड्दा लाज लाग्दैन भन्न खोजेको मात्रै हो ।' अभिले डराई डराई भन्यो ।

नजिकैबाट म तिनीहरूको वार्तालाप सुनिरहेको थिएँ । वार्ता रमाइलो, रोचक अनि घोचक पनि लाग्यो मलाई । सोचें- 'समयले मानिसलाई कहाँबाट कहाँ पुऱ्याउँछ । कुमालेको चक्र झैं फेरि ढुङ्गे युगमा फर्काउने भयो । फरक त्यसबेलाका मानिसहरू लुगा नभएर नाङ्गो हुन्थे भने अहिले भएरै । फेसनको रूपमा विशेष शरीरभरि टाटु खोप्ने अनि त्यसलाई लुकाएर राख्ने हो र ? भन्दै देखाउँदै हिंड्ने प्रचलनले गर्दा जो कोहीका छोपिनु पर्ने संवेदनशील अङ्गहरू नछोपिने भयो । हिसिलाको जस्तै ।

उता अभि र हिसिलाको वार्ता जारी नै थियो- 'खुब अर्काको टाटुमाथि खोट लगाउँदो रहेछ । तिम्रो पनि त तालु थियो होइन ? फेरि यो टोपीले किन छोपेर हिंड्नु पऱ्यो ?' हिसिलाले अभिले लगाएको टोपी निकाल्दै भनिन् ।

'तालु देखाउन लाज लागेर हो । नत्र यस्ता नाथे टोपी किन लगाउँथे र म ।' अभिले लजाउँदै हिसिलाको हातबाट टोपी लिएर लगाउँदै भन्यो ।

'थाहा रहेछ त । लाज टाटुमा होइन तालुमा हुन्छ भनेर । विनासित्ती अर्काको टाटुलाई नराम्रो भन्दो रहेछ । मैले टाटु जहाँ खोपूँ, खोपूँ, तिमीलाई केको चासो ? मन लागे हेर, नलागे नहेर' भन्दै हिसिला आफ्नो बाटो लागिन् । अभि पनि मबाट अदृश्य भयो । त्यस दिनको घटनापछि अभिले पनि टोपी नलगाई हिंड्न थालेको छ भनेर गाउँभरि हल्ला चलेको छ ।

इन्द्रायणी, काठमाडौं ।



# मोह जाल

**सुशीला देउजा**

राधिकाको फोटोमा श्रध्दाञ्जली लेखिएको समाचारपत्र निकै दिनपछि मेरो हात पर्‍यो। म स्तब्ध भएँ। झरझर आँसु झरिरह्यो। झन्डै छ महिनाअघि उसलाई असनमा भेट्दाको सम्झना आँखाअगाडि आयो। त्यो दिन एउटा सानो कामले म असन पुगेकी थिएँ। घर फर्कंदा भोटाहिटी नजिक एउटा ठूलो पोको बोकेर राधिका अगाडि हिंड्दै थिई। मैले टाढैबाट 'ए राधिका' भनी बोलाएँ। टक्क रोकिएर उसले पछाडि हेरी। मैले टाढैबाट हात हल्लाएर उसलाई रोकें। नजिक पुगेर हाँस्दै मैले उसलाई धाप मारेर भनें- 'धेरैपछि भेट भयो के छ तेरो हाल खबर ?'

उसले मलिन आवाजमा 'के हुनु उही त हो घरको कहिल्यै नसकिने कोदे धन्दा' भनी।

'आ.... घरकै कोदे धन्दामा मात्र कति दिन बिताउँछेस्। कहिले काहीं आफ्नो लागि पनि सोच्नुपर्छ के। साथीहरू भेटेर रमाइलो गर्नुपर्छ। ल म योजना बनाउँछु हामी चाँडै भेटेर पुराना दिनहरू सम्झँदै रमाइलो गरौंला। ल भन कहिले भेट्ने ?' मैले भनें।

उसले तर्किंदै भनी- 'साथी भाइ भेट्न तिमीहरूलाई जस्तो मलाई कहाँ फुर्सद छ। आफू एकछिन भइनँ भने घर त लथालिङ्ग भई हाहाकार मच्चिन्छ।' घडी हेर्दै 'अहिले सासूआमालाई खाजा औषधी दिन हतार भइसक्यो। भोकाएका श्रीमान् छोराछोरी सासु सबै मेरो बाटो हेर्दै होलान्। ल म अहिले गएँ कुनै वेला भेटौंला' भन्दै ऊ हतारिंदै बाटो लागी। म पनि माइक्रो चढेर घरतर्फ लागें। बाटाभरि उसकै बारेमा सोचिरहें। त्यस्तो रमाइलो गर्नु पर्ने केटी घरायसी जालमा कसरी बाँधिइछ। एकछिन कुरा गर्नसम्म फुर्सद छैन। परिवारलाई खुसी बनाउँदा बनाउँदै उसले आफ्ना रहरहरू कति मारी होला ? कति त्याग गरी होला ? के उसको त्यागको मूल्याङ्कन परिवारले गरेका छन् होला ?

आज अचानक उसको मृत्युको खबरले उसको परिवारको याद आयो। परिवार सबै उसै माथि निर्भर थिए। त्यही परिवार भनी उसले केही सोच्ने फुर्सद पाइन। आज साँच्ची नै बिचल्ली नै भएको छ होला। बिरामी सासू, श्रीमान्, छोरा-छोरी के गर्दै होलान् ? एकपल्ट फोन गर्नु पर्‍यो भनी उसको श्रीमान्लाई फोन लगाएँ। प्रसन्न स्वरमा फोन उठाएर उसका श्रीमान्ले भने- 'घरमा सबै बन्दोबस्ती मिलाएको छु। आमाको लागि घरमा नर्स राखेको छु। खाना पकाउने घर हेर्ने सबै कामको लागि मान्छे राखेको छु। बच्चाहरू पनि सबै ठीक छन्। स्कुल जाँदै छन्। म अहिले टेनिस खेल्दै छु।'

---



## वैतरणी

**स्वस्तिका सिम्खडा**

'बाबु, तँ मात्र किन आइस् ? दाजुलाई खबर गरिनस् ?' आँखाका अश्रु गालामा चुहाउँदै बाले भने । तत्काल रमेन्द्र बोल्न सकेन । शान्त मुद्रामा लाटाले पापा हेरे झैँ हेर्न थाल्यो ।

'कतै ठूलो छोरालाई केही त भएन ?' आत्तिँदै बाले अर्को प्रश्न राख्न भ्याए तापनि रमेन्द्रले वाक्य फुटाएन ।

'शोक तिमीहरूलाई अलिक कम छ । मेरो त आधा शरीर नै सिद्धियो । आधा प्राण नै हरियो ।' पाँच वर्षे बालकले झैँ बा डाँको छाडेर रुँदै भन्न थाले । रमेन्द्र अझै बोल्न सकेको थिएन ।

उसको कपाल काटियो । पुराना वस्त्रका स्थानमा किरियापुत्रीको वस्त्र दिलाइयो । कुनामा बसेर शोकमा निमग्न हुन लगाइयो । उसले ब्राह्मणले र समाजले भनेअनुरूप अक्षरशः आज्ञा पालन गऱ्यो ।

परिवार जन मात्र भएको मौकामा बाले पुरानै प्रश्न दोहोऱ्याए । रमेन्द्रले दाजुको भनाइ उद्धृत गर्दै भन्यो- 'आमाको पालो मेरो रे ! हजुरको पालोमा वैतरणी नदी तार्न दाजु आउने रे !'

-_-


**के तपाईंलाई थाहा छ ?**

**हामी २०७९ र २०८० को**
**वर्ष साहित्य पुस्तकमा जुटिसकेका छौं ।**
**प्रत्येक वैशाखदेखि चैत्रसम्म निस्केका**
**पुस्तकहरूको हामी परिचय प्रकाशन गर्दछौं ।**
**त्यसैले हामीलाई पुस्तक उपलब्ध गराउनुहोस् ।**
**साहित्य संवर्द्धन केन्द्र / शब्दार्थ प्रकाशन**
चाबेल, काठमाडौं **०१-४४९७३५१/९८४११४४५१०/९८४१४९६१०३**

**पुछारको पातो**

# लघुकथामा मानकको धर्को

**लक्ष्मण अर्याल**

### विषयप्रवेश

आख्यान विधाको कान्छो प्रविधाका रूपमा विकसित छ लघुकथा। यसको चर्चा निकै अगाडिदेखि भए पनि व्यापकता पाउने काम भने पछि मात्र भएको हो। सुरु सुरुमा प्रविधात्मक प्रष्टता थिएन। प्रष्टता नहुँदा नहुँदै पनि लघुकथा लेखिएको, पढिएको र छापिएको थियो। थोरैमा धेरै भन्ने यसको विशेषताले धेरैलाई छोयो। यसैले आख्यानको यो प्रयोगलाई धेरैले रुचाए र पछ्याउँदै गए। हुन त प्रारम्भतिर यो लघुकथा नामले पनि व्यवहृत थिएन। सुरु सुरुमा त आख्यानको यो प्रयोगलाई प्रविधाका रूपमा चर्चा पनि गरिएन किनकि विधागत प्रयोगले प्रविधा बन्ने सौभाग्य प्राप्त गर्न लेखनमा, पठनमा, प्रकाशनमा, प्रसारणमा पनि व्यापकता पाउनुपर्थ्यो। यी सबै कुरामा व्यापकता प्राप्त गरेपछि यसले प्रविधागत स्वीकृति पनि पायो। आज यो आख्यानको लोकप्रिय प्रविधाका रूपमा स्थापित छ।

आज लघुकथा लेख्नेहरूको सङ्ख्यात्मक उपस्थिति लोभलाग्दो किसिमले बढेको छ। व्यक्तिगत तथा सामूहिक सङ्ग्रहहरू प्रकाशनको क्रम पनि बाक्लिँदै छ। अधिकांश पत्रपत्रिकाहरूले लघुकथाका विशेषाङ्कहरू पनि छाप्न थालेका छन्। लघुकथाकै नाममा खुलेका सामाजिक सञ्जाल समूहहरूले पनि लघुकथा लेखनको सङ्ख्या वृद्धिमा सराहनीय काम गरिरहेका छन्। पढ्नेहरू, लेखिएका लघुकथामा छलफल गर्नेहरू र समालोचना गर्नेहरू पनि उल्लेख्य सङ्ख्यामा बढेका छन्। छोटो बसाइमा पढ्न मिल्ने भएर पनि होला अनि प्रभावोत्पादक प्रविधा भएर पनि होला यसको लोकप्रियता चुलिँदै गएको छ। यो लघुकथाको विकासमा राम्रै फड्को हो तर यति हुँदाहुँदै पनि यसको लेखनमा मानकको प्रश्न जति उठ्नु पर्ने हो उठेको छैन। मानकभन्दा अमानक लेखाइहरू बढेका छन्। प्रतिभा भएका लघुकथाकारमा पनि साधना र लगनको अभाव खड्किएको छ। यो चुनौतीलाई कम गर्दै लैजान अबका दिनहरूमा लेखकले, प्रकाशकले, लघुकथाका अभियन्ताहरूले मानकको अभियानलाई सशक्त ढङ्गले अगाडि बढाउन आवश्यक छ। यो लघु आलेख लघुकथामा मानकको अभियानलाई सघाउ पुगोस् भन्ने उद्देश्यले तयार पारिएको हो।

### लघुकथाको प्रविधागत स्थिति

लघुकथा आख्यानबाट विकसित प्रविधा हो। *अहिलेसम्मको अध्ययन अनुशीलनले के देखाएको छ भने लघुकथाको मूल रूप आख्यानबाट प्रारम्भ*

*भएको हो (अश्क २०७३, पृ. २१)*। यसैले यसको रगतको साइनो आख्यानसितै छ भन्न हिच्किचाउनु पर्दैन। *यो आख्यानको लघुतम रूप हो (गौतम, २०७२, पृ. १७)*। समालोचक मोहनराज शर्मा भन्छन्- *'लघुकथा पनि आख्यान (फिक्सन) हो। आख्यानका तीनवटा रूप छन्, जसमध्ये बृहत् रूपलाई उपन्यास, मध्यवर्ती रूपलाई कथा र लघुतम रूपलाई लघुकथा भनिन्छ'* (शर्मा, २०७३, पृ. ९१)।

उपन्यास अनि कथामा रहने तत्त्वहरू लघुकथामा पनि रहन्छन्। यसैले धेरैलाई लघुकथा भनेको कथाको बामपुड्के रूप भन्ने पनि लाग्न सक्छ, सक्छ मात्र होइन लागेको देखिएको छ। केही समालोचकबाट बेलाबेलामा लघुकथालाई लिएर होच्याउने, भडास पोख्ने किसिमका अभिव्यक्तिहरू आइरहेका छन्। यो विधा र प्रविधागत विकासबारे बुझाइमा रहेको क्लासिकल चेतको उपज हो। क्लासिकलहरू सहजै नवीनता स्वीकार गर्न सक्दैनन्। यिनीहरू परम्पराका यति धेरै पृष्ठपोषक हुन्छन् कि नयाँ कुरा मान्य हुन्न। एक अर्थमा क्लासिकलहरू सामन्तवादी हुन्छन् भन्दा हुन्छ तर लघुकथा कथाकै बामपुड्के रूप हो भन्ने कुरा किमार्थ सत्य होइन। लघुकथामा रहने लघुतम भन्ने विशेषता आख्यानका अरू प्रविधाभन्दा फरक अनि आधार वैशिष्ट्य हो। आख्यानका अन्य प्रविधाका तुलनामा लघुकथामा तत्त्वहरूको प्रयोगको न्यूनता रहन्छ अनि निर्मितिको ढाँचा र ढङ्ग पनि उपन्यास र कथाभन्दा नितान्त फरक हुन्छ। निर्माणसामग्री उस्तै उस्तै भए पनि उपन्यास, कथा र लघुकथा छुट्टाछुट्टै स्वादका परिकार हुन्। पानी, मोही र लस्सी तीनवटै तरल पेय पदार्थ भए पनि तिनको स्वाद फरक छ। निर्मितिमा पानीको मात्रा त तीनवटैमा छ तर फरक। हो, यस्तै फरक छ उपन्यास, कथा र लघुकथामा पनि। पानीको तिर्खा मोही र लस्सीले, मोहीको तिर्खा पानी र लस्सीले अनि लस्सीको तिर्खा पानी र मोहीले मेट्न नसके झैं उपन्यासको स्वादको तिर्खा कथा र लघुकथाले, कथाको स्वादको तिर्खा उपन्यास र लघुकथाले मेट्न सक्दैन। यस्तै लघुकथाको स्वादको तिर्खा पनि कथा अनि उपन्यास दुवैले मेट्न सक्दैन। यसैले उपन्यास, कथा र लघुकथा आख्यानका स्वतन्त्र प्रविधा हुन्। लघुकथालाई चिनाउने सन्दर्भमा विनय कसजू यस्तो भन्छन्-

*उपन्यास सिङ्गो जीवन वा समाजको कथा हो भने कथा जीवनको एउटा पाटो हो तर लघुकथा वास्तवमा कथा नभई दृष्टिकोण हो। यसले जीवन, समाज, विषय, घटनाको बारेमा एउटा दृष्टिकोण प्रस्तुत गर्दछ। यो दृष्टिकोण प्रष्ट पार्न लेखकले घटना, संवाद, वर्णन आदि लेखन उपकरणहरूको प्रयोग गर्छ। एउटा लघुकथामा एउटाभन्दा बढी दृष्टिकोण प्रस्तुत गर्न खोज्यो भने कुनै पनि दृष्टिकोण प्रष्ट नहुन सक्छ। (कसजू, २०६५, पृ. ३८)*

**लेखनमा जीवन्तता**

युगौं युगसम्म लेखन बासी नहुनु, नित्यनूतन बनिरहनु लेखनको जीवन्तता

हो । लेखनको जीवन्तताले रचनालाई सदासर्वदा बचाइराख्छ । जीवन्त नभएका लेखनलाई लेखनका क्षेत्रमा अखबारी लेखन भनी खिस्याइन्छ । अखबार भनेको समाचार पत्र हो । अरबी भाषाबाट नेपालीमा भित्रिएको अखबार शब्दमा ई प्रत्यय लागेर बनेको अखबारी शब्दले अखबार सम्बन्धी भन्ने अर्थ दिन्छ । अखबारमा लेखिने लेखन अखबारी लेखन हो । छिट्टै बासी भइसक्ने विशेषताले अखबारी लेखन चिनिने गर्छ । अर्थात् लेखनको क्षणभङ्गुरता । साहित्यमा अखबारी लेखनको शैली वर्जित छ । लेखकहरूले अखबारी लेखन र साहित्यलाई बुझ्न नसक्दा साहित्यमा पनि अखबारी लेखन पसेको छ । पसेको मात्र होइन धेरैको साहित्य नामका रचना अखबारी लेखनमा फसेका पनि छन् । भोलि जेसुकै होस् तत्काल वाहवाही पाउने नाममा साहित्यमा अखबारी लेखनको अतिक्रमण बढ्दो छ । सोसल मिडियाहरूले पनि यो प्रवृत्तिलाई मलजल गरिरहेका छन् ।

कालीदास आज पनि लेखनमा जीवन्त छन् । होमर बाँचेका छन्- *इलियड र ओडिसी*मा । *डिभाइन कमेडी*मा दाँते अनि *मुनामदन*मा देवकोटा आज पनि तन्दुरुस्त छन् । सम, माधव घिमिरे आआफ्ना रचनामा जिउँदा नै छन् आज पनि । लेखनको जीवन्तता भनेको लेखन मानक हुनुको प्रमाण हो । कालीदास, होमर, दाँते, देवकोटा, सम, घिमिरे आज पनि जिउँदो बनिराख्नु उनीहरूको लेखन जीवन्त अनि सार्वकालिक हुनुको प्रमाण हो । साहित्यका अन्य विधा र प्रविधामा जस्तै सार्वकालिकता र जीवन्तताको प्रश्न लघुकथाबाट पनि छुट्टिएर रहन सक्दैन । लघुकथालाई पनि सार्वकालिकता र जीवन्तताले नै मानक बनाइराख्छ ।

## मानक र यसको उपादेयता

मानक भनेको एउटा स्तर हो । कुन विधा कस्तो स्तरमा रहनुपर्छ भन्ने मोटामोटी खाकालाई साहित्यमा मानक भनिन्छ । साहित्यका विधा र प्रविधाहरूका आआफ्नै मानक धर्काहरू हुन्छन् । साहित्यमा मानकको धर्को निर्माण गर्दा लेखनलाई नै आधार बनाइन्छ । यसैले मानकको धर्कामा लेखकको समकालीनता प्रतिबिम्वित हुन्छ । विधा र प्रविधाका छुट्टाछुट्टै मानक धर्काहरू हुने हुँदा एउटाको मानक धर्को अर्कालाई काममा नआउन सक्छ । भनेको मतलब कवितामा कोरिएको मानकको धर्को उपन्यासका लागि काम नलाग्न सक्छ वा अपुग हुन सक्छ अनि उपन्यासका लागि उल्लेख गरिएका मानक विन्दुहरू कथा अनि लघुकथाका लागि अनावश्यक ठहर्न सक्छन् । मानक अपरिवर्तनीय र रूढ भने हुन्न, फेरिइरहन्छ । पहिला पहिला खण्डकाव्यको मानकमा 'पात्रहरू उच्चकुलीन हुनुपर्छ, राजा महाराजाका कथा हुनुपर्छ, छन्दमा लेखिनुपर्छ' भन्ने थियो किनकि त्यतिखेर त्यही मानक थियो तर आज त्यो मानक भत्किएको छ । लेखनमा आउने नव प्रयोगले नै पुरानो मानकलाई भत्काउँछ र नयाँ मानक खडा गरिदिन्छ । प्रतिभाशाली लेखकहरूले नयाँ मानक स्थापना गरिरहन्छन् ।

साहित्यका विधा उपविधालाई भड्किएर अन्यत्र बग्न नदिन त्यसमा एउटा मोटामोटी मानक रेखा खिचिएको हुन्छ । मानक रेखा अलिखित रूपमा नै रहन पनि सक्छ र लिखित रूपमै आउन पनि सक्छ । नियम, सिद्धान्त आदि जे जे नामले पुकारे पनि त्यो मानक रेखा नै हो । खिचिएको मानक रेखाबाट अलिकति पनि दायाँबायाँ गर्नुहुन्न भन्ने नियम चाहिँ साहित्यमा बन्दैन र बनाउनु पनि हुँदैन । यदि यस्तो नियम बनाइयो भने साहित्यमा यान्त्रीकरणको जन्म हुन्छ । यान्त्रीकरणले लेखकीय स्वतन्त्रतालाई डस्छ अर्थात् जहाँ यान्त्रीकरण हुन्छ त्यहाँ स्वतस्फूर्तता सकिन्छ । साहित्यमा स्वतस्फूर्तता भनेको अत्यावश्यक सर्त हो ।

**लघुकथालाई मानक बनाउने उपकरण**

लघुकथालाई मानक बनाउने उपकरणहरूलाई मोटामोटी रूपमा यसप्रकार उल्लेख गर्न सकिन्छ ।

**१. विषय**

लघुकथाका लागि उपयोगमा आउने विषयवस्तुहरू अनगिन्ती छन् । धुलाको कणदेखि विश्व ब्रम्हाण्डसम्मका सन्दर्भहरू विषय बन्न सक्छन् लघुकथाका लागि । विषयवस्तुका सन्दर्भहरू अलिकति पल्टाएर हेरौँ त- मान्छे छ, समाज छ, देश छ, विश्व छ । यी सबैमा अस्तव्यस्ता पनि छ । विसङ्गति छन्, विकृतिको थुप्रो छ । विसङ्गति र विकृतिमै छन्- अनाचार, दुराचार र पापाचार पनि । नगण्य नै सही सदाचार पनि नभएको होइन । नातावाद, कृपावाद पनि छन् । यहीँ छन्- छद्मभेषी चरित्र । आशा छ, निराशा छ । धर्म छ, दर्शन छ र धर्मभित्रै पनि छन्- नगण्य सुकृति अनि असरल्ल विकृतिका जालाहरू पनि । ज्ञान अनि विज्ञान छ ! जात छन्, जाति छन्, संस्कृति छन्, संस्कार छन् । विभेद छ, खुट्टा तान्ने प्रवृत्ति छ । शिक्षा, स्वास्थ्य, व्यापार, व्यवसाय जस्ता कुराहरू पनि छन् । हरेकभित्र असल र खराब छन् । प्रकृति छ- यसको पनि उपयोग छ, दोहन छ । सुशासन र कुशासनका कुराहरू पनि छन् । लोभ छ, लालच छ । यी सबै कुराहरूमा जोडिएको छ मान्छे । विषय त कति छन् कति लेखनका लागि तर यीभित्र पनि के के लेख्ने र कसरी लेख्ने भन्ने कुरा हुन्छ । छान्न जाने गहकिला कुरा पनि आउँछन् लेखनमा र छान्न नजाने पन्याला बन्छन् लेखाइहरू । छानिएका विषयवस्तु र त्यसका सन्दर्भहरू गहकिलो हुँदाहुँदै पनि गन्थनमन्थनको जोडजाडले लघुकथालाई जीवन्त र मानक हुनबाट रोक्छ । लघुकथा लेखकले एउटा कुरा के बुझ्नुपर्छ भने लघुकथा भनेको ठट्टा होइन, चुटकिला होइन, मान्छेका भडास पोख्ने ठाउँ होइन । लघुकथाले सामूहिकता बोल्नुपर्छ, कुण्ठा होइन, विकासको मार्गदर्शन गर्नुपर्छ विनाश होइन, आशा बाँड्नुपर्छ निराशा होइन । लेखनको पनि गन्तव्य र लक्ष्य हुन्छ, यो प्रष्ट र सबैका हितसापेक्ष हुनुपर्छ । विषयवस्तुभित्र यी कुरा पनि जोडिएर आउँछन् । यिनै कुरा हुनु या नहुनुले लघुकथालाई मानक या अमानक बनाउँछ ।

## २. शैली

शैली भनेको शृङ्गार प्रशाधन हो ।'*रचनाकारको यस्तो विशिष्ट रचनाप्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ जसमा भाषिक एकाइको सौन्दर्यबबोधक समुच्चय हुन्छ र भाषा एवंविषयका दृष्टिबाट विचलन हुन्छ' (शर्मा, २०४८, पृ. ३)*। शैलीले अनुभूत विषयलाई सजाई लघुकथालाई धारिलो बनाउँछ । विषय जतिसुकै ओजपूर्ण रोजे पनि समुचित शैलीले त्यसलाई सजाइएन भने लघुकथामा मानकको प्रादुर्भाव हुन सक्दैन । लघुकथा लेख्दा विधागत कला र लेखकीय कलाका बीच समन्वय कायम हुनुपर्छ । यहाँ विधागत कला भनेको लघुकथा लेखनको टेक्निकल पाटो हो । लेखकीय कला भन्नु चाहिँ लेखकीय शैली हो । लघुकथाकारले विधागत कलालाई केन्द्रमा राखी विषयवस्तुमा आफ्नो लेखकीय विशिष्ट कलालाई प्रवेश गराउँछ । लेखक सापेक्ष हुन्छ लेखकीय शैली । कुशल लेखकले लघुकथाको विधागत कलाको परम्परागत मानक धारलाई मोड्न पनि सक्छ । विधागत कलाको परम्परागत मानक धारमा परिवर्तन आउनु विधागत जीवन्तताको द्योतक हो ।

*'सफल लघुकथाले शैलीको प्रखरता खोज्छ, विषयवस्तु मात्र होइन'* (लघुकथा कुनो नामक लघुकथा प्रधान फेसबुक पत्रिकाका लागि नारायण तिवारीले लिनुभएको अन्तर्वातामा कसजूले दिनुभएको विचार) भन्ने धारणा राख्ने विनय कसजूको विचारलाई सिरानी हालेर भन्ने हो भने लघुकथा मानक बन्न विषय मात्र काफी छैन त्यो विषयलाई न्याय गर्न सक्ने शैली पनि हुनुपर्छ । शैली विषय र लक्ष्य बीचको जोडक हो । कसजू भन्छन्- *'थोरैभन्दा थोरै शब्दमा धेरैभन्दा धेरै अभिव्यक्ति व्यक्त गर्ने शैली लघुकथाको आफ्नै मौलिक शैली हो' (कसजू, २०६५, पृ. १२)*। लघुकथामा शिल्पयोजनाको सुन्दर तालमेल हुनुपर्छ । यो कुरालाई पुष्टि गर्ने सन्दर्भलाई तल उल्लेख गरिएको छ-

*लघुकथामा लघुकथाकारले विशिष्ट शिल्पयोजनाको तर्जुमा गर्नुपर्छ तर शिल्पसज्जाका नाममा शिल्पाधिक्य प्रयोग भने गर्नुहुन्न । यसले लघुकथाको स्तरलाई खस्काउँछ । यसैले भनिन्छ- शिल्पको स्वभाविक प्रयोग लघुकथाको स्तरवृद्धिको सोपान हो । जस्तै ठिक्क मात्राको स्वर्णआभूषणले नारीको रूपाकर्षणलाई बढाउँछ तर एउटी नारीको शरीरमा पाँच सात किलोको स्वर्णआभूषण लगाइएमा त्यसले उसको रूपाकर्षणलाई खस्काउँछ । अर्को कुरा विषयवस्तुको विविधताले शैलीगत विविधताको माग गर्छ । यो कुरा लघुकथाकारले नबुझेमा लघुकथाको स्तरीयता वृद्धिमा क्षति पुगी लघुकथा मानक हुनबाट रोकिन्छ । (अर्याल, २०७८, पृ. ३८-३९)*

## ३. भाषा

साहित्यका विविध विधा प्रविधाका निम्ति छानिएको विषयलाई लेखनमा उतार्ने साधन हो भाषा । जुनसुकै साहित्यिक लेखनमा पनि बलियो भाषाको उपयोग

आवश्यक छ। भाषा बलियो हुनु भनेको लेखनमा सपाट वर्णन नभई प्रतीकात्मक, ध्वन्यात्मक, आलङ्कारिक अनि व्यङ्ग्यात्मक हुनु हो। साहित्यका विधापिच्छे भाषिक प्रयोगको तौरतरीका फरक हुन्छ। लघुकथाले ओजिलो र कसिलो भाषाको चाहना राख्छ। अभिव्यक्तिमा मितव्ययिता लघुकथालाई मानक बनाउने सूत्र हो। लघुकथाको भाषा जमेको हिउँ झैं नभई सङ्लो र कञ्चन जालप्रवाह झैं हुनुपर्छ। सुन्दा अनौठो मान्नु होला- लघुकथामा पनि लय हुन्छ। गीत, कविता आदिको जस्तो लय होइन। त्यसमा त भावात्मक लय हुन्छ। लघुकथामा भने विचारको लय हुनुपर्छ। लघुकथामा विचारको लय बसाउने काम भाषाको हो। अति भावुकता व्यक्त गर्ने भाषाको प्रयोग लघुकथामा वर्जित छ। आयामगत रूपमा लघुतम भएका कारण यसले वर्णनात्मकता र विवरणात्मकता खोज्दैन। यसले त भाषाको सूत्रात्मक र चित्रात्मक प्रयोगलाई औधी रुचाउँछ। भाषिक सरलता, स्वतस्फूर्तता र शब्दचयनप्रतिको गम्भीरता लघुकथामा हुनै पर्ने गुण हुन् किनकि यिनीहरू लघुकथाका प्राणतत्त्व हुन्। आडम्बरी र कृतिम भाषा लघुकथाका लागि त्याज्य कुरा हुन्। लघुकथाकारले जतिसुकै दरो विषयवस्तु छाने पनि भाषाको प्रयोगमा ध्यान दिइएन भने लघुकथाको प्रभावकारिता र जीवन्तता कमजोर बन्छ। यी पक्षहरू कमजोर हुनु भनेको लघुकथा मानक नबन्नु हो।

यो कुरा लघुकथा लेख्नेले राम्ररी बुझ्नु पर्छ कि घटना मात्र लघुकथा होइन। विशिष्ट भाषा शैलीको उपयोगबिनाको घटना वर्णन त अखबारी लेखन हो। घटना जोर्नु मात्र लघुकथा हो भन्ने बुझाइ मानक लघुकथा लेखनको बाधा हो, ठूलो कमजोरी हो। अर्को कुरा घटनाको बुनाइ र खिपाइलाई ध्यान नदिई गरिने पाठकीय हौसलाले लघुकथाकारको मानक लेखाइतर्फको यात्रामा प्रत्यक्ष वा परोक्ष रूपमा नकारात्मक असर पार्छ। यसको मतलब पाठकले पनि लघुकथा पढ्दा बुनाइ र खिपाइमा चासो राख्नुपर्छ भन्ने नै हो।

कालिक, स्थानिक र पारिस्थितिक परिवेश हुन्छन् लघुकथामा। विषयगत रूपमा आउने परिवेश अनुकूलन हुने गरी लघुकथा लेखिनुपर्छ। सय वर्ष अगाडिको परिवेश व्यक्त भएको विषयलाई आजको भाषाले न्याय गर्दैन। नागर परिवेशका लागि ग्राम्य भाषाले र ग्राम्य परिवेशका लागि नागर भाषाले लघुकथामा प्रभावकारिता भर्दैन। लघुकथाकारले लघुकथाको प्रभावकारिताका लागि पारिस्थितिक परिवेश अनुकूलित भाषिक प्रयोग गर्नुपर्छ। लेखकले भाषिक प्रयोगमा ध्यान दिनुपर्ने क्षेत्रहरू यति मात्र छैनन्। उसले त लेख्ने क्रममा वर्गीय परिवेशलाई पनि बुझ्नु पर्छ। वर्गीय परिवेश भनेको पात्रको जात, जाति, पेशा, धर्म, सम्प्रदाय, संस्कार, आर्थिक स्थिति, शैक्षिक स्थिति आदि हो।

### ४. शब्द सीमा

एउटा लघुकथाका लागि कति शब्दको सीमा चाहिन्छ त ? यो प्रश्न पनि

उठेको छ लघुकथामा । लघुकथाकारहरूले र विश्लेषकहरूले पनि शब्दको मोटामोटी सीमा तोक्ने गरेका छन् । शब्द सीमा एकै छैनन्, फरक फरक छन् । कसैले २००, कसैले २५०, कसैले ३००, कसैले ५०० र कसैले १००० शब्दको सीमा छुट्याएका छन् लघुकथाका लागि । यो भन्दा अरू अरू सीमा पनि होलान् । हजारभन्दा माथिको संरचनामा लेखिने आख्यान कथा हो भन्ने धार पनि छ । आजकल कथा प्रतियोगिताहरूमा तलको शब्द सीमा भनेर १५०० तोक्ने गरिएको छ । लघुकथाका प्रतियोगिता र लघुकथाका विशेषाङ्क तथा सामूहिक सङ्कलनहरूमा लघुकथा माग्दा भने २५० र ३०० कै शब्दसीमा नै बढी आउने गरेका छन् । लघुकथामा एकै नभएर फरक फरक सीमा भेटिनुले पनि यो कुनै अकाट्य नियम होइन सामान्य साँध मात्र कोरिएको हो भन्ने कुरा पुष्टि हुन्छ । त्यसो भए यी आफू खुसी बनाइएका सीमाहरू गलत पो हुन् कि, यसरी सीमा लगाउनु हुन्नथ्यो कि भन्ने जिज्ञासा पनि कतिपयका मनमा उठ्छ । यसमा सन्देह गर्नु पर्दैन यी आधारहरू पनि गलत होइनन् । सीमा नतोकिँदा हुने भद्रगोलबाट प्रविधालाई जोगाउन शब्द सीमाको आधार बनाइएको हो ।

थोरैमा कति शब्दसम्मको बनाउनु पर्ला त लघुकथा ? प्रश्न त यसरी पनि आउन सक्छ । यसको सीमा छैन । थोरैमा कसैले सीमा तोकेको छैन । विश्व परिवेशको प्रयोगको कुरा गर्ने हो भने अर्नेस्ट हेमिङ्वेले ६ शब्दको लघुकथा लेखेको इतिहास छ । फ्ल्यास स्टोरी भनिएको छ त्यसलाई । पश्चिममा फ्ल्यास स्टोरी भनिएकामा त्यसलाई मोहनराज शर्माले दीप्ति वा फिल्को कथा भनी नामकरण गरेका छन् । नेपालीमा ४०/५० शब्दसीमामा पनि जबर्जस्त लघुकथा लेखिएका छन् । २०० देखि २५० शब्दसीमामा त धेरैले लेखेका छन् लघुकथा । प्रभावकारी नै लेखेका छन् । ३०० शब्दसम्मको लघुकथा लेख्नेहरू त अत्यधिक नै छन् । नेपालीमा लघुकथा भनिएको यो प्रविधाको खास विशेषता लघुतम हो । उपन्यास र कथामा 'लघुतम' भन्ने विशेषता हुन्न । कवितातिर जाने हो भने मुक्तकलाई लघुतम भनिन्छ ।'लघुतम' विशेषता भएकैले लघुकथा लेख्दा धेरै शब्द सीमा राखेर लेखिनु हुन्न । धेरै शब्द खर्च गरेर लेख्न मन लागे कथा लेखे भइहाल्छ । लघुकथा लेखकले यो बुझ्नु पर्छ कि शब्द सङ्ख्या १५०, २००, २५०, ३०० मात्र होइन ३५०, ४००, ४५० वा ५०० शब्दलाई पनि सीमा बनाएर लघुकथा लेख्न सकिन्छ । यस्तै अरू सीमा पनि बनाउन सकिन्छ । लेख्दा एउटै सीमाको प्रयोगमा मात्र रुमलिनु पनि उपयुक्त होइन । यसो गरियो भने प्रयोगमा विविधता नआई सिर्जनामा अङ्कुश लाग्छ । प्रयोगमा अङ्कुश लगाउनु प्रविधागत विकासलाई अवरुद्ध गर्नु हो । मोहनराज शर्माले त एउटा अर्को प्रयोगको फाटक पनि खोलिदिएका छन् । उनी आफैले एकै विषयमा दुई शैलीको प्रयोग गरेर दुईवटा लघुकथा लेखी देखाएका छन् । जसमा शब्द सङ्ख्या निश्चित (२/२ सय) छ । यद्यपि उनले उदाहरणका रूपमा मात्र एउटा प्रयोगको उल्लेख गरेको देखिन्छ । न घटी न बढी शब्द

सङ्ख्या राखेर पनि लघुकथा लेख्न सकिन्छ भन्ने उनको तर्क छ । लघुकथा लेख्नेले शब्द सङ्ख्याका विभिन्न आधार पक्डिएर लेखे पनि लघुकथामा मुक्तकीय झड्कालाई भने छुटाउनु हुन्न किनकि मुक्तकीय झड्का लघुकथाको खास प्रविधागत पहिचान हो ।

**५. झिल्काहरू**

लघुकथाकारले लघुकथामा झिल्काहरू उत्पन्न गराउनु पर्छ । लघुकथामा झिल्काहरू प्रभावकारी वाक्य तथा उपवाक्यहरू मार्फत उत्पन्न गराइन्छ । झिल्काहरू सन्तुष्टिका द्योतक हुन् । लघुकथामा झिल्काहरू एक पटक मात्र पर्नु पर्छ कि पटक पटक भन्ने प्रश्न छ । खास यही हो भन्ने चुरो कसैबाट पनि आएको छैन । मुक्तकीय झड्का भन्ने कुरा भने आएको छ । एउटा सफल लघुकथामा ठाउँठाउँमा झिल्काहरू उत्पन्न हुँदा हुँदै अन्तसम्म पुग्दा महाझिल्का उत्पन्न हुनुपर्छ । महाझिल्काले ठूलो झड्का ल्याउँछ । चट्याङ जस्तो, मर्मभेदी । यसले पाठकलाई 'ओहो' को परिणतिमा पुऱ्याउँछ । त्यो परिणति भनेको झस्केको स्थिति हो । यसले लघुकथालाई सफल अनि मानक बन्ने दिशातिर लैजान्छ ।

अधिकांश लेखकहरूले लघुकथामा झिल्का र झड्काको मर्म अझै बुझिरहेका छैनन् । यो बुझाइको कमी नयाँ पुराना सबैमा छ । लघुकथामा त झड्का उत्पन्न गर्नु पर्छ रे भनेका आधारमा यसको तात्पर्य नबुझी जबर्जस्ती झड्का ल्याउन खोज्दा कैयौं लघुकथाकारका रचनाहरू दुर्घटनामा पनि परेका हुन्छन् । प्रयास त हो तर असफल प्रयास । त्यसो त प्रयास नै नगरी सफलता त कहाँ पो पाइन्छ र ? अझ गरेका प्रयासहरू सबै सफल नै हुन्छन्- भन्ने पनि त होइन नि । प्रयास सफल हुन साधनाको खाँचो हुन्छ । साधनालाई व्युत्पत्तिले उजिल्याउँछ । मस्तसँग अरूका राम्रा लघुकथा पढ्नुस् । नपढी राम्रो लेख्न सकिन्न । पढ्नु अनि ज्ञान थप्नुको नाम नै व्युत्पत्ति हो ।

लघुकथा यस्तो प्रविधा हो जुन पढिसक्दा आश्चर्य मात्र होइन महाआश्चर्यसम्म पुग्नुपर्छ । आश्चर्य मान्दामान्दै महाआश्चर्यसम्मको यात्रा । यो आश्चर्यलाई कौतूहलको नाम पनि दिन सक्नुहुन्छ । या अरू केही । लघुकथा पढिसकेपछि एक पटक हल्लिनु पर्छ पाठक । हल्लिनु अर्थात् संवेदनामा झङ्कार उत्पन्न हुनु । घण्टी बजेपश्चात् आएको रनन्नको निनादजस्तो । पठनपश्चात् पाठकमा उत्पन्न हुने लघुकथाको निनाद केहीबेरसम्मै गुन्जिरहनु पर्छ अर्थात् भनेको के हो भने लघुकथाले पाठकलाई चिन्तनको दूरतातिर लैजान सक्ने हुनुपर्छ ।

लघुकथामा लेखक र पाठक दुई पक्ष हुन्छन् । लघुकथामा झिल्काहरू उत्पन्न गर्ने पक्ष भनेको लेखक नै हो । पाठक भनेको त पठनपश्चात् अनुभूत गर्ने दोस्रो पक्ष हो । लेखनअगाडि लेखक सम्बद्ध केही कुराहरू हुन्छन् । लेखकले

विषय भेट्छ । भेटेका विषयले पहिलोपल्ट लेखक नै छोइन्छ । मान्नूस्- लेखन अगाडि पनि उत्पन्न हुन्छन् झिल्काहरू जुन लेखकका चेतनामा झिल्मिलाउँछ बारम्बार । चेतनामा झिल्काहरू नझल्कँदा त्यसले लघुकथाकारलाई लघुकथा लेख्ने प्रेरणातिर लैजाँदैन । बलजफती लगिहाल्यो भने पनि त्यसले न लेखकमा सन्तुष्टि ल्याउँछ न पाठक त्यस्तो लघुकथा पढेर मदहोस नै बन्छ ।

## ६. लघुकथाका अङ्गहरू र त्यसको व्यवस्थापन

लघुकथामा कथानकका आदि, मध्य र अन्त्यको श्रृङ्खला रहन्छ । यस्तो शृङ्खला उपन्यास र कथामा पनि हुन्छ । आकारमा ठूलो हुने हुँदा उपन्यासमा यो शृङ्खलाले विकसित हुने समय प्रशस्त पाउँछ । उपन्यासमा आदि र अन्त्य भागलाई एक एकवटा परिच्छेदमा र मध्य भागलाई विभिन्न परिच्छेदहरूमा फैलाउन मिल्छ । कथा भने मझौलो प्रविधा भएकाले त्यसमा यी अङ्गहरू उपन्यासमा जति फैलन पाउन्नन् । अझ लघुकथामा त यसको फैलावटलाई निकै साँघुऱ्याउनु पर्ने हुन्छ किनकि लघुकथाको मूल सूत्र नै 'छोटो लेख, छिटो लेख र प्रभावकारी लेख' हो । लघुकथामा ज्यादै लघुतम संरचनामा आदि, मध्य र अन्त्यको शृङ्खला खिप्नु पर्ने भएकाले यसको लेखन चुनौतीपूर्ण पनि छ ।

लघुकथाको आदि भाग आरम्भ हो । आरम्भ भनेको विषयको उठान । यसै भागमा समस्या रोपिन्छ, समस्या अङ्कुरण हुन्छ र द्वन्द्वबीज उत्पादन हुन्छ । यसका आरम्भिक वाक्यहरू ओजिला हुनु आवश्यक छ किनकि यो पाठकको ध्यान खिच्ने अङ्ग हो । मानकको सुरुवात यही विन्दुवाट हुने भएकाले पनि लघुकथाकारले शैलीगत परिपक्वता यहीँबाट थाल्नुपर्छ । यहाँ व्याख्या चाहिन्न र विश्लेषण राखिन्न । सूत्रात्मक प्रविधि उपयोग गरिन्छ ।

आदि भागमा रोपिएको र उम्रिएको समस्याले उत्कर्षता प्राप्त गर्ने ठाउँ मध्य भाग नै हो । द्वन्द्वको उठान र विकास अनि कौतुहलको उद्भव र उत्कर्ष पनि यहीँ हुन्छ । द्वन्द्वलाई सघन बनाउने ठाउँ पनि यही नै हो । द्वन्द्व जति सघन भयो त्यति नै मात्रामा पाठकभित्र हुँडलो मच्चिन्छ । पाठकभित्र जति हुँडलो र तनाव बढ्यो त्यति नै धेरै लघुकथा सफल बन्छ ।

अन्त्य भाग भनेको लघुकथाको बीट हो । यो बलियो गरी बुनिनु पर्छ । आदि र मध्य भागको सफलताले मात्र लघुकथाको मानक निर्धारण हुँदैन । यसैले यो भागमा चोटिला वाक्यहरूको उपयोग हुनुपर्छ । अन्त्य व्यवस्थापन सबै विधा प्रविधामा चाहिन्छ तर लघुकथाको अन्त्य भाग अरू विधाको जस्तो हुँदैन । लघुकथाले अन्त्य व्यवस्थापनमा विलम्ब होइन आकस्मिकता खोज्छ । आकस्मिकताले पाठकलाई खल्बल्याउँछ । यहाँ पाठक जति बढी खल्बलियो त्यति नै लघुकथा सफल बन्छ । यहाँ लघुकथाकारले उपदेश होइन विचारलाई स्थापित गर्नुपर्छ ।

लघुकथालाई अन्त्य गर्ने दुई शैली छन्- खोल्ने शैली र छोप्ने शैली। यहाँ खोल्ने र छोप्नेको मतलव अर्थ खोल्ने र अर्थ नखोल्ने भनिएको हो। खोल्ने शैलीमा लेखकले निर्णय दिन्छ भने छोप्ने शैलीमा लेखकले निर्णय दिँदैन। खोल्ने शैलीमा आशय खोज्न पाठक घोत्लिन पर्दैन भने छोप्ने शैलीमा अर्थका लागि पाठक घोत्लिनु पर्छ। खोल्ने शैली अर्थको फोकस लघुकथाकार स्वयम्ले निर्धारण गर्ने शैली हो भने छोप्ने शैली लेखकले पाठकलाई दिएको गृहकार्य हो। भनिन्छ- पाठकको मनमाफिक धारणा बनाउने र सोचमग्न हुने अधिकारलाई खोल्ने शैलीले कुण्ठित बनाउने हुँदा राम्रो होइन। यसैले लघुकथा लेखकहरूलाई सुझाव दिँदा छोप्ने शैली नै उपयोग गर्न भनिन्छ तर कतिपय लेखकहरूले आफ्नो उद्देश्य एकातिर र पाठकको बुझाइ अर्कोतिर हुने अवस्था रोक्न जानाजान खोल्ने शैली रोज्छन्। यो खोल्ने शैली भनेको पनि सूचीकारको सीप जस्तै हो। कपडाको डिजाइन गर्दा कति खोल्दा राम्रो र कति खोल्दा भद्दा हुन्छ भन्ने कुरा कुशल सूचीकारको सीप र अनुभवले तय गरे जस्तै एउटा कुशल लघुकथाकारले पनि समापनमा कति खोल्ने र कति छोप्ने भन्ने कुशलता देखाएमा लघुकथाको स्तरीयता घट्दैन बढ्छ। यो खोल्ने शैलीको उपयोग गर्दा लेखकले अत्यन्त कुशलता भने प्रदर्शन गर्नुपर्छ। यसैले यहाँ के भन्न सकिन्छ भने खोल्ने शैलीको उपयोग गर्ने हो भने लेखकले आफ्नो उद्देश्यको सङ्केत मात्र गरोस्, पाठकीय जिज्ञासाको सम्पूर्ण आयामहरू बन्द गर्ने गरी यसको प्रयोग नगरोस्।

### ७. लेखनको समयसीमा

एउटा लघुकथा कति समयभित्र तयार गर्ने ? यो कुरा पनि विचारणीय छ। यसको कुनै समयसीमा त छैन। दशपन्ध्र मिनेटमै या त्यसभन्दा कम समयमै पनि जीवन्त लघुकथा लेखिन सक्छ भने लामो समय पनि लाग्न सक्छ। यसमा कुनै नियम बन्दैन। प्रतिभा र स्फुरणमा कुनै समयसीमाको बन्देज लगाउन पनि हुँदैन। कुनै वेला विषय र घटनाले कथाकार यसरी छोइन्छ कि ऊ तत्काल लेखनमा पोखिन्छ र एकै लेखनमा पनि त्यो उत्कृष्ट र कालजयी बन्न सक्छ। तर सधैँ यस्तो हुन्न। यसैले सामान्यतया विषय र घटना सूत्र प्राप्त गरेपश्चात् लेखनमा हतार नगर्नु नै राम्रो हुन्छ। विषय र घटना आरेख बिर्सिन सकिने हुँदा त्यसलाई टिपोट गरेर राखौँ अनि त्यो विषयलाई कसरी प्रस्तुत गर्दा राम्रो लघुकथा बन्ला भनी समय लगाएरै सोचौँ। भाषा र प्रस्तुति शैली बारे पनि गमौँ। जतिबेला त्यो विषय र घटनालाई लघुकथामा न्याय गर्न सकिन्छ त्यतिवेला नै लेखौँ। लेख्न लाग्दा यो कुरा नबिर्सौँ- 'सामान्य दैनन्दिन घटना वृत्तान्त होइन लघुकथा, यो त साहित्य हो र साहित्यमा साहित्यिक गुण आवश्यक पर्छ।' लेखेपछि पनि प्रकाशनमा हतार नगरौँ। पटक पटक फर्किएर हेरौँ, आवश्यक परे बारम्बार परिमार्जन गरौँ। प्रकाशन भइसकेपछि सिर्जना लेखकबाट चुँडिन्छ। त्यसपछि लेखकको प्रस्टीकरण,

तर्कवितर्क आदिले कुनै काम गर्दैन । यसैले लघुकथामा जे गर्नु छ त्यो प्रकाशन अघि नै गरौं । यी कुराहरूमा सामान्य रूपले ध्यान दिन सक्दा लघुकथामा स्तरीयता बढ्न सक्छ । लघुकथामा स्तरीयताको वृद्धि मानक हो ।

**८. अन्त्यमा**

लघुकथाको आकार, प्रकार, महत्त्व आदि जाँच्ने आधिकारिक स्तर, मापदण्ड वा रूप नै लघुकथाको मानक धर्को हो । यो धर्को यही नै हो भनेर मूर्त अनि समष्टि रूपमा कसैले कोरेको भेटिँदैन । अमूर्त अनि व्यष्टि रूपमा त यसबारे धेरैले बोलेका छन् ।

आकारगत लघुता र स्वतस्फूर्तता लघुकथाका खास विशेषता हुन् भने प्रतीकात्मकता यसको प्राण तत्त्व हो । यति भएर पनि लघुकथाभित्र व्यङ्ग्य तत्त्वको समाविष्टि भएमा सुनमा सुगन्ध जस्तो चामत्कारिक वैशिष्ट्यको प्रविष्टि हुन गई सो रचना कालजयी अनि मानक हुन पुग्छ ।

